**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

२०७७/०२/२३

छैटौं अधिवेशन

(दशौंबैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको दशौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय **तारा लामा तामाङ्ग** लाई समय दिन्छु ।

माननीय सभामुख महोदय, यो हाम्रो सुदुरपश्चिम प्रदेश सरकारले आर्थिक बर्ष ०७७/७८ को लागि आफ्नो नीति तथा कार्यक्रम प्रदेश प्रमुखज्यु बाट बाचन गरियको छ यो वाचन संस्कार यो कार्यक्रमको सन्दर्भमा हाम्रा सुदुरपश्चिम जनताहरुले के सोचेको छ कार्यक्रम कसरि लागु गर्ला यो कार्यक्रमले हामि सुदुरपशिचम वासिहरुलाइ कहा पुर्याउने हो र यो कार्यक्रमले हाम्रो जीबनस्तर दैनिकि कार्यक्रम र यो कोभिड-१९ यो कोरोना भाइरसले पराजित गर्न हामि सुदुरपश्चिम वासिहरुलाइ यले राहत देला यसबाट वरिन्ट गर्ने काम कसरि गर्ला भन्ने जनताले चासो गरिराखेको थियो र त्यो कार्यक्रमले कस्तो भनेर राख्ने कुरो हामि जनताको प्रतिनिधिको हैसियतले राख्ने हो र कुरो राख्दा मानीय सभामुख महोदय यो भन्दा अगाडि जति पनि माननीय ले आफ्नो मत आफ्नो कुराहरु राखियो सरकारलाइ धेरै सुझाव दियको थियो तर अहिले कार्यक्रम आउदा कञ्चनपुर देखि बाजुरासम्म र डोटि देखि दार्चुलासम्म सबै ठाउका जनता आशाले हेरिराखेको र गरिराखेको कुरा आयको छ र उहाहरु आसाको केन्द्र अब प्रदेश सरकार हो भन्नो कुरा आयको हुनाले म माननीय सभामुख महोदय मार्फत यो कार्यक्रम ल्यायको मा प्रदेश सरकारलाइ माननीय सभामुख महोदय मार्फत धन्यवाद दिन चाहान्छु र यो कार्यक्रम आइरहदा हाम्रो अलिकति पुरानै ढर्रामा गर्यो कि पुरानैमा गर्यो कि अब देश संघीयतामा गै सक्यो घरघरमा सिँहदरबार अर्थात गाउगाउमा सिँहदरबार अर्थात जनताले आफै निर्णय गर्ने जन प्रतिनिधि चुनिराखेको मा अब हामिले भेदभाव कुराहरुलाइ पार्दर्शि रुपले ल्याउनुपर्छ र पारदर्शि रुपले ल्याउने प्रयत्न गर्नुपर्छ किनभने हामि जनताको प्रतिनिधि हौ हामि जनप्रतिनिधि भएको कारणले अब कोहि सांसद होला कोहो मन्त्री होलान हामि जनताको आवाज जनताको गर्ने भएको कारणले अब को नीति कार्यक्रम ले हेर्दा यसमा समिक्षा पनि भएको छ गत आब को समिक्षा भएको छ अर्थात ०७६/७७ को समिक्षा भएको छ आगामि कार्यक्रमा केके गर्न सकिन्छ भनेर मोडेल गर्या छ त्यो गर्दा समिक्षा को मोडेल चाहि अलि चेन्ज गर्न पर्च कि जस्तो लाग्या छ मलाइ र त्यो मोडेल चेन्ज गर्दा हाम्रो चलन चल्ति भाषामा तिन महल बनाउने अर्थात हामीले यो यो कार्यक्रम पेश गरेका थियो यो यो कार्यक्रम सफल भयो यो कार्यक्रम यति

समपन्न भयो कार्यक्रम अनगोइन छ यो कार्यक्रम यो यो कारनले बन्न सकेन यो सरकारकै तर्फबाट दिने हो भने त्यो जनता प्रति उत्तरदायि हुन्छ जस्तो लाग्छ यदि त्यस्तो गरियो भने सरकारले जनता गर्न सकिन्छ जति हाम्रो स्रोत साधनले भ्याउन सकिन्छ जति हाम्रो जनशक्तिले भ्याउन सकिन्छ त्यो कामहरु गर्ने सकिन्छ जस्तो यो भन्दा अगाडि २ या योभन्दा अगाडि को नीति कार्यक्रममा पनि हामीले धेरै राम्रो कामहरु ल्यायौ तर त्यो चाहेर पनि गर्न सकियन र त्यो नसक्नुको कारणले भने पछि यात त्यो कामलाइ कन्टिन्यु गर्ने भन्छौ यात त्यो कामलाइ फेरि गर्नै भन्छौ यो यो कारणले यसमा सबै आउछन यात बिपक्षको कारणले यात आर्थिकको कारणले यात सांसद कारणले यात जनशक्तिको कारणले यात आर्थिक कारणले भन्ने त्यो आयो भने प्रष्ट हुन्छ । अब देखि त्यो मोडेलमा ल्याउनुपर्छ जस्तो लाग्छ त्यसकारणले हामिले अब त्यो मोडेलमा जानु पर्छ यो आर्थिक बर्ष का लागि बनायका नीति कार्यक्रम पनि धेरै राम्रो थियो बिबिध कारणले सकियन हो नीति कार्यक्रम हामीले ल्यायर सरकार हो कहिले काहि संकट आइपर्छ यो आर्थिक बर्षमा हामिलाइ कोभिड को सि पनि हामीलाइ थाहा थियन कोभिडको सि पनि हामीलाइ थाहा थियन गत आब मा ०७६ ७७ को नीति कार्यक्रम प्रस्तुत गर्दा सि पनि थाहा थियन अहिले हामिलाइ भयाभह बनायको छ यसले अबको नीति कार्यक्रम त्यसतिर केन्द्रित नै हुनुपर्छ र सरकारले त्याता तिर ध्यान दियको हामि देख्छौ र सभामुख महोदय यो कार्यक्रम यलाइ हामीले कसरि कार्यान्वयन गर्ने सरकारले सोचिराखेको होला सरकारले सबै तह र तप्कालाइ यसमा जोड्नुपर्छ र सरकारले आफुले मात्रै गर्छु भनेर सोच पक्कै छेन त्यकारणले यो कार्यक्रमलाइ हामीले यसको कार्यान्वयनको पाटोलाइ अझ बलियो बनाउनुपर्छ यसमा पक्ष क बिपक्ष सबैले राम्रो भनेको छ केबल प्रश्न उठेको छ यत माननीय सभामुख महोदय कार्यान्वयनमा प्रश्न उठेको छ यसमा लाग्नुपर्छ केहि माननिय ज्युहरुको यहा अभिब्यक्ति भैरहदा होइन यो सत्ता पक्षको अलि यक्कासि परिबर्तन भयो भन्ने खालको आयो बाहिर पनि सुने माननीय सभामुख महोदय हामी सबै जनप्रतिनिधि भएको कारणले सयममा जे बोल्नुपर्ने हो त्यो बोल्छन र जुन समयमा जे गर्नु पर्ने हो त्यो गर्छन र अहिले यो नीतितथा कार्यक्रम आउदा यसको अध्ययन गर्दा यो राम्रो भएको कारणले सबैले राम्रो भनेको छ हुनसक्छ भोलि यहिकार्यक्रम अनुसारको नजेट आउन सकियन भने फेरि सांसदहरुको ईगित गर्न सक्छ तर त्यसको मतलब जनताको तर्फबाट निर्वाचित भएको सांसदहरुले यहि कार्यक्रमको सन्दर्भमा बोल्दा खेरि निरधक्क भएर बोल्छन । त्यसमा कसैले पनि कुनै तरिकाको नसोच्न पनि म आग्रह गर्छु र अर्को यो नीति तथा कार्यक्रममा आयका धेरै कुराहरु राम्रो छन त्यसमा केहि अप्रष्ट जस्ता छन भने त्यसलाइ अझ प्रष्ट्याउनुपर्छ माननीय सांसदहरुले कुनै कुरा यहा राम्रो आयको छ भने यलाइ पनि समेटेर हामीले नीति कार्यक्रममा गर्नपर्च हामी समेट्छौ पनि र त्यसतर्फ हामी अगाडि बढ्नै पर्छ मैले बोलिरहदा धेरै माननीय ज्युहरुले यसको राम्रो पक्ष र केहि छुटेका पक्षहरुमा आवाज आयको छ र यहा मैले भनिरहादा केहि कुराहरु दोहोरियको जस्तो देखिन्छ त्यो यउटै लाइनमा लेक्दा पनि हुनिथियो त्यो अब त्यसरि संयोजन गर्नुहुने छ त्यसरि केहि कुराहरु हामीले गर्ने कि स्थानिय तहले गर्ने यो अलि अन्योल हरु छ जस्तो उदाहरणको लागि हुन सक्छ त्यहा अलि शब्द अपुग पनि हुन सक्छ हामीले

केहि कुराहरु स्थानिय अथवा केन्द्र सरकारसँग समन्वय गरेर गर्ने कुराहरु हुन्छन स्थानिय तहले गर्ने कुराहरु छ भने उसँग समन्वय गरेर गर्ने  पर्ने हुन्छ राज्यको दायित्व स्थानिय तहको दायित्व के छ उले नै गर्नुपर्च तर स्थानिय तहले गर्न नसक्ने स्थिति आयो भने उले केन्द्र र प्रदेश सँग समन्बय गरेर गर्नुपर्छ हामीले पनि बिधानमा जति अधिकार प्राप्त भएको छ त्यहि अनुसार गर्नु पर्छ जस्तो एउटा राम्रो कार्यक्रम छ त्यो स्थानिय तहले गर्नु पर्ने जस्तो लाग्छ मलाइ केहि कुराहरु जस्तो जेष्ठ नागरिकहरुको मनलाइ राख्ने मनोरञ्जन गर्ने त्यसमा आश्रमहरु बनाउने त्यसमा स्थानिय तहले किनभने त्यसमा आधा आवश्यकताका कुराहरु स्थानिय सरकारले नै गर्ने हो र यसमा प्रदेश सरकारले र यस्ता कुराहरु मा अलिकति हामीले सोच बिचार गरेर गर्ने पर्छ जस्तो हामीले जेष्ठ नागरिक बिश्रमा स्थल तथा निर्माण गरिने छ भन्या छ यो स्थानिय तह भित्रको अधिकार भएकाले उलाइ यो गर्न प्रोत्साहित गर्नुपर्छ हामिले र अरु कुराहरु पनि केहि त्यसता कुराहरु छन जस्तो स्वास्थ्य शिविर भनेर चलाउने भनेर पनि आयका छन त्यसैमा अरुकुराहरु पनि स्वास्थ्य चौकिसँग जोडेर राख्दाखेरि यो अलि ठुलोहुनबाट जोगिन्थ्यो कि खालि मेरो सुझाब मात्रै हो त्यसै गरि हामीले यसपालि स्थानिय तह प्रदेश र केन्द्रको अघि शुरु देखि उठिराखेको तर हामीले त्यसमा ध्यान नदियको समस्या आयपछि मात्र हामीलाइ थाहा हुने त्यो ८८ पालिकामा हामीले गत आब मा पनि शुपथ बजार खोल्ने भनेर ल्याको थियो बिबिध कारणवस त्यो कार्यान्वयन हुन कठिनाइ भयो ढिला भयो यो बर्ष पनि राखेको छ यो राख्दा खेरि यलाइ कि त्यो भएको भए अहिले हामीलाइ राहत बितरण गर्दा त्यहि पसल मार्फत राहत बितरण गर्दा सजिलो हुन्त्यो अहिले तपाइ त्यहि पसल मार्फत किनौ महँगो छ नकिनौ नपाउला भन्ने चिन्ता छ मास्क पनि मान्छे लगिराखेको छ ५ रुपियामा पाउने मास्क २० रुपिया ३० रुपिया हाम्रो उत्तरदायि के हो भन्ने भुलिराख्या छौ । यदि कसैले त्यस्तो गरिराख्या छ भने सम्बन्धित निकायामा शुचना गर्नु तर आपतको बेला मान्छैलाइ त्यो यादै नहुदो रहेछ त्यसलै यो शुलुभ पसल सञ्चालन गर्न आवश्यक त देखायो त्यसकारणले सरकारले ल्याको छ तर यलाइ ल्याउदा खेरि ८८ पालिकामा नै माहि यति महिना भित्र यति बर्ष भित्र ल्याउछौ भन्ने कमिट ल्याउदा राम्रो हुन्त्यो र पहिलो चरणमा हामी राजधानि भएको धनगढि र यसको आसपास र प्रत्येक जिल्लामा एउटाएउटा गरिने छ र यसको लागि हामी स्थानिय तह स्थानिय संघसंस्थाहरु सरकार मिलेर शुपथ मुल्य पसल सहकारि मोडेलमा किनभने जापानमा यसको सहकारि पसल हरु एकदम सफल छ बिस्तारै बिस्तारै उ आफनो खुट्टमा टेकेर त्या सरकारको सेयर फिर्ता लिने यस्ता कुराहरु हामीले धेरै गर्न सक्थ्यौ यस्ता कुराहरुलाइ हामीले मुर्त रुप दिने मुक्त रुपले आउनु पर्यो हामी यो आब मा यति गरिसक्छौ पहाड का उत्पादन हामी यहा धनगढिको उपभोक्ता सहकारिमा ल्याउने बेच्ने तराइका मार्फत पहाडको सहकारि पसल मार्फत बिक्रिबितरण गर्ने यले गर्दा बिक्रि बितरण राम्रो लाग्छ र शुरुकै बर्षमा मलाइ राम्रो कार्यक्रमा लागेको हाम्रो सराकरले ल्यायको बर्षमा सार्बजनिक बस सञ्चालन गर्ने ल्यायो तर के कारणले सकेन भन्ने कुरो आउन सकेको छैन तर त्यो कार्यक्रमको बारेमा धेरै माननीय ज्युहरु बोल्नु भयो तर त्यसको अति अपरिहार्यछ भन्ने त देखायो नित यो  कोरोनाबाट प्रताडित भएर अथवा ईन्डियाबाट त्रसित भएर

रोजगारमा गयका  हाम्रो दाजुभाइ दिदिबहिनिहरु फर्किदा बोर्डरमाहाम्रो आफ्नो भाको भए अहिले हामिले सञ्चालन गर्‍यौ नित भोलि केहि प्राइभेटले बन्द गर्देलान हाम्रो सरकारको भएको भए सकिन्थ्यो नि त अहिले हाम्रा पेट्रोल पम्प हरु सरकारको नभएकोले अर्थात साझाको नभएकोले जे निजि क्षेत्रले गरेको त्यहि गरेको छ छ ट्याङ्करले एकदिन बन्द गर्दियो पेट्रोलको हाहाकार हुने फन्धनको हाहाकार हुने त्यसकारणले यस्ता चिज  बनाउनु पर्छ घाटामा चल्छ कि नाफा चल्छ राम्रो सँग चलाउने सरकारले न्युनतम आधारभुत कुराहरु गर्नु पर्छ यसमा कसरि चलाउने सल्लाह दिउ चल्नुपर्व नै यसलाइ हमिले क्रिटिसाइज गर्ने अथवा गर्नुपर्ने कुरा हो प्रत्यक्ष सरकारले नै चलाउनुपर्छ भन्ने सकारको पनि मनशाय होइन होला यो सार्बजनिक कुराहरु आयको छ यसमा राम्रो छ र अर्को यो कार्यक्रम गरिरहादा हमिले धेरै कुराहरु यसमा भएता पनि केहि कुराहरु हामिले यसमा राख्न भुल्या हो कि अथवा कहिले काहि धेरै माया गरेर हुन्छ जसतो हामिले आफनै घरमा कहिले काहि  हुन्छ भने छरछिमेकलाइ केहि कुरा बाडिरहदा आफ्नो घरमा बुवा आमा अथबा आमालाइ केहि कुरा दिन हामि भुलिराखेका हुन्छौ उहाको स्वास्थ्यको बारेमा सोध्न हामि भुलिराखेका हुन्छौ कि आफ्नै छोराछोरिको बारेमाहामिले भुलि राखेका हुन्छौ यो नीति कार्यक्रम मैले सबै हेरे त्यो भुले होला जस्तो प्रदेश सभाको बारेमा त्यति बोलेको मैले देखेन यो प्रदेश सभालाइ कसरि व्यवस्थित गर्ने प्रदेश सभालाइ कसरि सुबिधा सम्पन्न प्रबिधि मैत्रि  बनाउने सांसद समय अनुकुलको चल्न चालन लाइ कसरि बनाउने अनि यो भित्र रहेका कर्माचारि ला कसरि अझ दक्ष बनाउने उहाहरुको सुबिधाको बारेमा अनि हाम्रा समितिहरु आफै पनि दलको सदस्य को हुनाले संसदिय दलका कार्यालयहरुलाइ ब्यवस्था गर्ने जति यो ब्यवस्था भयो त्यति सरकार राम्रो हुन्छ जननि यो हो नित मैले यो हुन सक्छ अलिकति मेरो दृष्टि त्यहा नपुगेको हुनसक्छ मैले अलि के को हो कि जस्तो  लाग्छ मलाइ त्यो गलत मनसायले होइन कि कहिले काहि गर्छु जस्तो लाग्छ तर यसमा आउनुपर्थ्यो यो आउछ होला जस्तो लाग्छ र यो सभाको सचिवालयलाइ हामिले कर्मचारि क्षमता अभिबृदि गर्ने देखि लियर यस्ता कुराहरु लाइ गर्ने कुराहरु र यहि नीति तथा कार्यक्रममा म माननीय सभामुख महोदय मार्फत म सरकारलाइ के सुझाब दिन चाहान्छु भने तपाइ एउटा युनिट बनाउनुहोस बनाउदा हुन्छ होला जस्तो लाग्छ यो नीतितथा कार्यक्रम कति कार्यान्वयन भयो मुख्यमन्त्री ले पनि त्यो अप टु डेट हेर्ने गरि भएन भने किन भएन समय समय मा समिक्षा गर्ने अनि भयो भने कति भयो त्यलाइ अझ राम्रो गर्न के गर्न सकिन्छ यसको युनिट खडा गर्न परो यसको कार्यक्रममा अर्को एउटा यो कार्यक्रममा आउला बजेटमा आउला यो के देखिन्छ भने हाम्रो प्रदेश सरकारले गरेका कामहरुको बाहिर प्रचार नहुनुक कमजोरि हमिले देखेका छौ बाहिर सुनिन्छ जनताले भनेको छ धेरै कामहरु गरेका छन माननीय ज्युहरुले यहा राखिसक्नु भएको छ अहिले सबैको तार्गेट प्रदेश सरकार भएको छ एउटा मुख्यमन्त्री केहि कुरा कमिटमेन्ट गर्नुभयो राजनीतिक रुपले केहि कुरा गर्नु भयो भने गर्ने एउटा ईकाइ चाहि हुनै पर्यो कसरि गर्नि गराउने सरकारले बोलेका कुराहरुलाइ कसरी गर्ने, गराउने जस्तो अपवाउनु पर्यो केहि कुराहरु गर्नै पर्यो त्यसको युनिट हुनै पर्यो नत्र भने सरकारले एउटा बोल्ने प्रशासनले अर्को बुज्नि भाको हुनाले यस्तो कुराहरु

गर्नुप्रयो अर्को यो मञ्चमा उठेको सरकारले नगर्ने भन्नेको होइन द्वारिकादेबि ठकुराठि कार्यक्रम जस्तो बयलफाटा सामुदायिक अस्पताल छ अछामको त्यलाइ नमुनाको रुपमा सरकारले लियकै होला त्यसलाइ केहि आवशिय बिद्यालयहरु त्यसतै आवाशिय बिद्यालयहरु जुन गुठिमा चल्ने हो यलाइ कसरि गर्ने हाम्रो प्रदेश सरकारले ध्यान दिइराखेकै होला र अर्को मैलै फेरि पनि भने जुन सांसद संसस्थाहरु न सामाजिक संघस्थाहरु छन जसले बिकटमा परेको ब्यक्ति राखेको छ जसले अप्ठ्यारोमा परेको महिला दिदिबहिनिहरुलाइ आश्रय दियर टेवा गरेकोछ जसले बृदाआश्रम चलायको छ त्यो सँग पनि समन्यव गरेर हमि अगाडि बढ्छौ है आउनुपर्छ र अर्को यसको राम्रो पक्ष भनेको जुन सरकारले नक्सा हाम्रो नक्सा असलि नक्सा अहिले सरकारले प्रकाशित गरेको छ यसमा दृढ संकल्प हामिले स्थापित गरेका छौ र सरकारले पनि यसलाइ बिशेस प्राथमिकताका साथ कार्यक्रम गर्ने भेनेको छ र तोकेर कैलालि कञ्चनपुरमा धेरै सिमा बिबादहरु छ त्यलाइ पनि तोकेरै खास गरि बियोक्ति हरु सहस्त्र प्रहरिलाइ ब्यवस्थित गर्नमा हाम्रो मार्फत छैन तर पनि हमिले व्यवस्थापन गर्नुपर्छ त्यसमा पनि सरकारको ध्यानाकर्षण होस नीति कार्यक्रम मा स्पष्ट नभएको भन्ने त्यो सुनिन आयको कारणले म प्रदेश सभाको माननीय सभामुख महोदय मार्फत प्रदेश सरकारलाइ सुझाब हरु राख्दै समग्रमा यो प्रदेश ल्याको योनीति कार्यक्रम राम्रो छ यलाइ हामि सबैले पक्ष बिपक्ष नभनिकन केरे यसको पक्षमा हामि उभिउ र कार्यान्वयनको पक्षमा हामि रुपमा सरकारलाइ सहयोग गरौ भन्ने बिचार राख्दै बिदा हुन्छु ह्स्त धन्यबाद

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, हाम्रो सुदुरपश्चिम सरकारले आब २०७/०७८ को बार्षिक नीति तथा कार्यक्रम ल्याएको छ । चालु आ.व.मा भएका काम कारबाहिको बारेमा पनि यसैमा ल्यायको छ । झण्डैझण्डै ३८ वटा बुदाहरुमा तर यथार्थ परक समिक्षा नपायको मैले जानकारी गराउन चाहान्छु तथ्य परक समिक्षा गर्दा राम्रो हुन्थ्यो यो आ.व.मा भएका गरेका बिकास निर्माणका कार्यहरुको गरेको छ यशो हेर्दा सुदुरपश्चिम वासिहरु त्यसै उत्साहित मैले पायको छु माननीय सभामुख महोदय प्रदेश सरकारले गरेका उपलब्धि स्थानीय तहसँग साझेदार अलि औचित्य माथि ठाडो प्रश्न उठेको पनि मैले बिभिन्न माध्यमबाट सुनेको छु माननीय सभामुख महोदय प्रदेश सरकारले बजेट तथा कार्यक्रम पारित गर्यो प्रष्ट रुपले आयको छैन अस्पष्ट छ चैत्र ११ भन्दा अगाडि थुप्रो महिनाहरु थियो माननीय सभामुख महोदय सरकार नितान्त रुपमा जनताको आशा उत्साह उठाउने गरि बढेको देखियको छैन अधिकांश मन्त्रालायहरु गम्भिर भएर काम कारबाहि अगाडि बढेको मैले देखेको छेन केहि गरेका होलान तत्पश्चात काम कारबाहि र तालिका अनुसार काम गरेको पाइयको छेन बरु उल्टै अलि आर्थिक अनिमियता र भ्रष्टाचार भएको सुनियको छ सरकारले प्रदेश सरकार भए नभएको अनुभूति गर्न निकै प्रश्न उठेका छन माननीय सभामुख महोदय मैलै झण्डै झण्डै ३ वटा आर्थिक बर्षका ०७४|०७५ देखि लिएर अहिले सम्मका गर्ने मौका पायको छु । त्यसैले सरसर्ति भन्नु भन्दा पनि मैले यहा जोडेको छु । केहि प्रतिनिधि मुलक

कुराहरु मैले यहा राखेको छु माननीय सभामुख महोदय कोभिड १९ ले गर्दा सम्पुर्ण बिश्व देश र सुदुरपश्चिम प्रदेश चपेटामा परेको छ स्थितित हेर्दा बिस्तारै बिस्तारै काबु भन्दा बाहिर जान्छ कि भन्ने ठानेको छु सरकारी मा रहेको पुर्णता अस्थिर तिर भएको मैले पाइसकेको छु सभामुख महोदय नीति तथा कार्यक्रम प्रदेशको कोभिड १९ को खासै समस्या छैन कि भने जस्तो नीतितथा कार्यक्रममा पाय खासै त्यसतो प्रभाव छैन कि भने जस्तो नीतितथा कार्यक्रममा आयको मैले पाय त्तपश्चात पनि केहि कुरा त आयका छन अब फर्कि हेर्दा २०७६ कानुन निर्माण बर्षको रुपमा लियको मैले पाय तसर्थ यो बर्ष तर काम कारबाहि हेर्दा झन निराश हुनुपर्ने परिस्थिति आयो माननीय सभामुख महोदय गत चैत्र ११ पश्चात कोभिड १९ को कारण संघिय सरकारले लकडाउन गर्यो प्रदेश सरकारले त्यहि अनुसार पालना गर्यो हामि सबैले मान्यौ अब यो पनि एक किसिमले एउटा प्रदेश सरकार मात्र होइन सम्पुर्ण नेपाल नै एउटा चुनौतिको रुपमा आयको छ तर यो सरकारले यो मौका को रुपमा लियो कि राम्रो मौकाक रुपमा लियो कि यो बुज्न जरुरि छ माननीय सभामुख महोदय मैले यो अध्ययन गर्ने क्रममा यो प्रतिनिधि बुदा न. ४३ सम्म करिब करिब अहिलेकै नीति तथा कार्यक्रममा सक्षम जुन समिक्षाहरु पाय धेरै बिगतका आब हरुको सिकाईलाइ यसरि फड्को गरियो भन्न सकेको मैले पायन कस्ता कस्ता चुनौतिसँग जुध्न प्रयास गरेको हो यले भएन र बजेट कार्यान्वयन पक्ष साह्रै निरमामयम भएको मैले पाय माननीय सभामुख महोदय के छ भन्दा योजना नभएको सकरारले कोभिड १९ सँग जुध्ने कुरा भएको सन्द्रभमा ब्यवस्थापन निर्देशिका कोष २०७६ ल्याको देखियो कोरोना कोष २०७६ पनि ल्यायको देखियो यो राम्रो पक्ष हो तर यसमा पनि एउटा के देखियो भन्दा खेरि सिङ्गो सदन के चाहि प्रदेश व्यवस्थापिकालाइ जुन हिसाबले भुमिका दिनुपर्ने काम गर्नु पर्ने कार्यान्वयन गर्ने कुरामा खासै सरकारले ध्यान दियको पाइयन अब यहि सन्दर्भमा कृसि शिक्षा स्वास्थ्य सुधारका कार्यक्रमहरु स्वयमसेवक अहिले म डिटेल भन्न चाहादिन बिशेस गरि मुख्यमन्त्री कार्यालयका स्वयमसेवकहरुयकिकृत बस्ति पुर्बाधार का कुराहरु याबत बाटोघाटोका कुराहरुमा खासै योजनाहरु कार्यान्वयन भएको मैले देखेको छैन एउटा अर्को कुरा यहि सन्दर्भमा डल्लो बजेट प्रचलन डल्लो बजेट बनाउदा नीति र प्रचलन यो गर्न खोजेको कारण सायद कार्यान्वयनमा जे हुन गयको पनि हामिले बारम्वार यो प्रतिनिधि सभामा गरिमामय सदनमा भन्दै गरेका हौ माननीय सभामुख महोदय केहि प्रतिनिधिमुलक पेज न. ७ बुदा न. ३६ मा नागरिकहरुको आवत जावत को सन्दर्भमा ७ वटा झोलुङ्गे पुलहरुको सन्दर्भ जोडेको छ यहा तर आ.ब ०७४|०७५ को बुदा न आगामि तिन वर्ष भित्र पुर्ण रुपमा बिस्तापित गर्ने पनि मैले यहि सरकारले प्रस्तावमा मैले भेटाय यकातिर पुलको पनि झोलुङ्गे पुलको कुरा गर्ने तर यो भन्दा धेरै अगाडि का बर्षमा बिस्थापनित गरेका कुराहरु पनि मैले पाय पेज न. ७ बुदा न. ३७ मा बिशेस गरि बाढि कालो पत्रे बनायको कुराहरु छ तर प्रष्ट रुपले यति किलोमिटर कालोपत्रे यति कि.मि ग्राभेल भन्नु पर्थ्यो केबल यत गर्दै छौ गर्नेछौ भन्ने मात्र छ सबै डिटेल चाहिने च माननीय सभामुख महोदय यसै गरि बुदा न. ४१ देखि लियर बनको दिगो बिकास जुन जोडेको छ यो सरकार आयको शुरुको देखि नै मैले देखेको छु अहिले बन ब्यवस्थापनमा केहि राम्रो गर्न खोजेतापनि हामिले यो

क्षेत्रमा मातिय क्षेत्रको हमला भएको मैले प्राप्त गरे लामि अध्ययन पश्चात यो जति पनि दिगो बन बिकासको सन्दर्भमा जति पनि बैज्ञानिक बनको नाम होस साझेदारि बनको नाम होस यावत कुराहरुमा बहुतै गम्भिर त्रुटिहरु भएको छ जसले गर्दा दोहन भएको छ यल्ले गर्दा तल्लो तटियमा ठुलो प्रभाव परेको छ यो अन्तराष्ट्रिय मै असभ्य नेपाललाइ टर्च गरेको छ माननीय सभामुख महोदय यि कुराहरु मैले बारम्वार भन्न चाहादैन अर्को बुदा न. यसमा छ जडिबुटिको सन्दर्भमा २०७४|०७५ देखि म सुन्दै आयको छु यो जो पेज न ८१ मा चालु आ.ब बाट चालु गर्ने भनियको आउदो आ.ब ०७७|०७८ मा पनि गरियको छ अब हुदाहुदा मैले यहा गरेको मैले देखे अब यो के हो मैले बुज्न सकेको छैन माननीय सभामुख महोदय यो के चाहि माननीय ज्युहरु पढ्दै नपढ्ने बिगतमा गरेका कुराहरु हेर्दै नहेर्नै भन्ने ठानेको हो कि यो सरकारले मैले बुज्न सकेको छैन माननीय सभामुख महोदय गम्भिर प्रश्न हरु छन आ.ब ०७५|०७६ मा यो एउटा औद्यौगिक ग्राम स्थापना गर्ने भनियको छ त्यो बिशेस गरि डोटिमा डडेल्धुरामा भनेको छ बाजुरामा भनेको छ बजेट पनि बिनियोजन गरेको छ देशैभर कहासम्म पुग्यो त यो कोले अनुगमन गर्ने हो कोले मुल्याङ्कन गर्ने हो अथवा लेखेर हुने गर्दै जाने बालुवा पानि चलाय जस्तै हो कि आ.ब ०७५|०७६ को बुदा न. ४८ मैले राखेको छु प्रत्येक स्थानिय तहमा २५ शैयाको अस्पताल स्थापना र सञ्चालन गरिने छ भनेर त्यो पैसा पनि छुट्यायको देख्या छि अब अहिले अब आयर ०७७|०७८ मा पनि त्यहि कुरा छ अब के हो त त्यो ०७४|०७५ मा के गरियो ०७५|०७६ मा के गरियो फेरि पनि त्यहि कुरा दोहोर्याउने हो भने वास्तवमा त्यहि कुराहरु दोहोर्याउने कुराहरु माननीय सभामुख महोदय अहिले त्यो अवस्था भएको भए सायद यो कोभिड १९ मा ठुलो सहयोग पुग्थ्यो कि सोहि प्रयोजनममा आर्थिक प्रयोजनमा बुदा न. उच्चस्तरिय शिक्षा तथा बिज्ञान विश्व बिद्यालय हरु सञ्चालन गर्ने कुराहरु ०७४ मै कुरा भएको थोयो आज त्यो हरायर कृषि बिद्यालय आयको छ यकातिर त्यो गर्दै जाने अर्को बिषय ल्यार आउने त्यो के हो अति नै गम्भिर प्रस्न सोचे मैले आफुलाइ गम्भिर प्रश्न राखे सोहि आ.ब को बुदा न ३७ मा बाजो जग्गाको कुराहरु अति गम्भिर हिसाबले आयको देखे बहुर खुसि लागेको थियो उतिबेला अहिले आयको भए सायद धेरै रोजगारिहरु त्यहाबाट बिचार र पढ्ने लगायत यावत कुरारहरु गर्न सकिन्थ्यो थियन ग्रामीन क्षेत्रमा यकिकृत बिकास गरिने कुराहरु थियो अहिले आयर यो ०७४ कै कुरा हो माननीय सभामुख महोदय सोहि आ.ब मा क्रिकेट मैदान निर्मानको कुरा गरियको छ त्यसको लगतै ०७५|०७६ मा ५ करोड छुट्यार ५ करोड भनियको पनि थियो आज कहा छ बनिसक्या छ कि माननीय सभामुख महोदय मलाइ थाहा छैन बनेको छ जस्तो लागदैन मलाइ सोहि अवधिमा मा बुदा न ६३, ६४ मा भारत जाने युवाहरुको सन्दर्भमा बहुत गम्भिर रुपले उठायको मैले देखे सभामुख महोदय बबहुतै सुजबुझका साथ युवा रोजगार सद्भाव प्रदेश समृदिको आधार भनेर राखेको थियो सिपका कुराहरु थिय बिमाका कुराहरु थिय यावत कुरारहरु जो यो चाहि ०७४|०७५ कै कुरा रहेछ त्यो कार्यक्रममा आज सायद भए कति कुरा अगाडी बढ्थ्यो र कति सहयोग हुन्त्यो होला जस्तो लाग्छ मलाइ माननीय सभामुख महोदय आ.ब ०७५ |०७६ को प्रतिनिधिकुराहरुमा म यहा केहि भन्न चाहान्छु सुपथ मुल्यपसलको कुरा त

आईसक्योझण्डै झण्डै १७६ वटा पालिकामा त्यसको पागि पैसा ७० करोड ६० लाख छुट्याइयको रहेछ आज त्यो पैसा कहा छ कति बने आज कति काम लाग्थयो पुर्बबक्ताले पनि यहि माननीय सभामुख महोदय पेज न. २२ बुदा न. १३३ मा प्रत्येक प्रदेशको खरिदको कुरा हरु गरियको छ भण्डारणको कुराहरु गरियको छ यो ०७६ आ.ब को कुरा गर्दै छु माननीय सभामुख महोदय यहा कुराहरु गरियको छ प्रदेश खाद्यसंस्थानको सन्दर्भमा त्यसमा झण्डै ५० करोड रुपिया छुट्याइयको छ माननीय सभामुख महोदय आज कहा छ सायद मेरो आँखा पुगेन कि मैले देखेन कि अरुले पेज न. २३ को त्यै प्रतिनिधि को ०७६ को मैले बुदा न . १३६ मा बस सेवा सञ्चालनलाइ २० करोड रुपिया छुट्याइयको थियो अहिलेको आउदो लाइ पनि दिने भन्दै छ भन्दाखेरि एउटा किनेर सञ्चालन गर्नको लागि यो समय मलाइ थाहा छैन माननीय मुख्यमन्त्री यहि हुनुहुन्छ माननीय सभामुख महोदय यहि बहुतै गम्भिर कुराहरु रहेका छन राम्रो हो भने गर्ने नभए हटाइदिने प्रदेश जलबिद्युतको को गठनको कुरामा १० करोड छुट्याइयको थियो आज कहा छ त्यो जल उद्योग आज २३ बुदा न १४१ मा खसड बहिरगं बाहिरि आउटडोर रिगंरोडमा झण्डै ५ करोड रुपिया छुट्याइयको थियोसन्दर्भमा कहा पुगेको छ आज चाहि त्यहा बिभिद कुराहरु गरियको त्यसैले यि कुराहरु छन पेज न. २७ बुदा न. १६ मा हेर्नुस त स्वारोजगार बिकास कोषमा एक अरब छुट्यायको थियो कहा छ केके भाछ कति रोजगार भए प्रमाण पत्रको आधारमा दिने कुराहरु यो कहा छ के छ थाहा छैन पत्ता लगाउनुपर्ला जस्तो छ २०७६ को मा ट्रामा सेक्टरको अबधारणा गरेको रैछ टेन्टर आज कहा छ यसपालि आ.व.०७७|०७८ मा हिड्या छ । दिगो लक्ष्य प्राप्तिको अब सन २०३० सम्मको हरेक एउटा लक्ष्य हुन्छ त्यति वटा टार्गेट हरुको सन्दर्भमा यानालाईसेन्स भएर आउनुपर्ने तर बिसेस गरि योजना आयो नहुदा बिशेस गरि त्यसमा लक्ष्य प्राप्त नहुदा खासै त्यो राखेको मात्रै छ त्यो सन्दर्भमा जो सन २०२२ को अरु भन्दा माथि आर्थिक स्तर हुने छ भनि खाशै त्यो अवगत भएको देखिन माननीय सभामुख महोदय आयोग मात्रै होइन प्रदेश लगानि बोर्डको प्रदेश कार्यान्वयनको सन्दर्भमा प्रदेश पर्यटन बोर्डको सन्दर्भमा १ करोड रुपिया छुट्याइयको थियो त्यसै गरि आ.ब ०७५|०७६ मा २ बर्ष ०७५|०७६ मा अब ०७६|०७७ मा १ बर्ष थपियो आ.ब ०७६|०७७ मा तिन बर्ष गर्ने भन्यो जति जति बर्ष बित्यो बर्ष थप्ने हो कि के हो माननीय सभामुख महोदय अब यि कुराहरु यि मैले यहा बट भनेको हो मैले मुखले भनेको होइनशुचना प्रविधि पार्क स्थापनाको आवश्यकताहरु आयको थियो अहिले आयको भए यो कोरोना को सन्द्रभमा आज यो शुचना प्रयोग भएको भए आज ८०-८५% ठाउहरुमा छाष छैन नहुदा धेरै बिद्यालयमा पठनपाठन मा समस्या भएको छ अब आ.ब ०७७|०७८ को कुराहरु जस्को चाहि बुदाहरु ४४ वटा छन २४३ वटा मध्ये खर्च गरेको छ पाथमिकता बिशेस गरेर कुराहरु राखेको छ तर मैले अगिनै भने खाशै यकिकृत मा त्यति आभाश गर्ने यले संक्रमण गर्ने यले घप्ठ्यारो पार्ने कुराहरुको आभास यो सरकारमा छ जस्तो लायन तिनवटा अस्पतालहरु त्यो पुरानै हो हुनत संक्रमको अवस्थामा छ तर निर्माण गरिने भन्ने कुराहरु छन तर यो कोभिड १९ सँग जोडियका सम्स्याहरु कसरि समाधान गर्ने भन्ने वा कसरि रोगसँग उपचार गर्ने कुराहरु भयो ति स्वास्थ्य

संरचनाहरु कस्तो किसिमले हुनु पर्ने हो यावत मापदण्ड अनुसार क्वारेन्टाइन छ कि छैन कसरि गर्ने यो त ५०औ हजार भन्दा बढि क्वारेन्टाइनमै छन क्वारेन्टाइन चाहि कोरोना झन बढाउने फ्याक्ट्रिको रुपमा सुदुरपश्चिम देखियको छ प्रदेश मा त्यो हुन सक्छ त्यसकारणले परिक्षण कसरि गर्ने एउटा परिक्षण गर्दा कतिको आछ त जस्तो बाबजुत अहिले २ लाख ५० हजार आइसक्या छ यसको हिसाब पछि दिने वाला छु समग्रमा यति सम्म त गर्नै पर्ने हुन्छ यतिसम्म चाहि मैले माननीय सभामुख महोदय स्थानिय तहलाइ केहि धन्यबाद दिनै पर्छ हामिले जुन प्रदेश सरकारले केहि गरेता पनि स्थानीय सरकारले गरेका छन तिनले क्वारेन्टाइन को व्यवस्थापनमा पुर्यायनन् होला माननीय सभामुख महोदय सुबिधा दिनुपर्ने के त रोजगारि प्रवर्दनका कुराहरु होलान कोभिडको कारणले अरु प्रवासको जस्तै अब कति यहा मैले देखे प्रवास को व्यवस्थानको सन्दर्भमा कसरि ब्यवस्थापन गर्ने मैले अगि पनि सुदुरपश्चिमको बिगत ६ महिनाको लागि बेरोजगार मान्छेहरु कति रहेछन झन्डै २ लाख ६० हजार केबल ६ महिने अर्धबार्सिक हिसाबले जाने काम गरेर पैसा कमाउने श्रमिकहरु रहेछन तिनिहरु फर्किने रहेछन त्यसै सुदूरपश्चिमको सन्दर्भमा घर धुरि हरु ४६ हजार ४ लाख ६७ हजार ६७१ घरधुरिहरु जस्ले भारतमा गयका ८-९ लाख सम्मको जस्तो अहिलको अवस्थामा बिशेस गरि फर्किने अवस्था छ २५० फर्किने अवस्थआ छ यो मैले यहा किन सन्दर्भ जोडेको हो भन्दा खेरि गत आ.ब को सम्झौताअनुसार साना मझौला उद्योगरु बिशेस गरि ६५ हजार ९६८ वटा उद्योगहरु अहिलेको कोभिडको कारणले पुर्णतया लकडाउनको अवस्थामा छन श्रमिकहरु काम गर्ने १ लाख ४५ हजार २ सय जना छन १ लाख ४५ हजार २ सय मैले ६ महिनाको २ लाख ६० हजार र यावत कुराहरु जोड्दा यो सिमामा जति पनि अहिले आउने यो सिमा विवादको कारणले होस या कोभिडको कारणले हो सबै गरेर अहिले ९ लाख ५ सय ६५ जना श्रमिकहरु अथवा प्रवासिहरु यो देश भित्र छिर्दै छन माननीय सभामुख महोदय यि व्यवस्थापनका लागि हामिले नितान्त रुपमा प्राथममिकता दियर व्यवस्थापन गर्नु पर्छ तब मात्र हुन्छ खानको राहतले मात्र हुदैन उनिहरुलाइ रोजगारि सृजना गर्नुपर्छ जुन महत्वपुर्न छ यो सरकारले के गरेको छ माननीय सभामुख महोदय रोजगार बढाउने सन्दर्भमा भनेको छ कृषि  पर्यटन बिकासका संरचनाहरु स्वास्थ्य सुधारका कुराहरुमा होला रोजगार का सिर्जना शिक्षा का क्षेत्रमा नदिबाट उकास हुने क्षेत्रमा कसरि गर्ने कामको लागि खाद्यान्न महत्वपुर्ण कुराहरु छन तिनको लागि गर्ने पर्न जस्तो लाग्छ अन्तमा यो पर्यटकले यो सवै कुराहरुले के छ भन्दाखेरि ठुलो चुनौति हो यो प्रदेस बासिलाइ एउटा यो बिकराल रोगबाट बचाउनु यहि बिचमा चाहि हमिले केहि कुराहरु गरेर सिर्जना हुन्छ सरकार पुर्णतया अहिले त्यो जिम्मेवार भएर लाग्नु पर्ने हो माननीय सभामुख महोदय समन्वएकरि जवाफ देहितामा चेन मानमा वास्तवमा अगाडि बढ्नुपर्ने हुन्छ शुशान ऐन कडाइका साथ लागु गर्नु पर्ने गरेको छैन प्रशासनिक खर्चमा समस्याहरु छन प्रदेश व्यवस्थापकिय बिश्वास लियर काम गर्न सकेको छै प्रदेश सन्दर्भमा अहिले यो प्रदेश चाहिने कि नचाहिने र संकल्प प्रस्ताव लियर कमसेकम यसले एउटा सवै दलहरु मिलेर कमसेकम यहाको मह्तवपुर्ण पाटो प्रदेश सरकारले यो प्रदेश भन्दा संघिय सरकारको सिर्जनालाइ कसरि घटायर १२० देखि १४० सम्म

पुर्याउने सदनमा कुन खर्च गरायर पुर्ण रुपमा डिसेन्ट्रिच गरायर प्रदेसलाइ सम्भावना हुदाहुदै तर प्रदेस ६ वटा ७ वटा यस सन्दर्भमा संकल्प प्रस्ताव पेश नहुदा संघिय सरकार पुर्णतया केन्द्रकृत हिसाबले अगाडि बढेको छ सन्दर्भमा यो सरकार गम्बिर भएर यो प्रदेश ले पनि बोल्न सकेको छैन अगाडि बढ्नुपर्छ जस्तो लाग्छ प्रदेश सरकारले पुर्णतया असफलतातिर लागेको छ माननीय सभामुख महोदय बिभिन्न योजना कार्यान्वयन गर्ने देखि लियर बिधि र पद्धति र देखि लियर यावत कुरामा पछाडि परेको छ जनताले अपेक्षा गरेअनुसार काम भएको छैन सच्चा सहि भन्नै पर्छ प्रदेश सरकारले नेतृत्वसँग बोलि र गरेका कुराहरुमा जनतामा बिश्वास छैन सदनमा बिश्वास छैन सत्ता पक्षकै सांसदमा बिश्वास छैन त्यसकारणले प्रतिपक्षको त कुरै छोड्दिउ त्यसकारणले कमसेकम माननीय सभामुख महोदय यहा मात्र म भन्न चाहन्छु यश प्रदेश को माननिय मुख्यमन्त्रीज्युलाइ बोलेका गरेका यो सरकारले बोलेको हो सरकार राम्रो हो हाम्रो नेता हो मुख्य मन्त्री हो त्यसकारनले चाहि वाचा बन्धन हरु गरेका हुन्छन काम गरेका हुन्छन प्रदेशको उन्नति यहाको जनाको लागी छिटोभन्दा छिटो हुनुपर्छ अन्याथा यले के देखाउछ भन्दा खेरि माननीय सभामुख महोदय एउटा गम्भिर प्रश्नगरु खडा गर्छ र भोलिको दिनमा कार्यमा ठुलो असर पर्न सक्छ र भोलिको दिनमा हरेक सत्ता पक्ष पर्तिपक्ष भएर एकभएर यहाको समग्र समस्यया माथि को बेला भोलि गयर त्यो स्थिति नआउन सक्छ त्यसकारणले म र यो सरकारलाइ भन्न चाहन्छु आउदा दिनहरुमा संयमित भएर कमसेकम पनि केहि भएर सबै यो ५३ जना सभासदहरुलाइ सम्मानजनक तरिकाले अगाडि बढाउने सन्दर्भमा समन्वय गर्ने कुराहरुमा अगाडि बढाउने कुराहरुमा पनि नचुकोसयदि चुकेको खण्डमा हामी कुनै कसुर नराखेर अगाडि बढ्ने समेत यहि माननीय सभामुख महोदय मार्फत म एउटा चुनौती दिन चाहान्छु धन्यबाद नमस्कार जय नेपाल

**माननीय हर्क बहादुर कुँवर**

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सरकारको तर्फबाट र प्रदेश प्रमुखले बाचन गर्नु भएको छ र प्रदेश प्रमुखलाइ म सर्बप्रथम धन्यबाद दिन चाहन्छु यो नीति तथा कार्यक्रमको म स्वागत गर्न चाहन्छु । म समर्थन गर्छु र यो नीति तथा कार्यक्रमको २५३ वटा बुदा छन् ४३ समिक्षामा गरियको छ बाकि ४५ वटा बुदा मा नयाँथप जोसजागर ल्यायर यो अगाडि बडेको छ त्यस बारेमा म सरकारलाइ धन्यबाद पनि दिन चाहन्छु माननीय सभामुख महोदय जुन सरकारलेबुदा न.४७ लिम्पियाधुरा लिपुललेक कालापानि त्यो ब्यास गाउपालिकामा सरकार ले जुन ल्यायको छ त्यो अति नै शराहनिय छ यसका लागि ब्यास गाउपालिकामा त्यसकालागि आदरणिय दाजुभाइ आयआर्जनका लागि उहाँहरुलाइ टेवा पुर्याउनका लागि सरकारले फेरि पनि गरोस भन्ने म अनुरोध पनि गर्नचाहन्छु माननीय सभामुख महोदय आज प्रदेशको महत्वपुर्ण हामि यो नीति तथा कार्यक्रम ल्याउदा धेरै बुदाहरुमा धेरै जोसले अगाडि बढिराखेको म माननीय सभामुख महोदय मार्फत अनुरोध गर्न चाहन्छु बुदा न. २९ मा प्रदेश सरकारले ल्यायको नीति त्यसमा अत्यन्तै महत्वपुर्ण भुमिका लियर अगाडि बढेको छ र कार्यान्वयन

को पक्षमा चाहे सत्ता पक्ष हुन् चाहे प्रति पक्ष हुन हामिले समर्थन गरेर अगाडि बढ्नु पर्छ हामिले जनताको बिचमा जादा यि कुराहरुलाइ कार्यान्वयनको पक्षमा मजबुत रुपले अगाडि बढाउनु पर्छ यहाँ २५३ बुदा मा हेरेमैले धेरै प्रति पक्षका साथिहरुले यो सकारात्मक छ राम्रो छ कार्यान्वयनको पाटो बलियो बनाउनु पर्छ भन्ने अबधारणा राख्नु भएको छ उहाँहरुलाइ पनि म धन्यबाद दिन चाहन्छु त्यसैले माननीय सभामुख महोदय यो जुन गड्डाचौकि देखि चिसापानि सम्म संघिय सरकार सँग समन्वय गरेर यो सडक को बारेमा यसको स्तर उन्नति को लागि जुन यो बुदा आयको छ धेरै राम्रो छ अब हामिले यलाइ  संघिय सरकार मार्फत सहमति को आधारमा हामिले यो सडक अगाडि बढाउनु पर्छ र हाम्रा जुन बर्षेनि हुने दुर्घटना हुनत्यलाइ न्युनिकरण गर्छ भन्ने मलाइ लागेको छ सभामुख महोदय त्यो अति महत्वपुर्ण छ बु दा न. ५६ जो बालक जन्मेन बितिकै जुन को ब्यवस्था गरेको छ हाम्रो जस्तो प्रदेश हामी जहा पिछडियका जनाता छौ हामीस्वास्थ्य बाट पनि धेरै कुरामा पछाडि छे त्यसैले यो बुदाले बोलेको छ जुन भविस्यका कर्णधार हुन स्वच्छ किसिमले जुन यो उनुहरुका लागि यो बुदा ल्यायको छ यसमा महत्वपर्ण छ यो बुदाले बालबालिकालाइ भविस्यमा स्वास्थ्य तिर पनि अगाडि बढायको महशुस गर्छ बुदा न. ५७ जुन प्राकृतिक बिपतमा अथवा धेरै मान्छे दुर्घटनाबाट धेरै बाजुभाइ दिदिबहिनेले ज्यान गुमाउने उनका लागि केहि नगर्ने अवस्थामा यो बुदाले पनि बिमाको ब्यवस्था गरेको छ यो अति महत्वपुर्ण छ र हामिले स्वागत गर्नु पर्छ अगाडी बढ्नुपर्छ हाम्रो प्रदेश अहिले भयानक परिस्थितिमा छ सरकार राम्रो काम गरिरहेको छ कोरोनाको बारेमा संघिय सरकार सँग हातेमालो गरेर आफ्नो क्षमताअनुसारको आफ्नो हैसियत हनुसारले कोरोनाको बारेमा जो काम गरिराखेको छ त्यलाइ हामिले महत्वपुर्ण ठान्नुपर्छ तर यद्यपि काम गर्ने क्रममा कहि कतै कमजोरि हुन जान्छन त्यलाइ हमिले सच्यार अगाडि बढ्नुपर्छ सभामुख मार्फत मैले सरकारको ध्यानाकर्षण गराउन चाहे आज हामि प्रवासि हाम्रो भारतमा दाजुभाइ दिदिबहिने आउने क्रम जारि छ हमिलाइ चिन्ता रहेको छ यो हाउसलाइ पनि धेरै चिन्ता लागेको छ सरकारलाइ पनि लागेको छ हामीले यो बुदामा टेकेर हाम्रा ९ वटै जिल्लामा हाम्रा सरुवारोग सम्बन्धि ल्याबको व्यबस्था गर्नुपर्छ हामी जब सम्म स्वस्थ हुन सक्दैनौ जब सम्म हामि स्वस्थको आधारबाट अगाडि बढ्न सक्दैनौ तब सम्म बिकासका आधार पनि हामी अगाडि बढआउन सक्दैनौ त्यसैकारणले आज ९ वटै जिल्लामा आज यो कोरोना सम्बन्धि मात्र होइन सरुवा रोगसँगै ९ वटै जिल्लाहरुमा यो महामारिको कोरोनालाइ मध्यनजर राख्दै हमिले ९ वटै जिल्लामा हामिले सरुवा रोगसम्बन्धि ल्यावको व्यवस्था हुन जरुरि छ सभामुख महोदय यहा महत्वपुर्ण कुराआयको छ रोगबाट बचौ भोगबाट बचाऔ असाध्यै राम्रो छ  हामि कम्यनिष्टहरु हामि काम गर्न पनि जान्छौ हामि आत्माआलोचना पनि सहन्छौ हामीले कम्युनिष्टहरुले गरेका कामहरु पनि हामिले नियालेर हेर्नुपर्छ चाहे अल्पमतको कम्न्युष्ट सरकार होस चाहे त्यसपछिका सकारका बारेमा प्रदेश सरकारले ल्यायका नीतिका बारेमा होस भन्ने हामिले एक पटक फर्केर हेर्नुपर्ने छ आज रोगबाट बचौ भोकबाट बचाऔ भन्ने नारा यो अहिलेको सान्दर्भिक नारा पनि हो र वास्तबिक पनि हो मम बिगत तिर फर्काउन चाहान्छु सभामुख महोदय पहिला कम्न्युष्ट हरुले आफ्नो गाउ आफै भन्ने नारा यसशँग

मेल खाने भएकोले यसले प्रतिपक्ष पक्ष नभेर हामिले जनताको बिचमा यो नारालाइ प्रभावकारि रुपमा अगाडि बढाउनुपर्छ तब मात्रै जनताले हामी प्रति बिश्वास गर्न सक्छन हामिले प्रदेशमा गरेको काम पनि जनताले भरोसा मान्छन सभामुख महोदय बुदा न. ८५ यउटै सृष्टि यउटै समदृष्टि यले पनि धेरै कुराहरु समेटेको छ हामीले राम्रो लाइ राम्रो जब सम्म भन्न सक्दैनौ तब सम्म प्रगति पनि गर्न सक्दैनौ त्यसले हामीले महत्वपुर्ण यो बुदाले समेटेको छ हामीले जनआन्दोलनलाइ पनि बिर्सन हुदैन आज हामिले यो स्थान सहिद दिनहरु आज कतिपय दाजुभाइ हरु योद्धा हरु अपाङ्ग भएका छन त्यहि टुहुरा भएका छन दिदिबहिनिहरुको सिउदो पुछियको छ कैयौ बेपत्ता भएका छन कम्न्युष्ट हरुले कम्न्युष्ट सरकारले मात्र जनताको सेवा गर्न सक्छ र सम्मान गर्न सक्छ भन्ने खालको यो जनआन्दोलन यो जनघाइते तथा त्यो बेपत्ता परिवारलाइ पनि बोलेको छ हामी व्यवहारमा सवै मिलेर अगाडि बढौ यहि कम्न्युष्टको जय होस त्यसैले हामिले अगाडि बढ्न जरुरि छ सभामुख महोदय मुख्यमन्त्रीजुन हाम्रा प्रवास बाट आयका दाजुभाइ दिदिबहिनिहरुलाइ कसरि ब्यवस्थापन गर्ने स्वाभिमानि कसरि बनाउन सक्छ आत्मानिर्भर कसरि बनाउन सक्छ भन्ने खातिर यो कृषिले ल्यायको छ कार्यक्रम त्यसैले हामिले प्याकेजको रुपमा जहा बाँझा छन सरकारि जमिन अथवा प्राईभेटमा यो तराइमा माइग्रेट भएर आउने दाजुभाइ दिदिबहिनिहरुले पहाडका धेरै जमिनहरु बाँझा छन अहिले पनि हामि पहाडका जनप्रतिनिधिहरुलाइ थाहा छ त्यहाका जमिनहरु अझै पनि बाझा छन तिनलाइ काममा लगाउनकालागि पनि हामीले यो नीतितथा कार्यक्रमले बोलेको छ हामीले अगाडि बढाउनुपर्छ सभामुख महोदय म केहि सुझाबहरु राख्न चाहन्छु ९ वटै जिल्लामा ल्याव व्यवस्थापन खप्तड जस्तो अति महत्वपुर्ण पर्यटकिय बिकास तत्काल रिङ रोडको चारै जिल्लामा गर्नुपर्ने श्रमिकहरुको बिमाको व्यवस्था सरकारले गर्नुपर्ने तल्लो आङ खस्ने बिग्रने हरुको लागि त्यसको व्यवस्था सरकारले गर्नुपर्ने सरकारले गरेका राम्रा कामहरुको जनताको बिचमा नगयको अवस्थामा अब हामिले यो नीतितथा बजेटलाइ पास गरेर जनताको बिचमा अवगत हुने किसिमले आफ्ना भावनालाइ जनतालाइ बिबरण हेरेर मात्रै बिगतमा अनुदानको नाममा केहि मान्छेहरुले अनुदान लिय कति भयो भन्ने खासै त्यसको मुल्याङ्कन गरेर मात्रै फेरि अनुदान थप्न म अनुरोध गर्न चाहन्छु अब मैले मागहरु प्रस्तुत गर्न चाहान्छु अछआम जिल्लाको बयल फाटा अस्पताल यो नेपाल अधिराज्यकै एउटा नमुना अस्पताल हो सभामुख महोदय म सरकारको ध्यानाकर्षण गर्न चहान्छु कैयौ मन्त्रीजिहरु मुख्यन्त्रिहरु र माननीय हरु त्यो अछाम जिल्लामा गयर अध्ययन गर्नु भएको छ मैले धेरै भन्न आवशएक छैन त्यो बाजुरा जिल्लाको कालिकोट आधा डोटिलाइ यले सेवा दिइरहेको छ तर अहिले कोरोनाको कारणले यलाइ सहयोग गर्ने संस्थाले अहिले हात झिकेको छ सारा अछामि जनता ले एकदम कसरि यलाइ व्यवसथापन गर्ने भन्ने चिन्तामा छन त्यसले म यलाइ अछामि जनताको तर्फबाट म सभामुख महोदय मार्फत म अनुरोध गर्न चाहान्छु सरकारलाइ यो बयलफाटा अस्पताललाइ थला पर्ने अवस्था भएको छ यलसइ बिगतमा जस्तै जनताको पक्षमा उभ्याउनको लागि यो गर्नकालागि सरकारलाइ यो व्यवस्थापनको लागि अलि महत्वपुर्नका लागि म अगाडि माग गर्न चाहान्छु सभामुख महोदय म एक मिनेट कहिले पनि माग्दैनथे माग गरेकोले १ मिनेट म थप

गरिपाउ लालपुर्जा नभायका ३५ यो हाउस बाट मैले धेरै पटक यो हाउस बाट बोलिसकेको कुरा बोल्न त गरिब दलित महिला सब बोलेको छ यो अतिउत्तम छ यो बुदाले ल्यायको छ तर पनि किटानिका साथ कतिपय दलित दाजुभाइहरु दासमुनि नसिरहेका छन तिनका लालपुर्जा छैन कतिपय तहका मान्छेले हेप्ने र च्याप्ने काम भएको छ एउटा पनि भएपनि दलित दाजुभाइहरुको लालपुर्जाको लागि म अनुरोध गर्न चाहान्छु सभामुख महोदय मार्फत त्यसैगरि दिपायलमा यो सहयोगि बिद्यालयका लागि सरकारको ध्याना पुगोस भन्ने पनि म माग राक्न चाहान्छु बिद्यालयलाइ सहि किसिमको अध्ययनको लागि आर्थिकको कमजोरिको कारणले आवासिय बिद्यालय दिपायल सरकारले पनि यसमा ध्यान पुर्यावस र सहयोगको पनि व्यवस्था गरोस भन्ने अनुरोध मेरो भनाइलाइ यहिँ अन्त गर्दै बिदा हुन्छु ह्वस्त धन्यबाद नमस्कार

**माननीय कुमारी नन्दा बम**

माननीय सभामुख महोदय, आर्थिक बर्ष ०७७|०७८ को नीति तथा कार्यक्रममा हामि जुटिरहेका छौ ०७७|०७८ को नीति तथा कार्यक्रम सरसर्ति हेर्दा असाध्यै लोकप्रिय यो सरकारले ल्याएको छ । सभामुख महोदय, गत बर्षको नीति तथा कार्यक्रम अझ यो भन्दा पनि कर्णप्रिय थियो हामि उदाहरणको लागि धेरै टाँढा जानुपर्दैन गत बर्षको मात्रै नीति तथा कार्यक्रमलाइ मात्रै हामीले केलाउने हो भने दुखका साथ सुदुरपश्चिमका जनताहरुले आज भनिरहेका छन यस चाहे ०७४ देखि ०७८ सम्मका कार्यक्रम प्रिय भएर मात्रै नहुदो रहेछ कर्ण प्रिय भएर मात्रै नहुदो रहेछ त्यो परिणाम हामीले ल्याउन सक्दैनौ भनेपछि यो नीति तथा कार्यक्रममा जतिशुकै राम्रा शब्दावलि उल्लेख भएतापनि केहि नि हुदैन गत बर्षको नीतितथा कार्यक्रमलाइ टेकेर ल्यायको बजेट को बिडम्बना हामीकहा जस्ताको तस्तै छ सभामुख महोदय आज सम्मको खर्चको परिणाम मात्रै हेर्ने हो भने लगभग २६% मात्रै खर्च भएको छ बाकि ७४% बजेट यो सरकारले खर्च गर्ने सकेको छैन जब कि गत बर्ष त्यसतो अनुकुल समयमा पनि हामीले खर्व गर्न नसकेको अवस्था हो भने अब अहिलेको ०७७|०७८ को समय परिस्थित कस्तो आउने हो कि यो सरकारले यो कोभिड उहाहरुलाइ के खाउ के लाउ स्थानिय तहलाइ के गरौ भनेर एकदमै आतिसकेका छन स्थानीत तह मात्रै आतियका छैनन् त्यहाका जनता तर्सिरहेका छन यो त्रास सरकारले मुक्त गर्न सक्छ कि सक्दैन भन्ने कुरा हो तसर्थ अबको बजेट पास गर्नु भन्दा अगाडि यो नीतितथा कार्यक्रम पास गर्नु भन्दा अगाडि जुनभारतबाट आज पनि आउदै गरेका नेपाली दाजुभाइ दिदिबहिनि छन र सुदुरपश्चिमका ९ वटै जिल्लामा प्वेश गरेका छन उहाहरुका लागि यथाशिघ्र किट खरिद गरि परिक्षण टेष्ट गरौ अन्याथा हामीले यो सदनबाट बाध्यातात्क परिस्थिति सिर्जान नहोस र सुदुरपश्चिमका जनताले लकडाउनकै समयमा सडकमा बाध्यात्कम परिस्थितिमा आउन नपरोस सभामुख महोदय बुदा न २४ मा उल्लेख गरियको छ ९ वटै जिल्लाजहरुमा आधुनिक सहर स्थापना गर्ने भनेर हामिलाइ आज साच्चिकै आधुनिक सहर नै चाहियको छ अर्थाक आधुनिक शहरको ठाउमा ९ वटै जिल्लामा ल्लाब स्थापना भनेको भए के हुन्थयो हामिलाइ अब शहर

नचाहिने भन्ने होइन अब हामीलाइ आवश्यकता अनुसार चाहिन्छ तर अहिलेको परिस्थितिमा ९वटै जिल्ला ल्याब स्थापना गर्नु पर्छ र ९ वटै जिल्लाका जुन बाहिरबाट आयका अर्थात नेपाल भित्रका संक्रमित ब्यक्तिहरुलाइ चेकअपको दायरा बढाउनुपरछ सभामुख महोदय अहिले सुदुरपश्चिमका उद्योग ब्यापार कलकारखाना रियल स्टेट जस्ता उद्योगहरु ठप्प बन्द छन केबल खुलेको छ त उहाहरुले निकालेको ऋण उहाको ऋणको ब्याजको मिटर मात्रै घुमेको छ नेपाल सरकारले भनिराछ जेठ २५ भित्र भ्याट तिर्नुपर्छ कर तिर्नुपर्छ जब यस्तो परिस्थितिमा बन्दको बेलामा आफु के खाउ केलाउ भन्ने परिस्थितिमा ति उद्योगपतिहरु छन र उहाहरुलाइ बन्दाबन्दिको अवस्थामा केहि सोच पुर्याउनु पर्छ मैले भन्न खोजेको सरकारलाइ ट्याक्सै न तिरौ भन्न खोजेको होइन सरकार अभिभावक हो अभिभावके दिने एउटा निर्देशन हो एउटा सहयोग हो सभामुख महोदय अहिलेको नीतितथा कार्यक्रममा केहि महत्वपुर्ण कुराहरु छन र केहि भन्नै नहुने भन्ने त होइन तर अहिले आवश्यकता नहुने कुराहरु पनि छन समेटेर नारैनारामा यो भरियको छ ल्याको छ सभामुख महोदय स्वास्थ्य सेवा सेवा सुदृढिकरण रोग बाट वचौ भोकबाट बचाऔ कृषि बिद्यार्थि अत्यन्तै महत्वपुर्ण कुरा हुन म यसलाइ प्रदेश सकारलाइ हृदय देखि नै धन्यवाद दिन चाहान्छु यदि यि ३ वटा बुदालाइ मात्रै टेकेर हामि अगाडि जाने हो भने हामी धेरै कुरालाइ हल गर्न सक्छौ र केहि अहिले नगरि नहुने बुदाहरु छैनन् जुन नमुना गाउ आफै बनाऔ औद्यौगि ग्राम प्रदेशका गाउ उज्यालो बनाऔ मुख्य मन्त्री प्रदेश स्वयमसेवक कार्यक्रम अहिले हामिला नभइ नहुने कुरा होइनन् र यि नभइ नहुने कुरा लाइ यथाशिघ्र चेन्ज गर्नु पर्छ परिबर्तन गर्नु पर्छ सभामुख महोदय बुदा न ४५ मा भनियको छ समानुपातिक प्रतिनिधित्व समतामुलक समाज हामीले उदाहरणको लागि कहि जानु पर्दैन यो सुदुरपश्चिमको सदन र सरकारलाइ हेर्दा हुन्छ यदि समानुपातिक प्रतिनिधित्व हाम्रो सदनमा छैन भने मेरो भन्नु केहि छैन नत्र भने यो समाजमा रहेका महिलाहरुको प्रतिनिधित्व गर्ने १६ जना माननियहरु यहाँ हुनुहुन्छ दलितको प्रतिनिधित्व गर्ने माननीय ज्युहरु यहा हुनुहुन्छ आदिवासि पिछडा क्षेत्रको प्रतिनिधित्व गर्ने माननिय ज्यहरु यहा हुनुहुन्छ हामिले शव्दलाइ शब्दको मात्रै प्रयोग गर्नुपर्छ ब्यबहारमा प्रयोग गर्ने गर्नु पर्छ यि शब्दालाइ आत्माशात गरेर अगाडि पनि बढ्नुपर्ने हुन्छ आज सम्म ३ वटा बजेट आय समानुपातिकबाट प्रतिनिधित्व गर्ने माननी ज्युहरुका हात खुट्टा बाधेको छ यसरि बाधन हो भने आखिर समानुपातिक किन चाहियो र यो ढोकाभित्तर समानुपातिकाका माननीयहरुलाइ आउन अनुमति छैन भनेर लेख्दिदा पनि हुन्छ हैन भने देखि अब उपरान्त ति समानुपातिकाहरुले समानुपातक भनेर कराइराख्न नपरोस सभामुख महोदय गत बर्षको कार्यक्रमका केहि समिक्षा हरु पनि हामिले पढ्यौ र म एउटा बुदामा भन्न चाहन्छु जुन एक निर्वाचन क्षेत्र २ वटा नबिन उद्यौगिक क्षेत्र भन्यो हामिसँग पुर्बमाननीय ज्युहरुले पनि यहा भन्नु भयो हामीसँग यति वटा उद्योग भनेर उहाहरुले भनि सक्नु भएको छ ति उद्योगहरुलाइ हामिले यि नयाँ उद्योगलाइ प्राथमिकता दिनु भन्दा पुराना उद्योगलाइ नै प्याकेजको रुपमा दिनुपर्थ्यो कि पर्थेन आज उहाहरु मरिरहेको छन र हामी नयाँ उद्योगको परिकल्पना गरिरहेको छ कति सफल हुन सक्छन लकडाउनको समयमा नयाँ उद्योगको परिकल्पना त गर्यो यो सरकारले तर कति सम्म सफल हुन

सक्छ आफैले बुज्नुपर्ने कुरा हो सभामुख महोदय दार्चुला जिल्ला ब्यास गाउपालिका वडा न. १ लाइ यो सरकारले बिशेस प्राथमिकतामा राखेर कार्यक्रम ल्याको छ म यसको लागि धन्यवाद दिन चाहन्छु सभामुख महोदय दार्चुला जिल्ला व्यास गाउपालिका वडा न. १ का बासिन्दा जस्तै प्रबृति भएको ब्यास गाउपालिका दुहु गाउपालिका दुहु गाउपालिका र ब्यास गाउपालिका का का बासिन्दाहुर जुन अहिले लिम्पियाधुरा लिपुलेक र कालापानी टिंकर भन्सार हुदै आफ्नो ब्यापार चलाइरहेका थिय अहिले त्यसबाट पनि बञ्चित भएका छन यसर्थ दुहु गाउपालिका र ब्यास गाउपालिकालाइ पनि बिशेस महत्व दियर कार्यक्रम ल्याउनुपर्छ सभामुख महोदय जुन हामिले अहिलेको परिस्थिति अनुसार यो नीतितथा कार्यक्रममा समेट्न सकेका छेनौ ठोस रुपमाआउन सकेको छैन त्यसर्थ जुन आगामि बर्षको बजेट ल्याउछौ र यो नीतितथा कार्यक्रमलाइ ठोस रुपमा भारतबाट आयका नेपाली दाजुभाइ दिदिबहिनि लाइ अलग प्याकेज किनभने भारतमा उहाहरु कस्तो काममा संलग्न छन त्यो उहाहरुलाइ थाहा हुन्छ र खाडिबाट आयका नेपाली युवाहरुको लागि नयाँ प्याकेजको रुपमा कार्यक्रम ल्याउनुपर्छ जुन कृषिलाइ प्राथमिकता दिने भनेको छ एकदम महत्वपुर्ण छ तर गत बर्षको जस्तै कृ षिमा आधारित भण्ने कार्यक्रम ल्यायर कृषि मन्त्रालयको बजेट हेर्दाखेरि न्युन देखियको छ त्यसतो चाहि नहोस र अहिले कोभिड १९ बाट प्राभावित भएका युवाहरुलाइ जोड्ने कार्यक्रम ल्याइयोस भन्दै मेरो शब्द यहि अन्त गर्छु धन्यबाद

**माननीय दीर्घ बहादुर सोडारी**

सभामुख महोदय, हाम्रो सरकारको नीति तथा कार्यक्रम यही जेष्ठ १९ गते हाम्रो संसदमा प्रस्तुत भयो र आज हामी हाम्रो नीति तथा कार्यक्रम संसदबाट पास पनि गर्ने कार्य छ । सर्वप्रथम सरकारलाई धन्यवाद दिन चाहान्छु । नीति तथा कार्यक्रममा धेरै चिजहरु आएका छन् । सभामुख महोदय यो भनी रहदा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा बनाइ रहदा यसका धेरै खास गरी ४३ वटा बुदा समिक्षामा गएका छन २१० वटा बुदा आगामि कार्ययोजनामा अगाडी बढेका छन् । यि कुराहरु गरिरहदा हामीले नीति तथा कार्यक्रम हरु यो लागेर ४ वटा ल्यायौ यो भन्दा अगाडि प्रदेश प्रमुख ज्यु नीति तथा कार्यक्रममा आइरहदा प्रदेश सभाभित्र छिरिरहदा वा प्रदेश सभामा प्रस्तुत भइरहदा प्रदेश प्रमुख भनेको एउटा सम्मानित मानेका छौ जसरि माथि राष्ट्रपतिलाइ मानेको छौ प्रदेशमा प्रदेश प्रमुखलाइ मानिराखेका छौ । राष्ट्रपतिको विषयमा धेरै बिबादका कुरारहरु आइराखेका छन पछिल्लो चोटि पनि आइराखेका छन १ करोड ३५ लाखका सफा सुग्गर गर्ने टेबल बेन्च बिबादहरु आइरहेका छन तर पनि राष्ट्रपति राष्ट्रपति हुनुपर्च अरु जनता फरक हुनुपर्छ भन्ने मान्यता हामि राख्छौ तर प्रदेश प्रमुख हामिकहा आइरहदा यो पटक यहाबाट प्रस्तुत भइरहदा यो पटक यो मञ्चमा कुनै सजावट पनि देख्दैन अगाडि पट्टी रातो बिछ्याउने थियो त्यो पनि देख्दैन र यो मञ्चबाटै सम्मानिय प्रधानमन्त्रीले सम्मान गर्नभएको थियो यो भन्दा अगाडि प्रदेश प्रमुखले सम्बोधन गर्नु भएको थियो यसो टेबुल हेर्छौं हामि सबैका आँखा टेबुल तिरै छन यतापट्टि प्रदेश प्रमुख बसेको टेबुल अलिकति तलछ कि त्यो पनि लाग्छ यि कुरा कस्ले सम्मबोधन गर्नु पर्ने हो सरकारका मुख्यमन्त्री देखि मन्त्री सम्म यहि हुनुपर्छ परामर्श समिति छ हाम्रो प्रदेशमा सचिवालय छ

यदि प्रदेश प्रमुखको सम्मान मा हामीले ध्यान दिन सकेनौ भने त्यो संस्थाहि हामि पनि प्रदेश अन्तर्गतकै हौ सभामुख बिभिन्न निकाय छन हाम्रो सम्मानमा पनि अरुले आस गर्छन कि भन्ने कुरा ध्यानाकर्षण गराउन चाहान्छु सभामुख महोदय सभामुख महोदय मार्फत हामि सबैको ध्यानाकर्षण गराउन चाहान्छु र म अर्को कुरा भन्न गइरहेको छु खाद गरि हामी खास गरि कार्लमाक्सले संसारको ब्याख्या बिश्लेषण त्यो भन्दा अगाडिका धेरै मान्छेहरुले गरे खासगरि साम्यबादहरु कम्न्युस्टहरुले संसार बदल्ने कुरा हो परिबर्तन गर्ने कुरा हो यो नै मुख्य कुरा हो भनेर हामी लाग्यौ यसमा संसार भरि बैचारिक बिभेद छ पुजिबादिहरु लोकतन्त्रबादिहरु र समाजबादि साम्यबादिहरु यसमा धेरै ठुलो बिभेद छ खासगरि नेपालमा त्योसरकार माथिदेखि तल सम्म सबै देखेर दुइतिहाइको सरकार भइरहदा कतै हामी संसार बदल्न चाहेका हाम्रा सरकारहरु हामी परिस्थितिले हामीनै बदल्न थाल्यौ कि यशो हेर्छु अगि कल्ले पनि भन्या थियोबजेट असार जेठको अन्तिम तिर जान्छ भनेछ बजेट कार्यान्वयनको दिशा २५% मात्रै हुदै छ तर अस्ति पनि हामीले छलफल गर्यौ यशो बिश्वाश छ ५०-५५% ७०-८०% बजेट कार्यान्वयन हुने कुरा सोचिराखेका छौ त्यो असारमा नै त हुने होला हामिले भन्यौ कि असारै बजेट बन्द गरौ यो असारमा होइन यो भन्दा अगाडि धेरै कुराहरु लाई भन्दै अनन्न सम्म हामी उहि गतिमा पुरानो लाइ कति पनि नबल्दै फेरि असारमा बजेट सक्ने भन्दा अब हामी उठ्न नसक्ने भयौ कि धेरै कुरारु बजेट कार्यान्वयनको कुरा अरु धेरै कुराले हामीले त्यसको बाट हामि कसरि माथि उठ्ने एउटा प्रदेश लाइ यो प्रश्न होइन हामीसबैलाइ संघिय सरकारकोस्थानीय तहको र हामी सबको नियत यतातिर जाने हो भने हामी सबैको बदल्ने होइन कि हामी बलिसकेका छौ कर्मचारि संयन्त्र बद्ल्ने खोज्ने अर्को बदल्न खोज्ने नया चिज बनाउदा पुरानो मा हामी निथ्रुक भिजिसकेको दैखिन्छ यशबाट हामी माथि उठ्न सक्छौ कि सक्दैनौ हामी उठाउन सक्छौ कि सक्दैनौ यो नै हाम्रा लागि अह्म प्रश्न हो भन्ने लागिरहेको छ अरु केहि कुराहरु खास गरि मैले भनिसके २०८ वटा कार्याक्रम छन पुराना कार्याक्रको समिक्षा भएको छ म  त्याता पट्टि धेरै जान चाहान्न सुदुरपश्चिमको प्रदेश बनाइरहादा संघियको को धनगढि बाट कुरागरिरहादा हिजो सुदुरपश्चिम एउटा प्रदेश हुनुपर्छ भन्ने एउटा नारा लगाइरहदा हिजो  नेपालको एउटा स्वाभिमान स्वतन्त्रको कुरा गरिरहादा यसमा सुदुरपश्चिमका जन्मेका संसार भरि धेरै कहिलियका मान्छेहरु छन जय पृथ्विबहादुर सिँ एउटा राजकाट छोडेर एउटा सुदुरपश्चिमको संसारको साम्राज्यवादका निम्ति मानव वादका निम्ति कुदेको मान्छे हो मेरो सरकारको बजेटमा कहिल्यै उहाको नाम हेर्न पाउदैन सुन्न पाउदैन पहिला एकपटक आयको थियो त्यसपछिहरायो पहल मान स्वार्ग यसो स्वार्गको आखाँले मात्र होइन नेपाली जातिका निम्ति सुदुरपश्चिमका जन्मेर साहित्य कलामा यति धेरै स्थापित मान्छे तिनको नाममा कुनै कार्यक्रम नै आउदैन हामी किन त्यसो गरिरहेका छौ त्यसगरि द्वारिकादेवि ठकुरानीको कुरा धेरै माननीय ज्युहरुले भनिसक्नु भयो १५ शालमा दक्षिण यशियाकै पहिला मन्त्री तिनको नाम लेख्न किन हामीलाइ खोइ अगाडि बढ्देन त दशरथ चन्द जो नेपालको राणाशासनको आन्दोलनमा सुदुरपश्चिममा जन्मेर त्यो मुक्ति आन्दोलनमा एउटा चम्किलो तारा त्यसको नामबाट हामीलाइ कार्यक्रम ल्याउन किन कन्जुस्याइ भैरहको छ नाम भन्नका निम्ति त्यसै

गरि टिकाराम पार्कि टिकाराम पार्कि जि खासगरि डोटिको दिपायलमा मन्दिरमा पहिलो दलित हुदाखेरि आज हामी झल्को नेपालको सबभन्दा ठुलो मद्दा चलिरहेको छ खासगरि हामी यो सेति घटनाको बारेमा हामि चाहि पुर्बि पश्चिमि रुकुमको घटाना लियर धेरै अगाडि बढिरहेका छौ दलित आन्दोलन भनेर आज त्यो मानव सभ्यताको आन्दोलन भनिरहदा टिकाराम पार्कि जतिबेला मन्दिर पसिरहेका थिय त्यो के थियन त्यो कुरालाइ हामी किन आउदैन मलाइ यो अचम्म लागिरहेको छ सभामुख महोदय त्यसैगरि भिमदत्त पन्त त्यत्रो कृषिको कार्यक्रम ल्याइरहेका छौ भारतिय कृषिको अभियान्ताको नेतृत्व गरेको मान्छेले भन्नु पर्छ कृषि भनेर के अर्थ लाग्छ नाम जोड्दा के हुन्छ आज सिमानाको बारेमा यत्रो चर्चा परिचर्चा गरिरहेका छौ खासगरि नेपाल सरकारले लिम्पियाधुरा लिपुलेक र कालापानी आफ्नो नक्सामा सिमांकन गर्यो के सिमान्तकृत गरिरहादा एउटा बिर छोरा २०५१ शालमा प्रेम सिँ सांसदले नेपालको सांसदमा धेरै जनतालाइ नेपालको नक्सामा किन काठमाणडौलाइ सुनिदैन कालापानिलाइ किन दुख्दैन भनेर ठुलो राष्ट्रियताको कालापानीको मुद्दालाइ यति धेरै स्थापित गर्ने प्रेमसिँ धामि जो आज सिमानाको बारेमा कुरा गरिरहेका छौ प्रेमसिँ धामि सिमानामा कुनै कार्याक्रम नाम जोडिदामा हामीलाइ के अप्ठ्यारो हुने वाला थियो खासगरि क्याबिनेटको बिचमा लामो समय छलफल चल्यो खासगरि मुख्यमन्त्री जि साबिक माओकेन्द्रबाट हामी साबिक यमाले बाट थियौ हामिले ल्याउन सकेनौ खासगरि चक्र डकौरा चौधरी नेपालि थारु समुदायको स्थापित नाम त्यो जनप्रतिनिधि नै हो हुदाहुदै युद्दको चपेटामा उहा मारिनु भयो र त्यो भइरहदा युद्दको चपेटामा मारिदा साबिक यमाले र माओवादि बिच एकता भैदियको छ खासगरि थारु समुदायको रेसम चौधरी यो कैलाली जिल्लामा स्थापित हुनुभयो र माओवादि आन्दोलनको पहिलो सहिद हुनुभयो यो जोखन डकौराको एउटा कार्यक्रम हामीले घोषणा गर्दा के भैहाल्ने छ यता पट्टि हाम्रो किन ध्यान जाँदैन त्यसै कारणले म बिनम्रता पुर्बक सरकारलाइ हार्दिक अनुरोध गर्न चाहान्छु अबको बजेटमा खासगरि यो नीतितथा कार्यक्रममा आउनु प्रने हो हामिले सुदुरपश्चिमलाइ तयो ढंगले अगाडि बढ्ने बाका बिरको कुरा गर्नुस कि अरु धेरै बिरको कुरा गर्नुस थोरै कमसेकम यो सबैलाई साझा मान्ने सुदुरपश्चिमका साझा प्रतिनिधिहरु सुदुरपश्चिमका साझा ब्यक्तित्वको नामबाट कार्यक्रम हामि अगाडि बढाउने हो भने किन उहाहरुलाइसाझा ब्यक्ति बनाउन पर्छ हामीले साझा ब्यक्ति उहालाइ बनाउन सकेन भने हामी पनि ईतिहासमा पहिलो मान्छे भएका छौ प्रदेस सभा पहिलो भएको छ प्रदेश को सभामुख उपसभामुख मन्त्रीहरु हामी माननीयहरु पनि पहिलो बनेका छौ ईतिहासमा हामी यहि तरिकाले बढ्ने हो भने हाम्रो पुर्खाहरु प्रति हाम्रा बिरंगना प्रति हाम्रा स्वाभिमानी ब्यक्तित्वहरुलाइ सम्मान नगर्ने हो भने हामिलाइ पनि ईतिहासले नामित गरेर लैजाने छ केहि दिनमा निम्ति जुन दिनसम्म हामि पद र पावरमा हुने छौ शक्ति र पद र गाडि घोडा हुन्जेल सम्म चिन्ने छन त्यो भन्दा पछि हामी पनि ईतिहासमा बिरंगना हुने छौ किनकि हामी ईतिहासका ति बिभुतिको हरुको बारेमा सम्झिनसकेन भने हामी पनि हामीलाइ पनि कसैले पनि सम्झने वाला छैन त्यसैले हामीले हाम्रो ईतिहास प्रति सुदुरपश्चिमको ईतिहास प्रति हामि सबैले गर्ब गर्नुपर्ने छ यि नामहरु मैले भने अरु नामहरु पनि छुट्न सक्छन यि नामहरलाइ लियर कार्यक्रम उनिहरुको बिशेसतालाइ जोडेर

कार्यक्रम ल्याउदा राम्रो हुन्छ भन्ने लागिरहेको छ खासगरि हाम्रो सरकारले केहि कार्यक्रमहरु ल्याको छ नाराबद्द ले आयका छन खासगरि रोगबाट बचौ भोग बाट बचऔ सबै सृष्टि समदृष्टि नमुना गाउ आफै बनाउ जो आफ्नो गाउ आफै बनाउ जस्तै नारा देखिन्छ त्यो सँग बिद्यार्थि कार्यक्रम छ मेरो बिशेसता मैरै प्रदेशका लागि एक बिद्यलाय एक नर्स र एक बिद्यालय एक योग गुरु र जलस्रोतमा लगानि नागरिकमा आम्दानी प्रदेश गाउ उज्यालो बनाउ अब पर्यटन सँग सम्बन्धित केहि नाराहरुआयका छन यो भन्दा अगाडि पनि धेरै हामीहरु नारा ल्याका छौ यि नाराहरुलाइ नारा मात्रै होइन कहिले सम्म सिमित राख्ने हो बजेट कार्यान्वयन गर्ने र त्यसलाइ अगाडि बढाउने हो भने नारालाइ सिमितता हुने छ केहि नाराहरु जस्तै २०५१ सालको आफ्नो गाउ आफै बनाउ आजसम्म मात्रै होइन ईतिहासका कैयौ पानासम्म त्यो नाम अगाडि बढिरहने छ मुख्यमन्त्री जेष्ठ नागरिक कार्यक्रम आयको छ खासगरि मुख्यमन्त्री कार्यक्रम भन्दा पनि मनमोहन अधिकारी जो ईतिहासको एउटापुरुस हुनुहुन्छ जो जेष्ठहरुको लागि सम्मान गर्दै अगाडि बढेको देखिन्छ त्यसतो कार्यक्रम मनमोहन अधिकारीको नाम हामिले जोडिरहदा हाम्रो के अपमान हुने वाला छ मनमोहनअधिकारी जेष्ठहरुको नाममा सबै बृदबृदाहरुको एउटा र हामीले खासगरि साबिक यमालेको आँखावाट हेर्ने हो भने खासगरि हाम्रो धैरै मान्छे मन्त्री बन्नका निम्ति भोट माग्ने त्यो एउटा भाँडो भनौ कि कस्तो भनौ त्यसको नाम हामिले अलि राम्ररि प्रचार गर्दा हामिलाइ नै फाइदा हुने वाला छ त्यतापट्टि सोच्ने कि त्यो कार्यक्रम तिर डाइभर्ट गर्ने यतापट्टि हामी सोचौ भन्ने मेरो अनुरोध छ आग्रह छ सभामुख महोदय धेरै कार्यक्रमहरु हामीले ल्याका छौ नीतितथा कार्यक्रममा ल्यायका छौ धेरै कार्यक्रमहरु ल्याइरहदा अब हाम्रो बजेट कस्तो आउछ बजेट सन्तुलित र जेजे नारा ल्याछन त्यसरि हामी ल्याउन सक्छौ कि सक्दैनौ हामीलाइ बजेट र बजेट कार्यान्वयन अर्को महत्वपुर्ण कुरा देखिन्छ आज तिनवटा ब्रषहरुको गरिमा अगाडि बढिरहेको छ आर्थिक बर्षको हिसाबले तिनवटा बर्षहरु नीतितथा कार्यक्रमको हिसाबले हामी चौथो बर्षको नीति तथा कार्यक्रममा अगाडि जाँदै छौ यो आ.ब मा आगामी आ.ब मा जुन चाहि ०७७|०७८ मा हामीले हाम्रो गतिलाइ द्रुत ढंगले अगाडि नबढाउने हो भने फेरि पनि कछुवा तालमा हामीले पहिलो आ.ब मा भन्यौ जो हामीले दोस्रो आ.ब मा भन्यौ जो हामिले यो आ.ब मा भन्यौ यहि गतिले हामीले अगाडि बढ्ने हो भने हामिलाइ ईतिहासमा धेरै प्रस्न हुनेछन यो प्रश्न को उत्तर हामी दिन सक्ने वाला छैनौ हामि यहि उत्तर दिन सक्ने छैनौ कि हाम्रै कारणले हामीले दृढता पुर्बक हाम्रो सरकारले अगाडि बढ्न नसकेको कारणले हामिले ल्याको ०६२|०६३ को जनआन्दोलन जसको स्पिडमा यति धेरै मान्छेहरुको रगत, पसिना बगेर आएको संघीयता र संघीयता पछिको मुल प्रदेश सरकारहरु प्रदेश सभा माथि धेरै प्रशन हरु खडा भैरहेका छन थप प्रश्न हरु खडा हुने छन जसको जवाफ हामि दिन सक्ने वाला छैंनौ र अन्तमा हामी नै यस्तो हुनेवाला छौ कि, यहाबाट निस्किसकेपछि यसको छैन जो खासगरि आजको दिनमा पनि नेपालको कर्मचारी तन्त्र नेपालको एकखाले राजनीतिक नेतृत्व आज पनि संघियतालाइ मन पराइरहेको छैन आज पनि घुमाइफेराइ केन्द्रिकरणको सिद्धान्तमा देखिन्छ त्यसलाइ हस्तक्षेप पुर्ण तरिकाले खास गरि हाम्रो प्रदेशको नेतृत्वहरुले खासगरि हाम्रा मन्त्री

जि हरुले हाम्रा मानीय ज्यहरुले यो प्रदेश सभाले हस्तक्षेप पुर्ण तरिकाले हामिले अगाडि बढ्न नसक्ने हो भने हामिले यो संघियताको कतै हामी अन्तिम मलामी सुरुवातिका पनि साथै अन्तिम मलामि त बन्ने होइनौ मलाइ त यस्तो डर पनि लागि रहेको छ त्यकारण अन्तिम मलामी बन्नबाट जोगिनका लागि सभामुख महोदय, हामीले हाम्रो सरकारले हाम्रा गतिहरुलाइ फास्ट रुपमा दृढापुर्बक अगाडि नबढ्ने हो भने हामिलाइ यि प्रश्न हरुले दिइ नै रहने छ म अन्तमा सभामुख महोदय रुद्रपुरको सुन्दरपक्ष मैले अरु ठाउमा पनि भनेको थिय कार्यपालिका न्यायपालिका र ब्यबस्थापिका राज्यको प्रदेश सभा प्रदेश सरकारको जननि हो प्रदेश सभा प्रति प्रदेश सरकारको पुर्नतया अवनत्व हुननुपर्ने छ र अवनत्व बन्न दृष्टिकोणले धेरै ढङ्गले अगाडि आउनुपर्ने छ प्रदेश सभाको सचिव कुनै व्यक्तिको कुरा होइन त्यो हाम्रो माथिको चाहि सचिव जत्तिकै तलको सचिव मुख्यमन्त्री कार्यालयको जत्तिकै सचिव जतिकै यहाको सचिव पनि त्यहिबराबर हुनुपर्ने छ यहाको कर्मचारि पनि त्यहि बराबरकै स्टाबिलिस हुनुपर्ने छ यो सन्तुलन र ब्यालेन्स मिलाउनका लागि लोकतन्त्रको मर्यादालाइ स्थापित गर्नाका लागि यहाका कार्यबिधि हरु र संसदिय सिस्टमलाइ ध्यान दियर त्यो कुरालाइ हामिले अगाडि बढाउनु पर्ने छ अगाडि लैजानु पर्ने छ यता पट्टि लामि समय देखि यो कुनै मन्त्रालय जस्तो मुख्यमन्त्री कार्यालय अन्तर्गतको ७ वटा मन्त्रालय र अर्को मन्त्रालय  जस्तो होइन यो फरक चिज हो । त्यसको जननि पनि भएको कारणले त्यसको मर्यादा त्यसको सम्मान र यहा बस्ने माननीयहरु यहा बस्ने कर्मचारिहरु र यहा बस्नेहरुको क्षमता अभिबृद्धिको लागि हामीले ध्यान नदिने हो भने कसले ध्यान दिने आफ्नो जननि प्रति, आफ्नो आमा प्रति हामिले ध्यान नदिने हो भने अरुले छोराछोरिले सम्मान नगर्यो भने कसले सम्मान गर्ने त्यसैले यता पट्टि पनि ध्यानाकर्षण गर्दै हाम्रो नीति तथा कार्यक्रमले बजेटमा दृढतापुर्बक कार्यक्रम ल्यावस र यो नीतितथा कार्यक्रमको सफलताको कामना दिन चाहान्छु । धन्यवाद नमस्कार

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, आ.ब ०७७|०७८ को बार्षिक नीति तथा कार्यक्रम तेस्रो दिनको छलफलमा छौ हाम्रो सदुरपश्चिम प्रदेश सरकारएक्काइसौ शताब्दीमा अहिले सम्म पुरुष प्रधानमै अडियको छ । प्रथम प्रदेश सभाकोबार्षिक नीति तथा कार्यक्रममा प्रदेश प्रमुख प्रदेश सभामा प्रबेश गर्दा मर्यादीत अनुशासित का साथ प्रबेस गरायौ हामीले तर सुदुरपश्चिम प्रदेशका प्रदेश प्रमुख शर्मिला कुमारी पन्तले बार्षीक नीति तथा कार्यक्रममा प्रबेश गर्दा स्वागतका लागि कुनै किसिमको सजावत मर्यादीत अनुशासीत बिना प्रबेश सरकारले गराइयो यो महीला भएकै कारणले अपमान लगाउने काम गराइयो । उहा हाम्रो राष्ट्रपती हो उहालाइ हामीले फुलमालाका साथ सम्मान गरेर हामिले प्रबेश गराउनुपर्ने थियो त्यसकारण संघिय सरकारले संसद हाउसमा राष्ट्रपतिलाइ प्रबेश गराउदा बर्षेनि नीतितथा कार्यक्रममा मर्यादित अनुशासितका साथ प्रबेश गरायको हामी हेर्छौं नेपालको चलनचल्ति पनि छ यो त्यसकारण प्रदेश सरकारले संघिय सरकारवाट पाठ सिकोस र भविष्यमा यसको हुने कार्य नगोस मेरो बिनम्र अनुरोध छ प्रदेश सरकारसँग । माननीय सभामुख महोदय बुदाँ

न. १० मा सेतिप्रादेशिक अस्पतालमा कोरोना अस्पतालको निर्माण गरि ५० शैयाको निर्माण गरियको, हामीले सुनेका छौ र छ पनि अस्ति मात्रै गौरिगंगा नगरपालिका ७ अन्तर्गत कोरोना संक्रमित लाइ भर्ना गर्न सेति प्रादेशिक अस्पताल ले त्यहि ५० शैयाको अस्पताल भर्ना गराउन मानेको थियन । ति बिरामिलाइ महाकाली अस्पताल भर्ना गराइएको थियो म महाकाली अस्पतालालइ धन्यवाद दिन चाहान्छु । हाल सम्म सेती अस्पतालमा कोरोना संक्रमीत मैले बुझे अनुसार २६ जना मा ७ जना थप्दा ३३ जना हुन्छ भने, बाकी बेड १७ ति बेड कसका लागी छुट्याइएको हो मेरो प्रश्न छ सरकार सँग मन्त्री सांसद या ठुलाबडाका लागी हो कि यदि यो ठुलाबडाको लागि हो भने यो सुदुरपश्चिमको दुर्भाग्य हो । सभामुख महोदय मार्फत प्रदेश सरकारलाइ स्पष्ट जवाफ सरकारले गराइयोस । र त्यसमा म स्थानीय सरकारलाई धन्यवाद दिन चाहान्छु यो कोरोना रोकथामका लागि रात दिन अहोरात्र खटेर उहाँहरुले काम गरेको मैले देखेको छु र धनगढी वडा न. ७ र ८ कैलाली बहुमुखी क्याम्पस र १० एउटा गाउमा चाहि तपाइको किटको अभाव छ । सुत्नको समस्या छ र खानको समस्या छ र मास्कको पनि अभाव छ सरकारले त्यहाँ व्यवस्था गरोस म जुगेडाको केहि उदाहरण दिन चाहान्छु त्यहाको युवाहरुले गाउको समिति बनायर १० न. मा समिति बनायर खटिरहेका छन रात दिन खटिरहदाँ उहाहरुले सुत्ने समयमा २ दिन गोमन सर्प त्यहा पस्यो उनिहरु भाग्यले बाचें । अब उहाहरको लागि अब यो बरिखा आयो पनि पानी पनि परिरहेको छ । जङ्गलको अलि छेउमा पनि झाड च त्यो स्कुल छ त्यहानिर उनिहरुको बसोबास छ उहाहरुलाइ कसरि हामी व्यवस्थापन गर्न सक्छे सरकारको त्यतातिर ध्यान जावस । र कोरोना संक्रमण देखिएका बिरामिलाइ अस्पतालले भर्ना नलिदा यो सरकार आफ्नो जिम्मेवारी र दायित्व बाट बाहिरियको मैले बुझेको छु । आ.ब २०७७|०७८ कालापानी, लिम्पीयाधुरा र लिपुलेक बाहेक नया त्यसतो कुनै नयाँ कार्यक्रम आयको मैले देखेन गत वर्षकै सेरोफेरोमा रहेर आयको देखिन्छ आ.ब २०७४|०७५, ०७५|०७६ ,०७६|०७७ र ०७७|०७८ सम्म एउटै नीति आयको मैले देखेकी छु सभामुख महोदय बुदा न. २७ मुक्त कमैया, मुक्त हलिया तथा सुकुमवासी को समाधान गर्ने भन्ने आयको छ । हाम्रो ०७७|०७८ को नीतितथा कार्यक्रममा र ०७५|०७६ को बुदा न. ७ मा पनि मुक्त कमैया, मुक्त हलीया, सिमान्तकृत बर्गको जातजातीको उत्थान गरि प्रोत्सान गर्न समेटियको छ भन्ने मलाइ लागेको छ । ५ बर्षसम्म यो सरकारको अब २ बर्ष मात्रै बाकिँ रहेको छ २ बर्षमा यो सरकारलेसमाजलाइ कहिले बिकास गर्ने हो ?कहिले रुपान्तरण गर्न सक्ने हो यो सरकारले गरिमामय सदनलाइ जानकारी गराउनु पर्छ । किनभने म सँग ०७७|०७८ को नीति तथा कार्यक्रम ल्याउदा मसँग ०७४ को पनि नीति तथा कार्यक्रम छ । अनि यशमा दाजो गरे प्रत्येक बुदा लगभग तपाईको चाहि ०७४|०७५ को कै नीति कार्यक्रमका बुदाहरु रहेको छन त्यसो भए ३ बर्षमा हामीले केहि गर्न हामीले सकेनौ? किन हामीले गर्न सकेनौ त्यसको जवाफ पनी सरकारले दिनुपर्छ यसै गरि शान्तीसुरक्षा, भ्रष्टचार, चोरि, डकैति, हत्या, हिंसा, बलत्कार,जातीय छुवाछुतमा पनि कुनै कमि आयको देखियको छैन यो पनि ०७४|०७५ कै नीति तथा कार्यक्रम हो । बुदा न. ८५ एउटै सृष्टि समदृष्टि मूल नारामा राज्य

असफल भएको देखिन्छ । महिला हिंशा, घरेलु हिंसा, हालै देखियको रुकुमको जातिय हिंसा, छाउपडी प्रथामा पनि अहिले सम्मगोठम मृत्यु हुने, सर्पले डस्नेकार्यान्वयन कुनै भएको मैले देखेन त्यो पनि पुरानै नीति हो खालि यसमा जुन रुकुम घटना बाहेक सबै पुरानै ०७४।०७५ को नीति तथा कार्यक्रम हो । प्रदेश सरकारको कमजोर नीति भएको कारणले हो र हिंसा , जातिय छुवाछुत,बलत्कार, घरेलु हिंसा न्युनुकरण भएको देखियन दिनहु मानविय हत्या, हिंसा बलत्कार र भ्रष्टचार बनेको यो प्रदेश सरकारको थुप्रै नालाएकको कारणले भ्रष्टचार भएको छ र सरकारको खिच्रो नीतिको कारणले परीणाम मुखि परिणाम आयको छैन । संवेदनशिल क्षेत्रमा रोकथामको लागि त्यस क्षेत्रका सांसदलाइभुमिकाको जिम्मेवारि बहन गर्न दिनुपर्छ । यो सरकारले आफ्नो क्षेत्र आफै बनाउभन्ने नीतिमा सफलता पाउनुपर्छ सरकारले कृषिका कुरा गरौ भने हामीले भनेका थियौ थुप्रै हामिले कृषिमा जानकारि दियका थियौ । हामिले भनेका थियौ मलखाद, उन्नत बिऊ, रोगको नियन्त्रण , औषधी जनतामा सहज उपलब्धता ब्यवस्था गरियोस भन्ने सुझाव दियको थियो । समस्या जहाको त्यहि र यो मलखाद, उन्नतजातको बिऊको लागि किसान बरिखा लागिसक्यो र अहिलेसम्म पनि तड्पिरहेका छन बिशेस गरि कैलाली , कञ्चनपुर लगायत केहि पहाडका जिल्लालाइ कृषि जोन क्षेत्र घोषणा गरियोस भन्ने पनि मैले सुझाव दियको थिय । सवै सहरी बिकास , सहरि निवास, औद्योगिक क्षेत्र, कृषि क्षेत्र पहिचान गरि संवेदनशिल भू-खण्डिकरण रोक्नुपर्छ । कृषि क्षेत्रलाई बचाउनुपर्छ ९ वटै जिल्लामा ७ जिल्लाका लागि बिज्ञानको पहुचको लागि कैलाली, कञ्चनपुर कृषि जोन जिल्ला नीति तथाकार्यक्रममा सम्बोधन गर्नुपर्छ तर त्यो हुन सकेन , सभामुख महोदय बुदा न. ४१ मा बनको संरक्षण बनको संरक्षण ०७४।०७५ मा पनि च त्यो बनको संरक्षण भन्दा पनि त्यसको बिनाश भएको देखियको छ । बुदा न. ४१ मा पनि प्रदेश सरकारको पुन देखियको छैन । बाह्र बनको महत्व म केहि भन्न चाहान्छु । बाह्र बनसमुदायको गलत तरिकाले रिसर्चन गरियको देखिन्छ । अमेरिकाको बैज्ञानीक बन जङ्गलको नीति नेपालमा लागु गरेमा असफल गर्न सकिन्छ त्यो देखिका पुर्खाको बाजे, माउते रुखहरु बनजङ्गलमास्ने काम भएको छ । म बाणिज्य उद्योग मन्त्रीको ध्यानाकार्षण गराउन चाहान्छु एक पटक सरकारले राम्रो सँग अध्ययन गरोस बिश्वमा सबैभन्दा राम्रो मानिने सालको रुखनै हो यसको लागि ध्यान गर्न जरुरी छ सभामुखलाइ । सभामुख महोदय समय एकदमै कम देखियको छ थारु र रानाथारुको जीबनस्तर प्रबर्द्धन गर्न होमस्टे सञ्चालन गर्ने बिषयमा केहि धारणा राख्न चाहान्छु । प्रदेश सरकारको कुनै पनि होमस्टे कार्यक्रम अगाडि बढाउन योजनामा सहजीकरण र सहज कार्यबिधि बनाई सिधा होमस्टे समिति निर्माण गर्दा समयमै पर्यटकिय गन्तब्य स्थलमा टेवा पुग्ने छ । सभामुख महोदय म केहि ईतिहासिक धार्मिक कञ्चनपुरको बालुवा ताल, बेतकोट ताल, घण्टेश्वर, शुक्लाफाँटा पर्यटकिय गन्तब्य स्थलको बार्षिक नीति तथा कार्यक्रममा राख्न सुझाव दिन चाहान्छु कञ्चनपुरको ईतिहासिक धार्मिक स्थल बाबा दरबारको पुरातात्विक बाट उत्खनन् भइ यस बार्षिक नीति तथा कार्यक्रममा आयन कुनै बिकल्पले गर्न सकिन्च म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । कञ्चनपुरको थारुगाउको पहिचान गाउको अन्तिम कालको पुडिया दानवको अन्तिम अवशेस अस्थिरपञ्जको

पुरातात्विक बिभागको उत्खनन भइ संरक्षण , संवर्द्धन का लागि पनि यश बार्षिक नीति तथा कार्यक्रममा आयको छैन । म सुझाव दिन चाहान्छु यो कसरि राख्न सकिन्छ यसलाइ राख्नुपर्छ र सभामुख महोदय धनगढि हंसनपुरदेखि स्याउले सम्मको सडक जुन जर्जर अवस्थामा छ प्रदेश राजधानिसँग जोडियको स्याउले राजमार्ग बार्षिक नीति तथा कार्यक्रममा यो सडक किन आउन सकेन । कैलालीको चुरे हुदै डोटि जाने सडक नीति तथा कार्यक्रममा आयन । सभामुख महोदय बुदा न. ३५ को मुख्यमन्त्री प्रदेश स्वयमसेवक सञ्चालन कार्यक्रम यसमा मेरो सुझाब छ स्वयमसेवक मात्र एउटा कार्यक्रमले मात्र हुदैन मन्त्री जि स्वयम मलाइ लाग्छ ३ बर्षको अवधि मात्रै छ स्वयमसेवक रात दिन अहोरात्र खट्छन उहाहरुलाइ पारिश्रमिक तलब भत्ताको व्यवस्था गरियोस । सभामुख महोदय बुदा न. २६ मा जनयुद्दको सबक आयको छ त्यो सबक चाहि संबिधानको मुल आयको छ त्यो हटाउनुपर्छ । सभामुख महोदय कोरोना महामारि नीयन्त्रणको लागि निर्वाचन क्षेत्र बिकास कोष रकम लगायत निर्वाचन क्षेत्र कोषको रकम लगायत बढि भन्दा बढि रकम बिनियोजन गरियोस । सभामुख महोदय मलाइ ३ बर्षको आ.ब को बजेटबाट बञ्चित गरियको छ मलाइ ०७७|०७८ को पनि आशा छैन मैले गत बर्ष माननीय मुख्यमन्त्री देखि लियर सवै मन्त्रीलाइ मैले

**माननीय प्रकाश रावल**

माननिय सभामुख महोदय आ.ब ०७७|०७८ को नीति तथा कार्यक्रम सुदुरपश्चिम प्रदेशका प्रमुख माननीय शर्मिला कुमारी पन्त ज्युबाट प्रस्तुत भएको छ उहालाइ धन्यवाद दिन चाहान्छु र यसै गरि प्रदेश सरकारले समयमै नीति तथा कार्यक्रमलाइ व्यवस्थित गरेकोले प्रदेस सरकारलाइ पनि धन्यवाद दिन चाहान्छु र माननीय सभामूक महोदय यश नीति तथा कार्यक्रममा व्यवस्थित धेरै बुदाहरु व्यवस्थित भएर आयको छ र समिक्षाको रुपमा पनि हामीले यशमा गत बर्षमा सरकारले गरेको कार्यक्रम को समिक्षा पनि हामीले देख्यौ र यश बर्ष हाम्रो प्रदेशमा मात्रै नभएर सिङ्गो नेपालमै समय परिस्थितिका बाबजुत जुन कोरोनाभाइरसले बिश्वलाइ नै आक्रन्तिक गरेको बेलामा हाम्रो सुदुरपश्चमिम पनि यशबाट अछुतो हुन सकेको छेन यसका लागि यसलाइ व्यवस्थित गर्न कम क्षति हुने र क्षति भएका भाइरस संक्रमित भएका ब्यक्तिलाइ हामीले क्षति हुनबाट वचाउनका लागि सरकारले महत्वपुर्ण योजनाहरु अगाडि सारेको छ र त्यसमा प्रदेश सरकारले महत्वका साथ त्यो पक्षलाइ क्षति हुनवाट वचाउनका लागि जुन प्रत्येक स्थानीय तहमा १५ शैयाको अस्पताल बनाउने भन्ने जुन अगाडि सारेको छ त्यो सराहनीय छ त्यसलाइ कार्यान्वयनको पक्षमा गयको खण्डमा अवश्य पनी स्वास्थ्य क्षेत्रमा टेवा पुग्ने मैले देखेको छु । हाम्रो नेपालको नक्सा जुन नक्साकंन भएको छ हाम्रो गुमेको भुभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र जुन अहिले नक्सांकन भएको छ र त्यो क्षेत्र हाम्रो प्रदेशको क्षेत्रफलमा पर्ने र हाम्रो प्रदेशको क्षेत्रफलमा त्यो प्लस भएको छ र त्यस क्षेत्रमा बस्ने नागरिकहरु जुन छन उहाहरुको सहि ढङ्गले बिकास गर्ने यहा कुरा आयको छ मुख्यमन्त्री यकिकृत बस्ति बिकास को कुरा पनि त्यहि क्षेत्रबाट हाम्रो सुरुवात हुनुपर्छ ।

लिम्पियाधुरा, लिपुलेक , कालापानी भित्र रहेको ब्यास गाउपालिका जुन छ त्यस क्षेत्रका नागरिकहरुले लामो समय देखि आफ्नै जिल्लाको सदरमुकाम आउन पनि भारतको भुभाग बाट आउनु पर्ने । आफ्नो उपभोग्य बस्तुहरुको लागी पनि भारतकै बजार प्रयोग गर्नु पर्ने अवस्था जुन छ त्यो अबस्थालाइ यस बर्ष प्रदेश सरकारले त्यो क्षेत्रलाइ सदरमुकाम सम्म पुग्ने बाटो निर्माण गर्ने र यकिकृत बस्ति बिकास कार्यक्रम त्यहिबाट शुरुवाट गरेको खण्डमा उहाहरुलाइ पनि नेपाल प्रति हुने र भारतमा उपभोग्य बस्तुको लागि खरिद गर्न जादा वा नेपालको बाटो आयर भारतबाट हिड्दा अपहेलित हुनबाट मक्त हुने वाताबरणको सिर्जना गर्नु छ किनभने अहिले त्यो क्षेत्र अब नेपालको सिमांकन मा आईसकेपछि भारत जादा अपहेलित हुनुपर्ने समस्या अझै बढि देखिन्छ । त्यो कुरामा प्रदेश सरकारले त्यो व्यवस्थापनमा ध्यान दिनुपर्छ र त्यसैगरि जुन हाम्रो सिमामा अहिले पनि कालापानि सिमामा नेपालि सुरक्षा कर्मिहरु पालको मुनी बस्नुपर्ने समस्या छ त्यसमा छिट्टै भिवपिको निर्माण होस । भिवपिको निर्माण गर्ने कुरामा प्रदेश सरकारले ध्यान दियर बजेट बिनोयोजन गर्ने र प्रदेश सरकारले जानुपर्ने अवस्था मैले देखेको छु । नीति तथा कार्यक्रममा राम्रा कुराहरु छन केहि कुराहरुमा मैले नयाँ जन्मने बालिकाको भविष्य सुनिश्चित गर्न नयाँ जन्मने बालिका बिमाको नीतगत व्यवसथा गरियको छ यो अहिलेको परम्परा बिज्ञानको युग सँगै भ्रुण हत्या गर्ने परम्परा बढेको छ यसलाइ यसले रोक्ने छ यसले महिलाको सुरक्षाको पनि यसले सम्बोधन गर्ने छ भन्ने मलाइ लागेको छ र त्यसैगरि छिमेक तथा तेस्रो मुलुकबाट रोजगारी गुमायर फर्केका ब्यक्तिहरुको ज्ञान, सिप र क्षमता  प्रयोग गरि कृषि तथा गैरकृषि क्षेत्रको उत्थान गर्ने कार्यक्रम हुनेछन यस्ता ब्यक्ति तथा उद्यमिहरुलाइ लक्षित गरि सहुलियत दरमा बिना धितो ऋण प्रदान गरिने छ भन्ने कुरा आयको बिना धितो यो अत्यन्तै महत्वपुर्ण छ यस्ले अहिले कोभिड १९ ले अत्यन्तै रोजगारिका लागि तेस्रो मुलुक अर्थात भारतमा गयका युबाहरुलाइ फर्कने पर्ने कारण रहेको छ यो कोभिड १९ को असर अहिले पनि हामीले अनुमान गर्न सकेका छेनौ यो कहिले सम्म प्रभाब पर्ने कुरा निश्चित भएको छैन । त्यसैले यो रोजगारी सँग लक्षित युवाहरलाइ यो बिना धितो जुन कर्जा दिने कुराहरु अहिलेको नीति तथा कार्यक्रममा आयको छ यले उहाहरुलाइ रोजगारीसँग जोड्ने यले ठुलि योगदान गर्ने मैले महशुस गरेको छु र स्वास्थ्य सेवा आपुर्ति व्यवस्था गरि जनतालाइ रोगबाट वचौ भोकबाट वचाऔ भन्ने हभियान शुरु हुनेछ भन्ने कुरा आयको छ । यो रोगबाट बचाउने र भोकवाट वचाउने कुरा जुन छ यो नारा अत्यन्तै महत्वपुर्ण राम्रो छ यलाइ हामीले नारा अनुसार कार्ययोजनामा सञ्चालन गर्न सक्यौ र यसको शिर्षकमा बजेट बिनियोजन गरेर कार्यान्वयन गर्ने सक्यौ भने राम्रो छ रोग भनेको अहिले कोभिड १९ मात्र नभएर अनेकौ किसिमका रोगका कारणले नागरिकले ज्यान गुमाउन परेको छ प्रत्येक जिल्लामा एउटा ५० शैयाको अस्पतालको निर्माणको कुरा होस या अहिले कोभिड १९ को कारणले हामीले स्वास्थ्य क्षेत्रमा ध्यान केन्द्रित भएको छ यति बेला स्वास्थ्य क्षेत्र नै ज्यान भएपछि बिकासका कामहरु बिलाशिताका कामहरु अनेक सेवासुबिधाका कुराहरु जबसम्म हामी स्वस्थ रहन्छौ तब उपभोग गर्न सक्छौ भन्ने कुरा अहिले सबैले महशुस गरेको अवस्था भएको कारणले हामीले स्वास्थ्य लक्षित कार्यक्रम गरेर रोग बाट वचौ भोकबाट वचाऔ भन्ने नाराका साथ

कार्यक्रम ल्याको छ यो पनि महत्वपुर्ण रहेको छ । प्रदेशमा लगानी अभिबृदि तथा बिस्तार गर्न लगानी मैत्रि बाताबरण सिर्जना गरिने भनेको छ लगानी मैत्रि बाताबरणका लागि हामीले प्रदेशमा रहेका सम्भावनाहरुलाइ के कति उजागर गरेका छौ र त्यो सम्भावनाहरु लाइ हामीले औद्योगिक क्षेत्रको बिकास र हामीले हाम्रो प्रदेशमा रहेका कच्चा मालको उजागार गर्दै बैदेशिक लगानि होस , स्वदेशि लगानी होस त्यसलाइ आकर्षण गर्ने कामहरु योजनाहरु बजेटमा बिनियोजन हुने छन अवशय पनि यसले हाम्रो प्रदेशको औद्योगिक क्षेत्र मजबुत र त्यसलाइ ब्यवस्थापन गर्ने सक्यो भने मात्रै हामीले रोजगारिलाइ बढाउने र बेरोजगारीलाइ घटाउन महत्वपुर्ण भुमिका खेल्ने मैले महशुस गरेको छु । र प्रदेस सरकारले महत्वपुर्ण नीति तथा कार्यक्रम ल्याको छ त्यसको सफलता भनेकोअब आउने बजेटले यसलाइ सम्बोधन गर्ने र त्यसमा कार्यान्वयनको पाटोलाइ हामीले समयमै यसलाइ व्यवस्थापन गरेर खर्च गर्ने अर्थात योजना सम्मपन्न गर्ने दिशामा हामी अगाडि बड्यौ भने यो नीति तथा कार्यक्रमले प्रदेश सरकारको गौरवता र हाम्रो प्रदेशका जनताले प्रदेश सरकार प्रति सोचेको आशा पुरा हुने मैले सोचेको छु र यो नीति तथा कार्यक्रमको पुर्ण सफलताको शुभकामना ब्यक्त गर्दै आफ्ना कुरा टुङ्ग्याउछु, धन्यवाद ।

**माननीय उमा कुमारी वादी**

माननीय सभामुख महोदय, नीति तथा कार्यक्रम बडा मेहनतका साथ सुजबुजका साथ सम्पुर्ण यो प्रदेशमा बस्ने समुदायलाइ समेटेर आएको छ । त्यसकारण हामीलाइ र पछाडि बस्ने माननीयहरुलाइ बोल्न हामी बाध्य भयौ रहरले होइन शुरुमै म के भन्न चाहान्छु भने प्रदेश प्रमुख ज्यु यो भन्दा अगाडि २ जना माननीय ज्युले भनिसक्नु भएको छ त्यो कुरामा मेरो पनि पुर्ण सहमति र त्यो कुरामा मेरो पनि थपे मैले सायद दुतिहाइको सरकार भएको कारणले खास महिला भाकै ले अलिकति सम्मान भएको हो कि ? माननीय सभामुख महोदय यो प्रदेशमा साच्चिकै गरेर नीतितथा कार्यक्रम कोरोनाको कहर छ त्यो भन्दा कम दारुको कहर छैन साच्चिकै गरेर दारुको कुरा कहिकतै नीति मा आयन यहा बिरामीले औषधि खान पाउदैनन् बिरामीले चेक गर्न पाउदैनन् बिरामीका लागि अस्पतला कन्नि के के हुदैन तर कदम कदम मा दारुका भट्टिहरु छन केहि पर्ने बितिकै मेरो माथि यो छ है भन्ने किसिमको आउछ । त्यसकारण दारुको अन्त हुनुपर्छ माननीय सभामुख महोदय किनभने दारुको कारणले यो प्रदेशमा बस्ने महिलाहरु बलत्कृत भएका छन, शोषणमा परेका छन , अन्यायमा परेका छन दुनियाघर सर्बस्व भाको छ त्यसकारणले दारुको अन्त हुनुपर्छ अर्को कुरा हामी सबै माननीय ज्युको मनमा छ जुन यो सडकमा छाडा रहेका गाइहरु हामीले गौमाता भनेर पुज्छौ लक्ष्मि पुजामा त हामीले एकदमै भए भरका रोटि सेल रोटि बनायर पुज्छौ तर सडकमा आज परेका गाई हरुको व्यवस्था नीति तथा कार्यक्रम किनआयन आउनुपर्थ्यो यो सुझावका रुपमा राखुस । अर्को कुरा काग कराउदै जान्छ पिना सुक्दै जान्छ भने झै यो जुन समानुपातिक र प्रत्यक्ष माननीय ज्युको यो जुन फाट छ छ माननीय सभामुख महोदय यो खाडल कबसम्म रहने यो ५ बर्ष पछि पनि त पालो सबैको आउला क्यारे । यो खाडलको अन्त हुनुपर्छ

०७४ मा गरियन , ०७५ मा गरियन तर ०७७|०७८ मा गरियोस भन्ने मेरो पनि माग हो किनभने समानुपातिक माननीय अब सडकमा पक्कै पनि जाँदैन किन भने अब यो सडककै पिडा लियर हामी सदनमा आयका छौ । समानुपातिक माननीय ज्युहरु हामीसँग प्रत्यक्षका माननिय हरु पुग्नु भयो भने सदनको हाल के होला यो सरकारको हाल के होला यो बुझिदेवस यो हाम्रो अनुरोध हो । मेरो अगाडि हाम्रो अभिभावक मुख्यमन्त्री यहाँ हुनुहुन्छ कहिले काहि दुख लाग्छ । अचम्म लाग्छ आज मालामति माननीय ज्युले भन्या जस्तै मैले पनि बारबार दिउ कि नदिउ भन्ने भैराको छु कागलाइ बेल पाक्यो हर्ष न बिस्मात । मैले हिजो अस्ति पनि भन्या थिय आज पनि भन्दै छु मुख्यमन्त्री ज्यु, सभामुख ज्यु, मेले धेरै पटक यो लकडाउन भन्दा अगाडिकै अधिवेशनमा धेरै जना बादिहरु घुम्या छन हातमा चाहि माछो माछो भ्यागुतो परेको छ त्यसकारणले अब देखि समानुपातिकमाननीय र प्रत्यक्षको माननीयलाइ बराबरको हिस्सेदार बनाउनुहोस एउटा रथको २ पांग्रा भन्ने एउटा पांग्रालाइ हावा नभर्ने एउटा पांग्राको चाहि डल्लो मा बजेट परेको छ परको छ धान्ने नसक्ने त्यसको अन्त हुनुपर्छ । माननीय सभामुख महोदय फेरि पनि ०७४ मा बोल्या थिय, ०७७ मा बोल्नै प्रने होला यो नीति तथा कार्यक्रममा मैले बारबार के भन्या छु भने यो गृहिणि भत्ता के गारो छ सरकारलाइ हामी महिला मानणीय ज्युहरुले सजिलै पार्दिन्छौ त्यो सजिलो पार्नको लागी अगाडिको बेन्चमा त भन्न सक्दिन माफ गर्नुहोला तर पछाडिको बेन्चमा बस्ने माननीयहरुले गृहिणि भत्ताको लागि पक्कै सहयोग गर्नुहुन्छ माननीय सभामुख महोदय मार्फत यो सरकारलाइ म आगह्र के गर्न चाहान्छु भने गृहिणि भत्ताको व्यवस्था गरियोस । हामीले लगायका पोषाक ति गृहिणी महिलाले सफा गरेर लायर यो हाउस भित्र पठाउने हामीले कामबाट ३ घन्टा पछि फर्केर जाँदा त्यहि गृहिणि महिलाको बनाको खाना मिठो मानेर छिटो पस्क है भनेर खाने तर गृहिणी महिलालाइ सहयोग कब मिल्ने हो ? माननीय सभामुख महोदय भाषणमा त हामी महिला भन्छौ तर सम्मान गर्दा खेरि गाइको जति पनि सम्मान गरिदैन भने यो प्रदेश सरकारले के गर्न खोज्या हो त्यो थाहा भएन । अर्को कुरा बादि, दलित, पिछडा बर्ग, साना थारु हरुको लागि मैले बारबार माननीय सभामुख महोदय सँग पनि मैले यो बिन्ति गरेकै हुँ मुख्यमन्त्रीसँग पनि गरेकै हुँ अर्थमन्त्रालय सवै ७ वटै मन्त्रालयमा पुग्या हो कम्तिमा यो प्रदेशले डाटा त लगोस बिधाता । के भन्ने यो डाटा त लग्नु पर्छ यो प्रदेशमा बादिको कति छन त राना कति छन थारु कति छन दलीत कति छन । अन्दाजिको भरमा कलम नचालाउ नीति कार्यक्रममा दलितको कित्तामा उभियर यो कार्यक्रम ल्याउ , महिलाको कित्तामा उभियर यो कार्यक्रम ल्याउ हैन भने आकशे योजना नलेखम यो ले सामाजिक भत्ताको कुरा गरिसके बादीलाइ मात्र होइन मैले सम्पुर्ण दलीत सक्छ भने सरकारले नसक्ने कुरै भएन प्रदेश सरकारले प्रशस्त डल्लो बजेट चलाइन्छ नीति तथा कार्यक्रममा यो प्रदेशमा बस्ने सम्पुर्ण महिलालाइ सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनुपर्छ । तपाइहरुलाइ नि सजिलो होला भोलि चुनावमा जाँदाखेरि हामीले यो गर्या हौ भन्नाका लागि समानुपातिक माननीय ज्युहरु पनि जानुहुन्छ होला हामीले पनि जानै पर्ने होला त्यतिखेर प्रदेश सरकारले सामाजिक सुरक्षा भत्ता दलितका लागि जनजातीका लागि बादिका लागि गरेको छ है भन्नको लागि नीति तथा कार्यक्रममा आउनुपर्छ ।

अन्य बाहिर बाट आउने जो नेपालि दाजुभाउहरु छन तिनका लागि हामीले गम्भिर भएर सोच्नुपर्छ हाम्रो सरकार दुइतिहाइको सरकार त्यसमाथि पनि कम्न्युष्ट को सरकारले बेरोजगारि भएर त्यहाबाट मृत्यको संहारमा लड्दै जो आफ्नो देशमा , आफ्नो प्रदेशमा भित्रियका छन तिनिहरुको लागि नीति तथा कार्यक्रममा लेख्ने मात्रै होइन काम गरेर देखाउने बेला आयको छ कम्तिमा हामी समानुपातिक माननीय ज्युहरुलाइ अरु माननीयहरुलाइ त सरकारले खटावस त्यहा पठावस हामीलाइ त यो राहत दिदा पनि सदस्यका हैसियतले हो समानुपातिकका माननीयहरुको हैसियत नै भएन बारबार य बाबा हामिलाइ पनि बोलाउ न हाम्रो नगरपालिका भित्र कुन भित्र केके दिइराख्नु भएको छ तपाइले भन्ने कुरा गर्दा खेरि हैन तपाइहरुलाइ त खोजि नै छैन प्रदेश सरकारको नियत मा हामीलाइ शंका लाग्छ नीति तथा कार्यक्रममा भन्नु हामीलाइ केहि छैन तर अब कहि सुधार भएर आवस हाम्रो आग्रह हैन भने यो जिउसँगै अरु माननीय ज्युहरु पनि हाम्रो साथमा हुनुहुन्छ हामीलाइ बिश्वास छ सदनमा अर्को रुप लिन नपरोस किनभने हामी संघर्षबाटै आयका भएको हुनाले अब यो खाडलको अन्त हुनुपर्छ हैन भने डल्लो बजे फोर्न हामी पनि जान्या छौ करोड का करोड योजना आफ्नै क्षेत्रमा हाल्ने हनि हामीलाइ हुन्छ भनेर यो सहमति त हामीले सुन्यौ हामी पनि भित्र लग्दै छौ के हो तपाइहरुले भलादमि सहमति दिनुभयो बिद्धानको सहमति दिनुभयो अनि यो के गर्नु भाको त उहाहरुले त्यो कमल वलिले तपाइहरिलाइ मात्र हो भन्दा खेरि उहाहरु हिजोबाट फेरि बार्ता शुरु भएको छ त्यो बार्ता मा जानुभन्दा अगाडि माननीय मन्त्रीहरुले त्यो अब नआवस भलादमि सहमति पनि नहोस यो तेरो र मेरो पनि नआवस सम्पुर्ण ५३ माननीय ज्युहरुलाइ बराबरिको हिस्सेदार बानइयोस भन्दै मेरा दुई शब्द यहि राखे हवस त धन्यवाद

**माननीय लाल बहादुर खड्का**

माननीय सभामुख महोदय, आ.ब ०७७|०७८ को नीति तथा कार्यक्रममा हामी छलफलमा छौ नीति तथा कार्यक्रममा धेरै बहस भैसकेको छ । त्यसका बिषयमा धैरै कुराहरु आइसकेका छन र समग्र रुपमा सुदुरपश्चिमका सवै भावनाहरुलाइ समेटेर ल्याउने अगाडि बढ्ने प्रयत्न नीति कार्यक्रममा देखिएको छ त्यसो भएको कारणले सभामा आइसकेकको हुनाले मैले त्यसकोधैरै चर्चा भन्दा पनी नीतिकार्यक्रमले अहिलेको परिस्थितिमा हामी कोरोना महामारिसँग जुधिरहेका छौ र राष्ट्रियताको सवालमा अर्को एउटा लडाइमा हामी अगाडि बढिरहेका छौ त्यो हुनाले ति २ महत्वपुर्ण बिषयलाइ अजै महत्वका साथ बजेट कार्यक्रमले समेट्न सक्यो भने सुदुरपश्चिमका लागि अझ राम्रो हुन्त्यो त्यसो हुनाले मैले सुझावको रुपमा केहि कुरा राख्न चाहान्छु । हामी लकडाउनको कारणले मात्रै अहिले सम्म हाम्रो स्वास्थ्यको क्षेत्र त्यो नेपाल भरिकै र त्यसमा पनि सुदुरपश्चिमको अत्यन्त कमजोर छ त्यलाइ हामिले यहि विचमा व्यवस्थापन गर्नाकालागि केहि व्यवस्था भएका छन र त्यसका बाबजुत पनि अझ यलाइ ब्यस्थित गर्न आवश्यक छ त्यसो हुनाले अहिलेको बजेटले स्वास्थ्यलाइ प्राथमिकतामा राखोस भन्ने स्वास्थ्यका अस्पतलालाइ हामी कति सक्छौ सके ५० नत्र २५ को जिल्ला अस्पतलाइ ब्यवस्थित गर्ने काममा  त्यो पनि छोटो समय उपयोग गरेर अहिले सरकारले लाग्न आवश्यक छ त्यो सैगै हिजोका स्वास्थ्य क्षेत्रहरु छन भौतिक पुर्बाधार छन त्यलाइ फेरि

व्यवस्थापन गरेर अब सबै मान्छेहरुलाइ यउटै ठाउमा ल्यायर उपचार गर्ने भन्दा पनि उपचारलाइ बिकेन्द्रिकरण गर्ने गाउगाउमै सबै स्थानीय तहमा पुग्दा गर्ने गरि कन जानु पर्छ भन्ने मलाइ लागेको छ हामिले अस्ति कञ्चनपुरमा बसेर छलफल गर्दा पनि क्वारेन्टाइन पनि ब्यवस्थित गर्न नसकिने भो सरकारी स्कुलहरु सामुदायिक बिद्यालयहरु र अन्य सबै सरकारी भवनमा भरिभराउ भैसके पछि अब राज्यले होम क्वारेन्टाइनको नीति पनि ल्याउनुपर्छ भनेर कञ्चनपुर जिल्लाले होम क्वारेन्टाइनको पनि अगाडि बढायको छ त्यहि टेष्ट गर्ने त्यहि चाहि उनिहरुलाइ स्वास्थ्य उपचार गर्ने गरेर जानुपर्छ भन्ने म अनुरोध गर्न चाहान्छु । र त्यो सँगै मान्छेहरु अहिले बिदेशबाट आयकाछन अपहेलना सहेका छन धेरै कुराहरु सहदै मान्छेहरु यहासम्म आइपुग्या छन र त्यो पिडाको सँगै उनिहरुमा एउटा बलियो भावना पनि आयको छ अन्तिममा एउटा चाहिने त आफ्नै देश रहेछ । आफ्नै देश सकिनसकि बनाउनुपर्ने रहेछ। त्यहि केहि गर्नुपर्छ भन्ने भावना रहेछ त्यो खालको भावनालइ अब हामिले सरकारले प्रयास गर्नुपर्छ । त्यलाइ जोडेर लानुपर्छ । योजनाहरु फेरि के हुदा रहेछनभने जतिखेरा मान्छेलाइ समस्या हुन्छ भावुक हुन्छ तर त्यो समस्या समाधान भयो भने फेरि चाहि बिर्सन सक्छ त्यसलै अहिले हामी आफ्नै देशमा जे गरेर भए पनि यहि स्वाभिमानि भएर बाच्नु पर्छ भन्ने त्यो हामीसँग आयको छ त्यसो हुनाले हामिले भौतिक बिकासका कामहरुलाइ अलि पछाडि धकेलौ तर कृषिलाइ र त्यो पनि व्यवसायिक कृषिलाइ र साना उद्योगलाइ व्यवस्थित गर्ने गरिकन हाम्रो बजेट त्यसरि अगाडि बढोस । बजेट खर्चको झन्झिटाला छन त्यलाइ पनि सहजिकरण गरौ हामी भन्ने र उले चाहेको कुरामा हामी सरकारले यो खालको लागनि गर्छौ तिम्रो लगानीमा हाम्रो यो खालको बजार ब्यवस्थापन हुन्छ तिम्रो आपुर्ति यो प्रणालि अनुसार हुन्छ जान तयार हुनुपर्छ र त्यसपछि मान्छे जान तयार छन र निर्यातमा हाम्रो कृषिमा धेरै खालका बितरण केन्द्र त हामीले ल्यायौ ज्ञान केन्द्र पनि २ वटा जिल्लालाइ यउटै ज्ञान केन्द्रले हेर्नुपर्ने भित्र आवश्यक जनसक्तिको अभाव को कारणले त्यो प्रभावकारि हुन सकेको छैन त्यसो हुनाले अब कृषि मन्त्रालयले र सरकारले अब स्थानीय तह सँग बसेर तिमि के गर्ने हामी के गर्ने र कसरि परिचालन गर्ने भन्ने योजनाका साथ अब ति बिदेश बाट स्वदेश फर्कियका युवाहरुलाइ काममा लगाउन जरुरि छ यो योजनाका साथ अगाडि बढ्नुपर्छ भन्ने मलाइ लागेको छ यदि हामीले त्यसो गर्न सकेनौ भने मुलुक आत्मानिर्भर हुन सक्दैन । त्योहामीले देखेका छौ हाम्रो सम्बन्ध बिग्रिन्छ उले अन्तिम अश्रुका रुपा त्यहि नाकाबन्दीलाइ लिन्छ । हामीले बिगतमा हरेक हाम्रा अलिअलि मनमुटावका कुरा देखेका छौ उसका अन्तिम अश्रुका रुपमा नाकाबन्दिलाइ अगाडि बढायको छ । त्यसो हुनाले अहिले पनि यो नगर्ला भन्न सकिन्न त्यसकारणले त्यो किसिमको तयारि खाद्यान्नमा आत्मानिर्भर हुने गरेर यो सरकारले नीति बनाउनुपर्छ । मेरो त अझै अनुरोध छ यो सरकार सँग हामीले कञ्चनपुरको सिडियो लाइ भन्यौ त्यहावाट आउने मान्छे रोक्ने हो भने खाद्यान्न पनि रोकौ अहिले एउटा बाहना छ भने त्यो नाका बन्द छ अहिले कैलालीकोनाकाबाट धेरै तरकारिहरु आइरहेको छ । जब कि हाम्रो पहाडि जिल्लामा तरकारि हरु आलु छ , अरु तरकारि छ हामिले त्यलाइ प्रोत्साहन गर्न सकेको छैन त्सकारणले प्रदेश सरकारले पनि अर्को खालको हुनत केन्द्रिय सरकारको संघिय सरकारको

मातहतमा भन्सार हुन्छ त्यहाको सबै कुरा हुन्छ । तर पनि अरु कुनै तरिका अपनायर भए पनि त्यो कुरालाइ रोकौ र स्वदेशि उत्पटदानलाइ प्रोत्साहन गरौ अहिले पनि पहाडी जिल्लामा सबै जिल्ला मा छ तर त्यो कैलालि, कञ्चनपुरमा आउन सकेको छैन तर भारतको आलु कैलाली, कञ्चनपुरमा आयको छ त्यो भित्र धेरै कुनै चेकजाँच नै भएको छैन बिषादि पनि चेकजाँच भएको छैन त्यसको किटाणु पनि चेक भएको छैन त्यो खाद्य हो कि होइन त्यो पनि थाहा छैन र पनि आईराखेकोछ त्यसकारणले त्यलाइ कसरि प्रोत्साहन गर्ने कसरि निरुत्साहित गर्ने र कसरि आत्मानिर्भर बन्ने भन्ने बिषयमा हाम्रो ध्यान जानुपर्छ । एउटा खबर पढे दार्चुलाको व्यास गाउपालिकामा त्यहा आलु बेच्नु पर्ने तर अहिले ईन्डियासँग जुनखालको समस्या भयो र बजारमा आउन सकेन र त्यहि कुहियो भन्ने खालको समस्या देखियो र नेपाल सरकारले , संघिय सरकारले अहिले बाटो बनाउदै छ त्यो बाटो बनाउन समय लाग्ला अहिले प्रदेश सरकारले प्रत्यक्ष देखिने गरि त्यहाका मान्छेको जीबनमा प्रत्यक्ष लाभ हुने गरि उनिहरुको जिवन निर्वाह गर्न सजिलो हुनेगरि त्यो खालको कार्यक्रम ल्याउन गाह्रो छ त्यहाका मान्छे नेपाली हुन तर पनि शुख छैन भारतको त्यो अपमान नखेपि नहुने त्यो खालको बाध्यातात्मक जीवन जिउन बाध्य छन नयाँ र स्वाभिमान आफुमाथिको स्वाभिमान बढाउनका लागि पनि सरकारले जीवन स्तरले फाइदा हुने गरि प्रत्यक्ष लाभ हुने गरि योजना बनाउन पर्ने छ भन्ने मलाइ लागि रहेको छ । खासगरि यो राहतका कुराहरु हामीले बिगतमा राहत बाड्यौ स्थानीय तहहरुले पनि बाड्यौ अन्य क्षेत्रले पनि राहतमा सहयोग गरे र प्रदेश सरकारले एउटा योजना बद्ध ढंगले राहत प्रकृया अगाडि बढायो त्यसमा केहि कमीकमजोरि भए किनभने हामीले त्यलाइ प्रचारमा ल्याउन सकेनौ प्रदेशले जो लगानी गर्यो त्यो तल पुर्याउन सकेनौ तर राहत भन्दा पनि अहिले जनताहरुले काम खोजिरहेका छन । र अब हाम्रा बिकास निर्माण का योजनाहरुलाइ प्रत्यक्ष किसिमले जनता सहभागि हुने जनताले काम गर्ने किसिमले निर्माण गर्ने र त्यो बाट उनिहरुले जीवन निर्माण गर्ने किसिमले जानुपर्छ हामी बिगतकै ढंगले गयौ भने र त्यसमा जनतालाइ सहभागि पनि गराउन सकेनौ । र अहिले जनतालाइ पनि सहभागि गराउन सकेनौ भने राहतले मात्रै पुग्दैन जस्तो लाग्छ । फेरि यो रातह भन्ने चिज कस्तो रहेछ भने देख्यो भने त्यो राहत पाउनुपर्ने भन्दा पनि समाजमा अलिकति टाठाबाठा मान्छेहरु पहुँच भएका मान्छेहरुले त्यहा राहतमा तिनिहरुको हालिमुहालि बढ्ने खालको स्थितिहरु पनि देखिय अहिले हामि गाउमा जादाँखेरि हामीलाइ राहत होइन काम चाहियो भनेका छन तटबन्धनका काममा बरु ५०० होइन २०० होला २५० होला हामी सवै बाडौला काम पनि हाम्रै हो सबै मिलेर गरौ भनेर आफै मान्छे सहभागि भाछन त्यहाको उपभोक्ता समितिलाइ तपाइहरु यति जना हाजिर लगायर नदिनुस जति पैसा छ हामी बाडौ भनेर जनता उत्साहित भएर यो गर्ने टार्ने ढंगले पनि गैरहेका छन त्यसो भएको कारणले पनि अब पछाडिका लागि धेरै खालका ऐन नियमहरु बनाउला तर यो कोरोना बर्ष अझ अर्को हामीले के देखिराखेमा छौ असार महिनात केहि कम हुन्छ कि भन्या थियौ जति असा नजिक आउदै छ त्यति गह्रुगों हुदै छ दिनको ३\४०० को रेसियोमामान्छेहरु थपिदै गयका छन यसो हुनाले त्यो खालको त्रास पनि छ त्यसो भएको कारणले यो बजेटलाइ व्यवहारिक बनाउने

हामी स्थानिय तहसँग सवै सँगै गयर अब जनताको विचमा लकडाउन र स्वास्थ्य सुरक्षाका कुराहरु पनि सँगसँगै लैजाने र त्यो सँगै मान्छेलाई बिकास निर्माण मा पनी जोड्ने र काम गर्ने पनि मात्रै खाने खालको वाताबरण सिर्जना गर्न पनि प्रदेश सरकारले त्यसको नेतृत्व गर्न आवश्यक छ हामीले अस्ति पनि कञ्चनपुर जील्लाको सवै स्थानीय तहसँग सुरक्षा नीकाय सँग बस्यौ उनिहरु मर्माहित भएका छन हामीले यति दिन त थेग्यौ क्वारेन्टाइनमाअब मान्छे थेग्न सक्दैनौ भनेर उहाले भन्नु भाछ , हामीले हैन प्रदेशले योजना बनाईदेको छ हामी प्रदेश हामी तपाईहरु सँगै हो त्यसैले हामी तपाईहरुले एक्लै भार थेग्नु पर्दैन । हामी तपाईहरु प्रति जिल्लामा बसेर जुन योजना बनाउछौ त्यै योजना अनुसार प्रदेशमा पनि हामी योजना बानाउछौ र अब संगै जाने खालको हिजो तपाईहरु पनि अल्झिनु भयो । अलि अलि राहात बाड्दा र फोटो खिच्दा मात्र धेरै हुन्छ भन्ने ढङ्गले घोसिसनु भयो तर अब त्यसो हुनुहुदैन थप प्रदेशले पनि यो गम्भीरताका साथ लियाछ हामी त्यो खालो योजनाका साथ अगाडी बढेका छौ भनेर हामीले पनि भनेका छौ त्यसो हुनाले मेरो प्रदेश सरकार संग बजेट बनाउँदा खेरि अब स्थानीय स्तरलाई परिचालन गर्ने प्रदेश पनि संगै जाने र जनतालाई पनि संगै जोडेर राहातमा होईन काममा पनि मान्छेहरुलाई लाउने ढङ्गले एकातिर गर्नुछ भने अर्को तिर हाम्रो कृषि क्षेत्रमा पनि यल्लाई धेर ढिला जानु हुदैन अर्को चौमासिक जानु हुदैन किनभने हामी केहि दिन पछाडी भारतले न्यू खोजेर अभाव थेग्नु पर्ने हुन्छ । तरकारीको अभाव हुन सक्छ, अन्य खाद्यान्नको पनि अभाव हुन सक्छ । त्यसो हुनाले यो असार देखिनै मान्छेलाई व्यवसायिक रुपले कृषिमा जोड्न उत्पादन बढाउन । बृदि गर्ने कुरामा हामी लाग्न जरुरी देखिन्छ । र यो हामी यक्लै सक्दैनौ हामीमा जुन खालको क्षेमता छ जुन खालको परिश्रम छ , शक्ति छ,त्यसैले हामी एकलै सक्दैनौ यसो भएको हुनाले स्थानीय शक्ति संग बसेर अब मलाई लाग्छ यो सदनलाई पनि अब नीति तथा कार्यक्रममा लागु गरेर चाँडै बजेट पनि सकम र त्यो संगै हामी योजनागत रुपमा सदनलाई नलमब्यायर अब सधै चाई मलाई फिलडमा जाने गरिकन त्यो खालको योजना साच्चै मलाई बजेट आओस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु । र यो नीति कार्यक्रमले जुन कुराहरु समेटेर जमर्को ल्याएको छ यल्लाई दरो संग कार्यन्वयन गरि सरकारको प्रतिवक्ता होस भन्ने कुरा राख्दै म आफ्नो भनाई यहि राख्छु धन्यबाद !

**माननीय बल बहादुर सोडारी**

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रमको छलफल कार्यक्रममा हाम्रा धेरै माननीयज्यूहरुले यसको बारेमा धेरै कुराहरु रापखसक्नु भएको छ । म सरसरती ५ मिनेट मात्र बोल्ने समय रहेकाले बढि बोल्न पनि सकीदैन होला यसमा सुन्दै जादा राम्रा बुँदाहरु आएका छन् मुख्यमन्त्री तथा पशुबिकास कार्यक्रम देशभर त्यो तालिम प्राप्त ब्यक्ति मुख्यमन्त्री एकीकृत बिकास कार्यक्रम, मुख्यमन्त्री प्रदेश कार्यक्रम, एक निर्वाचन क्षेत्र २ औद्योगि क्षेत्र, रोगबाट बचौ भोक बाट बचाऊ भन्ने नारा आएको छ । यउटै सृष्टी समदृष्टी आफ्नो गाऊ आफै बनाउ, कृषकका लागी कृषी बीद्यार्थि, मेरो बिशेषता मेरै प्रदेशका लागी स्वास्थ्य सेवा जेष्ठ

नागरीक कार्यक्रम एक बिद्यालय एक नर्स र योग गुरु कार्यक्रम, स्वस्थ युवा प्रदेशको खम्बा, प्रदेश गाऊ उज्यालो बनाउ, गाउ सञ्चालको लागी युवाको भुमिका, एक स्थनिय तह एक औद्योगिक ग्राम, केही पुराना समिक्षात्मक र केहि नयाँ कुराहरु समेटेर यो कार्यक्रम आएको छ । सफलताको शुभकामना ब्यक्त गर्न चाहान्छु । धेरै बुदाहरुमा म सुझाब पनि दिन चाहान्छु । यो प्रदेशको गाऊ उज्यालो बनाउ भन्ने पहिलाको जब सेती परियोजना लगायतका योजनाहरु जामीले कार्यान्वयनमा लगेनौं तब सम्म लागेनौ भने हामी यो मा टेके जस्तो हामीलाई लाग्दैन र यो राम्रो हुदैन । हाम्रो यो सबभन्दा पहिला अहिलेको बर्तमान परिस्थितको जटिल देखेर सरकारले धेरै ठुलो बोझ बोकेको अवस्था अरु बर्षमा भन्दा यो बर्षमा अज कस्यिर काम गर्नु पर्ने अवस्था प्रशासन चलाएर यो सरकार जानु पर्ने सब भन्दा पहिला हामीले स्वास्थ्यमा ध्यान दिनुपर्छ । त्यसपछी मन्त्रालयको जीम्मा हो भन्ने किसिमले मात्रै हामीले जसरी भएपनी यलाई नीयन्त्रण नगर्दा हामीले मुख्यमन्त्री यो मन्त्री परीषदले एक मत भएर काम सफलता पुर्वक अगाडी बढाउनुपर्छ । कार्यक्रम हरुमा प्रत्येक पालिकामा १५ शैयाका अस्पताल बनाउने भन्ने जो , हाम्रा पहाडी जील्लामा ४-५ घण्टा हीड्नुपर्छ केही दुरदराजका घोडाहरु छन । भौतिक संरचनाहरु सम्पन्न भएको ठाउमा ति १५ शैयाका अस्पताल वडामा पनि बनाउनु पर्छ भन्ने शुझाब म दिन चाहान्छु । जस्तै हाम्रो पुर्बबक्ता माननीय ज्युले अर्थबिकास समितिका सभापति हर्क बहादुर कुवरले यो बयलफाटा अस्पतालको बारेमा केहि कुरा राखु भएको छ म उहाले भनेका कुराहरु समर्थन गर्दै हाम्रै बाजुरा र डोटी जिल्लाका छिमेकी पालिकाहरु र अछाम जिल्लाका पालिकाहरुसँग समन्वय गरेर यो प्रदेश सरकारले यो अस्पतललाइ यथावत राखुपर्छ । यसका लागि बजेट छुट्याउनुपर्छ भन्ने माग राख्न चाहान्छु । यस्तै प्रदेश पुर्बाधारका बिषयमा म यो प्रदेश सरकार सँग यो असार भन्दा केहि माथि भन्न चाहान्छु भर्खरै सम्झौता भएका छनर केहि दिनपछि सम्झौता हुने छन एलाइ एक महिना २ महिना बढायर सम्पन्न हुन्छन, नभए फ्रिज भएर जाने छन र ति अधिकार पायका माननीयहरुलाइ त्यहा जनताले नारा लगाउने छन यो प्रदेश सरकारको हो । प्रदेश सरकारको ढिलाइको कारणले भएको हो भनेर माननीय हरुले त्यो क्षेत्रमा जान मुस्किल पर्ने छ भनेर म यहाहरुका सामुमा राख्न चाहन्छु । सभामुख महोदय हाम्रो प्रदेश सरकारले गर्नुपर्ने सुकुमबासी लगायत बिभिन्न योजना आयोग हरुको गठन छिटो होस भन्दै । हाम्रो यो सरकारले ल्याको कामका लागी खाद्यन्न भन्ने कार्यक्रम आयको छ यो हाम्रो पहिले चलायको थियो , पहाडमा यो कार्यक्रमले धेरै राम्रो काम गरेको थियो । अब अहिले हाम्रो नीति के छ बेरोजगार युवाहरुलाइ कसरि रोजगार बनाउने र बिदेश बाट आयकालाइ युवाहरुलाकसरि रोजगार बनाउने भनेर कृषि कार्यक्रमलाइ हाम्रो प्रदेश सरकारले अगाडि बढाउदा कामका लागि खाद्यन्न भन्ने कुरा आयको छ यो स्वागत योग्य बुदा छ तर कार्यनीति बनाउदा जस्तो हामीले हाम्रा प्रदेश सरकारका धेरै योजना मा ह्याबि मेसिन प्रयोग हुने ठाउमा उपभोक्तालाइ दिइने छैन र ठेकेदारहरुले गर्नुपर्छ भन्ने हाम्रो कार्यबिधि छ र त्यो कार्यबिधिमा टेकेर मेरै क्षेत्रमा एउटा ३० लाखको सडक मा ११ लाखमा भएको छ । त्यो मसिनको पनि उपभोक्ताहरुले बढि बढी खान्थे होला ५ लाख, १० लाख ले २० लाख बच्थ्यो होला ११ लाखले के काम त्यो कहा गयो

त्यो बजेट उपभोक्ता गयो या जनतामा गयो कहाँ गयो कुन ठाउमा गयो त्यसो भएको कारणले यो भन्दा पछिको दिनहरुमा हामीले कार्यविधि बनाउदाखेरि यो सरकार मन्त्रीले ध्यान दिनुपर्छ भन्ने कुरा राख्दै अन्त्यमा यो संघिय सरकारले लियको यो लिम्पियाधुरा, कालापानी , लिपुलेक बिषयमा जो काम गरेको छ त्यसलाइ धन्यवाद दिंदै र हाम्रो प्रदेश सरकारले पनि हाम्रा कैलाली, कञ्चनपुर र दार्चुमा जिल्लाका सम्मका स्थनीय तहसँग समन्वय गरेर हामीले आफ्नो क्षेत्रमा तालमेल गर्नु पर्ने छ जस्तै हाम्रो एक जना वडाधयक्षले न संघ सरकारको अनुमति लिनुपर्छ संघिय सरकारले आफ्नै बजेटले गर्यो भने हामीले पनि यो बजेटले गर्नु पर्छ र हाम्रा धेरै सिमाहरुलाइ कन्ट्रोल गर्नुपर्छ भन्ने भनाइका साथ अन्तमा यो कार्यक्रमको सफलताको शुभकामना ब्यक्त गर्दै बिदा हुन्छु धन्यवाद ।

**माननीय कुलवीर चौधरी**

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेश आ.ब ०७७|०७८ को नीति तथा कार्यक्रमको छैटौ अधिवेशनको बैठकमा माननीय प्रदेश प्रमुखले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम एकदमै राम्रो र स्वागत योग्य रहेको छ सुदुरपश्चिम प्रदेशको बाताबरण, प्राकृतिक स्रोत साधन, शिक्षा , स्वास्थ्य, कृषि आत्मानिर्भरता, औद्योगिक क्षेत्र, सिचाइको व्यवस्था लगायतका थुप्रै नीति तथा कार्यक्रमहरु यसमा समावेशभएको छ । र खासगरिकन यसमा एउटा हाम्रो सानो नाराको रुपमा लिएतापनि त्यसको गहिराइ एकदम गहिरो छ त्यसो भएको हुनाले यो रोग बाट जोगाउ, भोकवाट बचाउ , कामका लागि खाद्यान्न , प्रदेशका गाउ उज्यालो बनाउ, कृषि सँग कृषि बिद्यार्थि, जलस्रोतमा लगानि नागरिकको आम्दानी, व्यवसायिक कृषि प्रणालि, नमुना गाउ आफै बनाउ, भन्ने जस्ता नाराहरु यसमा समावेश गरिएको छ र यसको भाव  यसको गहिराइ बुज्दाखेरि यो नीति तथा कार्यक्रमले यसलाइ राम्रो सँग ब्यबहारमा उतार्यो भने यले प्रत्येक यो सुदुरपश्चिमका कुना कस्तारमा यसको प्रभाव परेर यो सुदुरपश्चिम प्रदेशमा बिकासको लहर अगाडि बढ्ने छ । शिक्षाको लहर अगाडि बढ्ने छ । उज्यालो भन्या ठाउमा बत्तिको उज्यालो मात्रै होइन स्वास्थ्यको ब्यवस्था भएर बिभीन्न किसिमका स्वास्थ्य सुबिधाको उपलब्धता हुने छ । शिक्षाको रोजगारि शिक्षा यसमा हुने छ र यसमा हामी बञ्चित भएको क्षेत्रमा पनि कामको लागि खाद्यान्न भने पछि हामी बाबियो को बुटा समातेर जानुपर्ने ठाउलाइ हामी व्यवस्थित गरेर हामी कामको लागि खाद्यान्न भन्ने जुन कार्यक्रम छ त्यो चाहि राम्रो छ जहा खाद्यान्नको पहुच हुदैन जहा उत्पादन ह्रास हुन्छ त्यो ठाउमा लागु गर्दा खेरि राम्रो हुने छ र आगामि दिनमा  यसको कार्यक्रम को लागी प्रदेश सरकारले एकदमै अगाडि बढाउनुपर्ने छ हामी दिनहु दिन भारतबाट आयका आफ्ना सा-साना छोराछोरि समेतलाइ बोकेर, यहा हामी स्वदेशमा भित्रियका हामी दिनप्रतिदिन यहा वाट फर्केर जाँदा खेरि हुलका हुल १२-३५ युवाहरु आफ्नो रोजगारका लागि बिदेशमा गयका दिनका दिन अहिले कोरोनाभाइरसले गर्दा खेरि भयाभह अवस्थमा भएको हुनाले उनिहरु स्वदेशमा फर्किरहेका छन । यसो भएक कारणले यदि यसमा समेटियका नाराको बिषयमा प्रदेश सरकारले छिटो कार्यक्रम ल्यायो भने बिदेशमा रोजगारिका लागि जाने युवाहरु र सा-साना बालबालिकालाइ बोकेर जाने महिलाहरु छन तिनिहरुलाइ

न्यनिकरण गर्नका लागि यो कार्यक्रम सजिलो छ र एकदम प्रभावकारि पनि छ । त्यसो भएको कारणले यो सुदुरश्चिम प्रदेश सरकारले यसमा ध्यान दिनुपर्ने र यसको लागि एकदमै कार्यान्यवनको ध्यान हुने छ भन्ने म सभामुख महोदय मार्फत म प्रदेश सभालाइ ध्यानाकर्षण गराउन चाहन्छु । कृषि सँग कृषि बिद्यार्थि भन्ने जुन छ हामी कृषि प्रधान देश भन्छौ तर अर्को देशमा निर्भर हुनुपर्ने बाध्यता पर्न आउछ अहिलेलकडाउनको कारणले गर्दा खेरि धेरै ठाउमा खुला सिमाना भएको कारणले बोर्षर साइटमा बस्ने किसानहरु हाम्रो यो कृषि सँग बिषादी अथवा किटनाशक औषधिको प्रयोग गर्दा खेरि हामीसँग बिशेषज्ञको अभाव भएको कारणले गर्दा धान बाली अथवा त्यो बुटा समेत उखालेर यो बुटामा मैले के गर्दा यो राम्रो उत्पादन होला भन्दा खैरि त्यहा बुटासमेत लानुपर्ने अवस्था छ । त्यसेले कृषि सम्बन्धि जो बिद्यार्थि अध्ययन गरिराखेको छ मेरो खेति बालीमा के भैरहेको छ कुन रोग लागिरहेको छ त्यसको प्राकृतिक रुपमा मैले यो पढिराख्या थिय मैले यसको प्रयोग गर्दा ठिक भयो भन्ने उसैले आफैले प्र्याक्टिल मार्फत उसैले प्रयोग गर्न सक्ने भएको हुनाले यो कार्यक्रम पनि राम्रो छ । यशो भएको कारणले सुदुरपश्चिम प्रदेश सरकारले यस प्रति ध्यान देवस बजेटको लागि एकदमै राम्रो किसिमले गरोस । आगामि दिनमा आफ्नै देशमा रोजगारि सिर्जना गरोस । आफ्नै देशमा उत्पादन गर्न सकुन र बिदेशमा पलायन हुनबाट रोक्न सकौ भन्ने कुरा राख्न चाहान्छु र अहिले जुन भयाभह रुपमा फैलियको कोरोना छ यसको दिनप्रतिदिन यसको चाप बढिरहेको छ । अस्ति भर्खर मात्रै ४४ जना चेक गर्दा १२ जना पोजेटिभ देखियो भन्ने कुरा मैले थाहा पाय बेलौरिमा त्यसतै किसिमले हरेक ठाउमा त्यसतै प्रभाव परिरहेको हुनाले त्यसलाइ न्युनिकरण गर्नाकालागि त्यसको लागि सुदुरपश्चिम प्रदेश सरकारले त्यसको पिसिआर परिक्षण गर्न एकदमै जरुरि देखिन्छ । त्यसतै गरि बिगतमा धेरै जसो कृषकहरुले आफ्नो खेति उत्पादनको लागि उन्नत जातको बिउ भनेर गरिमा धान जुन रोपेका थिय र त्यसबाट प्राप्त हुनुपर्ने प्रतिफल नपाइसकेको हुनाले बिभिन्न क्षेत्रबाट किसानको माग त्यो गरिमा धानको क्षतिपुर्ति कसरि पाइन्छ र कसरि उपलब्ध गर्न सकिन्छ भन्ने कुराहरु राख्दै र आगामि दिनहरुमा छिटो भन्दा छिटोयो पिसिआर टेष्टको लागी किट अथवा मेसिन कसरि प्राप्त गर्न सकिन्छ त्यो क्षेत्रमा यो उपलब्ध गर्न सकिन्छ भने सुदुरपश्चिम सरकारलाइ म अनुरोध गर्दै म सभामुख महोदय मार्फत हनुरोध गर्दै म आफ्ना भनाइहरु यहि टुङ्ग्याउछु ह्रस्त धन्यवाद ।

**माननीय अर्चना गहतराज**

सभामुख महोदय, हाम्रो प्रदेश सरकारले ल्यायको नीति तथा कार्यक्रम अति उत्तम रुपमा ध्यान पुर्याइ ल्याइएकोले नीति तथा कार्यक्रम राम्रो रहेको छ । नीति तथा कार्यक्रमसभामुख महोदय । राम्रो हुदाँहुदै पनि केहि बुदा समावेश गर्न सुझाब पेस गर्न चाहान्छु । सभामुख महोदय, हाम्रो प्रदेश भित्र नीजि सहकारी र सरकारी स्तरबाट सञ्चालीत उद्योग, कलकारखाना बिभिन्न क्षेत्रमा रहेका बेरोजगारीको बास्तबिकता अनुसार पहिचान गर्न रोजगारिको अवस्थाको सुनिश्चित गर्न अध्ययन गरियोस भनि प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय, बेरोजगार बयक्तिहरुलाइ रोजगारि र सेवा सुबिधा ल्याउने गरि कार्यक्रम ल्याउन सुझाव दिन चाहन्छु ।

सभामुख महोदय यस प्रदेशमा सिमा नेपाल, भारत र तेस्रो मुलुक जाने आउने को आबधिक तथ्याङ्क संकलन गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय, तोकिएका नीति कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि र प्रमाणमुखी बनाउन कार्यविधी निर्माण प्रकृया मुखि नभइ प्रमाणमुखि बनाउन सरकारी तह निकाय र मन्त्रालयले प्रयोजना लक्षित बर्ग सँग समन्वय, बैठक गरि कार्यक्रम सहज र पहुच योग्य बनाउन प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय, कोभिड-१९ कोरोना भाइरसले बिश्व भरी एकखालको त्रास फैलाइरहेको छ त्यसमा नेपाल पनि अछुतो रहेन । सभामुख महोदय लकडाउन मात्र समस्याको समाधान होइन यस लकडाउनले गर्दा हाम्रो अर्थतन्त्रनै धरानयम बनेको छ । सभामुख महोदय नेपाल भारतका सिमाना नाका लडाइ गरि भारतबाट आउने हाम्रा नागरिकको तथ्यांक संकलन गरि उनिहरुको वास्तबिकता पत्ता लगाइ परिक्षणको दायरा बढाउन सभामुख महोदय मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय सबै बिद्यालय भरिभराउ भैसकेका छन क्वारेन्टाइनको लागि अस्थाइ घर निर्माणको लागि पनि प्रदेश सरकारलाइ ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय महिलाहरु को सन्दर्भमा भन्नुपर्धा कतिपय महिलाहरु दैनिक गुजारा गर्न पनि गाह्रो भएको छ । महिलाको क्षमता बृदि गर्नाको निम्ति आयआर्जन बढाउन र महिलाहरुको शक्तिकरणको लागि सोलोडोलोमा नराखि प्याकेजमा महिलाको कार्यक्रम छुट्याउनुपर्छ ल्याउनुपर्छ सभामुख महोदय मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु, अनुरोध पनि गर्न चाहान्छु । सभामुख महोदय आजका बालक भोलिका भविष्यका कर्णधारहुन उनिहरुको शिक्षा स्वास्थ्यमा ग्यारेन्टि प्रदेश सरकारले गरिनुपर्छ अभिभावक भनेको असाह्य गरिब बालबालिकाको अभिभावक भनेको प्रदेश सरकार हुनुपर्छ । सभामुख महोदय महिलाहरुको काम काज को थप भारले आङ खस्ने समस्याले महिलाहरुलाइ पिरोलिरहेको छ त्यसैले महिलाको लागि प्रत्येक गाउपालिकामा घुम्ति सिबिरको सञ्चालन हुनुपर्छ भन्न चाहान्छु । सभामुख महोदय बुदा न. ५६ मा नयाँ जन्मे बालबालिकाको सुनौलो भविष्य सुनिश्चित गर्न बालबालिका बिमा को नीतिगत व्यवस्था गरियको छ एकदम राम्रो छ । हाम्रो समाजमा छोरा जन्मिय खसि र छोरि जन्मे फर्सि भन्ने सोच र चिन्तन ले जरा गाडेर बसेको छ बिमा को नीतिगत ब्यवस्थाले नानीहरुको पालन पोषण रभविष्यको निर्माण गर्ने छ । सभामुख महोदय बुदा न. २१ मा १ घर १ तालिम प्राप्त ब्यक्ति अन्तर्गत १० लाख किसानलाइ ब्यवसायिक तालिम प्रदान गरियको छ यो धेरै राम्रो कार्यक्रम छ । बेरोजगार हाम्रो युवाहरुलाइ रोजगारिमा ठुलो टेवा पुर्याउने छ । सभामुख महोदय त्यसतै मुख्यमन्त्री यकिकृत बस्ति बिकास कार्यक्रम अन्तर्गत कैलाली , कञ्चनपुर र डोटि जिल्लामा सर्वेक्षेण कार्यक्रम अत्यन्तै राम्रो छ । त्यसै गरि जनता आवास कार्यक्रम अन्तर्गत ३ ०२ वटा घर निर्माण भएका छन भने ७४ सामुदायिक भवन निर्माण को अवस्थामा रहेको छन यो एकदम राम्रो सराहनिय छ यो प्रदेश सरकारको उपलब्धि पनि भन्नु पर्छ । सभामुख महोदय त्यसै गरि सभामुख महोदय ६५ न. बुदामा स्वास्थ्य सेवा आपुर्ति व्यवस्था गरि जनतालाइ रोग बाट बचौ भोकबाट वचाउ अभियान शुरु गरिने प्रदेश सरकारको नीतिमा आयको छ यो धेरै राम्रो छ यसले गर्दा हाम्रा नागरिकहरुलाइ पनि भोक

बाट बचाउने छ यस्तो महामारिको बेलामा यो कोरोनाबाट मात्रै होइन यस्ता रोगहरु अनेकौ आउन सक्छन यसले एउटा ठुलो सहयोग र टेवा पुर्याउने छ नीति तथा कार्यक्रम धेरै राम्रो छ म धन्यवाद दिन चाहान्छु र यो कार्यक्रम छिटो लागु हुने छ र यो व्यवहारमा छिटो लागु हुने छ भन्ने शुभकामना दिदै बिदा हुन्छ , धन्यवाद ।

**३.माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा बोल्ने समय यहि समाप्त हुन्छ ।

**४.माननीय सदस्यहरु,**

अब म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३८ को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व.२०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रमको छलफलको क्रममा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु।

माननीय सभामुख महोदय, सर्वप्रथम म संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि आफ्नो प्राण को आहुति दिने सम्पुर्ण महान सहिदलाइ श्रदान्जली दिन चाहान्छु । यो क्रममा बेपत्ता हुन भएका, घाइते हुनुभएका, अपाङ्ग हुनुभएका सम्पुर्ण सम्मान ब्यक्त गर्न चाहान्छु । आज बिश्व यो कोरोनामहामारिबाट ग्रसित छ मलाइ लाग्छ बिश्वमा पहिलो पटक साहेद दुनिँया एकै पटक शंक्रमित भएको र बन्दाबन्दिमा बसेको र आज मानव जाति माथि नै एउटा प्रकारको यो संकट आयको पहिलो चोटि देखिन्छ त्यसकारणले पनि यो महामरिबाट यो संक्रमण बाट नेपाल अछुतो रहन सक्ने कुरा थियन । त्यसकारणले सुदुरश्चिम प्रदेश मा पनि कोरोना महामारिको लागि रोकथाम गर्न, उपचार गर्न र त्यसमा सहभागि हुनुभएका सम्पुर्ण स्वास्थ्य कर्मि, सुरक्षा कर्मि, जनप्रतिनिधिहरु, सांसदहरु, कर्मचारी, पत्रकार र सम्पुर्ण सहयोग गर्नुहुने जनसमुदायलाइ म धन्यवाद दिन चाहन्छु । सभामुख महोदय यो क्रममा सुदुरप्चिम प्रदेश जसरि यो संक्रमण बाट बच्नकोलागि चैतदेखि जुन यो कार्यक्रम गर्यो यसको रोकथामको लागि संघिय सरकारको समन्यवमा , स्थानीय तहको सहयोग र समन्वयमा हामी अगाडि बढ्यौ र यो सहयोग र यतिले मात्रै यो कोरोनासँग लड्न सकिने कुरा भएन । त्यसकारणले शुरुशुरमा हामीले हाम्रो प्रदेशमा सबभन्दा धेरै संक्रमण देखिसकेपछि दोस्रो चरणको संक्रमण पनि देखिसकेपछि सरकारको प्रतिको एक प्रकारको दबाव र हामी प्रति एकप्रकारकोमातीको एउटा प्रकारको तप जिम्मेवारि र हामीले गर्नुपर्ने थप जिम्मेवारि हाम्रो एउटा, हामीले अगाडि बढायौ , हामीले त्यसबाट केहि दिनत त्यसबाट अगाडि बढायौ तर त्यो रोक्न सम्भव थियन । किनभने जसरि हाम्रा आम नेपाली दाजुभाइहरु छिमेकि राष्ट्रमा रोजगारीका लागि जानुपर्ने र गैराखेको अवस्था र त्यबाट समयमा नै ल्याउनु पर्ने कुरामा केहि हुन नसकेको कारणले मैले त्यतिखेर पनि मैले सार्वजनिक रुपमा पनि भनेको थिय । नेपालमा लकडाउन सुरुभएको अवस्थामा भारतमा संक्रमण कम थियो । नेपाली हरु काम गर्ने ठाउमा पुगेको थियन यदि त्यो समयमा नै हामीले नीति बनायर खास गरेर संघिय सरकार सँग हामीले यो कुरा राख्यौ । हामीले हाम्रा दाजुभाइहरलाइ त्यतिखेर नै भित्र्याएको भए नेपालमा अहिले संक्रमण कम हुने तियो जे भए

पनी यो संक्रमण बाट हामिले लड्नै पर्ने छ र यो बाट मुक्त हुनै पर्ने छ । र अब यो संक्रमण बाट कसरि मुक्त हुने भन्ने कुरा कसरि यो बाट बच्ने भन्ने कुरा नै मुख्य कुरा हुन्छ त्यसकारणले यो संक्रमणबाट बच्नको लागी प्रदेश सरकारले आफ्नो तहबाट धेरै प्रयास गर्यो । चाहे त्यो स्थानिय तहलाइ रकम दियर क्वारेन्टाइन व्यवस्थापनको कुरा होस चाहे त्यो राहतको कुरा होस । सबै निकायलाइ आर्थिक सहयोग गरेर सामग्रि खरिद गर्ने कुरा होस । अस्पताललाइ हामीले रकम दियर अस्पतालको व्यवस्थापन गर्ने कुरा होस । कैलाली र कञ्चनपुरमा अस्पताल निर्माण गर्ने कुरा होस । हामीले अगाडि बढायौ र यहा सबै माननीय ज्युबाट एउटा कुरा पनि उठेको छ यसमा माननीय ज्युहरुलाइ किन जोडियन भन्ने उठेको छ । हामीले राहत बाड्ने क्रममा एउटा कुरा लेखेका पनि थियौ । निर्वाचन क्षेत्रको माननीय ले त्यो क्षेत्रमा अनुगमन गर्न पाउने भनेर यद्यपि त्यो सब त हुन सकेन सबका कुरा सुन्दाखेरि र अझ हामी त्यलाइ व्यवस्थित रुपबाट अबका दिनबाट सबै माननीय ज्युहरुलाइ यसमा जोडेर लगेर जानको लागि सरकार तयार पनि छ । अहिले म सभामुख महोदय मार्फत तपाइहरुलाइ जानकारि दिन चाहान्छु धेरै स्कुलहरु खालि छैनन् । हिजो सम्मको रिपोर्ट अनुसार ५९ हजार मान्छेहरु हाम्रो प्रदेशमा आयका छन । बिभिन्न क्वारेन्टाइनमा बसेका छन यसमा चेकजाँज गर्ने क्रममा ७९ जना संक्रमित ब्यक्तिहरु छन ७ जना निको भएर घर गयका छन र एक जनाको मृत्यु पनि भएको छ । र म यहा सदनलाइ सभामुख मार्फत जानकारि गराउन चाहान्छु पहिलो चरणमा ९ वटै जिल्लामा संघिय सरकारको सहयोगमा हेलिकप्टर द्धारा हामिले चेकजाँज गर्ने काम गर्यौं त्यतिबेला हाम्रो संकरमण देखियको थियन अहिले हामी कम प्रायोरटिमा छौ यद्यपि यहा अहिले संक्रमण बढ्दै छ । कोरोनाको सवालमा संक्रमणको दर बढेर प्रायोरटिमा नपर्दा पनि केहि फरक पर्दैन जस्तो मलाइ लाग्छ यसकारणले अहिले सम्मको परिस्थितिमा सरकारले जे गरको छ त्यो पुरा होइन यो म मान्न तयार छु । तर जे गरेको छ जे हाम्रो क्षमता छ त्यो हामीले गर्यौं । त्यो गरेर नै आज हामी यहा छौ र सहयोग गर्ने स्थानीय तह संघिय सरकारको सहयोग रह्‌यो । केहि कमजोरि एकरुपता ल्याउने बेलामा रह्यो र अहिले पनि छ किनभने स्थानिय लेवलमा के चिच आवश्यक छ त्यो आधारमा कार्यक्रम बनाउदा के चाहिन्छ भन्ने हाम्रो सोचाइ हो । क्वारेन्टाइन बनाउदा के हेर्ने अरु देशको हेर्ने हो भने सायद मलाइ लाग्छ क्वारेन्टाइनको व्यस्था मलाइ लाग्छ हामिले गरेअनुसार अरुले कमै गरेको देखिन्छ । अहिले यस्तो अवस्था आयको छ गाउमा कुनै ब्यक्ति आउने बित्तिकै त्यलाइ लयर क्वारेन्टाइनमा राख्ने अवस्था बनेको छ । त्यो भित्र हामीले व्यवस्थापन त्यति राम्रो गर्न सकिने अवस्थाछैन । त्यसकारणले अब कसरि जाने कसरि सोच्ने भन्ने कुरा पनि प्रदेश सरकारले केहि सोचिराखेको छ कार्यक्रम बनायको छ । संघिय सरकारले पनि कार्यक्रम बनायको छ र त्यो हनुसार हामिले जानुपर्ने हुन्छ कोरोनाको अगाडि आज बिश्वका सक्तिशाली राष्ट्र कमजोर भएका छन हाम्रो जस्तो स्वास्थ्य उपचार कमजोर भएको देशमा त जटिल हुने अवस्था स्वाभाविक नै हो तै पनि आज नेपाल सरकारले चालेको कदम प्रदेश सरकारले चालेको कदम र स्थानीय तहले चालेको कदमले गर्दा खेरि नेपाल त्यति जोखिम र तयति जटिल अवस्थामा पुगेको छैन । अब पुग्ने अवस्थाछ हाम्रो अगाडि अब त्यो बाट कसरि

बच्ने भन्ने कुरा हामी तिनवटै सरकारको साझा नीति बन्यो भने हामी सफल हुन्छौ। सबैलाइ सँगै लियर गयो भने हामी सफल हुन सक्छौ भन्ने कुरा प्रदेश सरकारले आशा लिएको छ र त्यहि अनुसार काम गरिरहेको छ । आज साच्चै कुरा गर्ने हो भने सभामुख महोदय संघियताको महशुस तिन तहको सरकारको महशुस अहिले भएको छ । आज स्थानीय तहका जनप्रतिनिधिहरु आफ्नोस्वास्थ्यको चिन्ता नगरिकन जनताको बिचमा काम गरिराखेका छन । जनताका प्रतिनिधिहरु माननीय सांसदहरु, मन्त्रीहरु सबैलागिराखेका छौ त्यसकारणले संघियतामाथि प्रश्न होइन संघियताको बास्तविकता अहिले झल्केको छ र यलाइ बिकास गरेर जानुपर्छ । यलाइ हामीले अझ ब्यवस्थित गरेर जानुपर्छ भन्ने कुरा मुख्य कुरा हो र यसमा हामीले सबैले लाग्न जरुरि छ र म सभामुख महोदय मार्फत आम जनसमुदायलाइ सदनलाइ के आग्रह गर्न चाहान्छु भने हामीले महामारिसँग लड्नको लागि हामीले केहि कुराहरुलाइ अपनाउन जरुरि छ । सामाजिक दुरिको कुरा आफुले आफैलाइ सरक्षित राख्ने कुरा र अरुलाइ सुरक्षित राख्ने कुरा, समाज र आफ्नो परिवारलाइ सुरक्षित राख्ने कुरा अब कोरोना सँग डरायर होइन कोरोनालाइ त्यहि अनुसार बुझेर त्यो सँग लड्नुपर्ने छ । अब यो कहिले सम्म यसको अन्त्य हुन्छ भन्ने कुरा ग्यारेन्टि छैन । यो कसरि सड्छ कसरि भै आएको छ भन्ने पनि कुनै बैज्ञानीक हरुले भन्न सकिराखेका छेनन् । त्यसकारणले यलाइ हामिले सामान्य रुपबाट बुझेर अगाडि बढ्न जरुरि छ तर यसको खतरालाइ हामीले सामान्य रुपबाट बुझ्नुहुदैन र त्यसमा हामी गम्भिर हुन जरुरि छ । अर्को कुरा यहा सबै माननीय सांसद ज्यहरुलाइ सभामुख महोदय मार्फत धन्यवाद दिन चाहान्छु । उहाहरुले समस्या देखाउनुभएको समाधान पनी आफै दिनुभएको छ । सरकारले त्यो कुरा लागु गर्नु मात्रै छ र यसमा अब हामी लाग्छौ । किनभने जति माननीय ज्युहरुले यहा कुरा राख्नु भयो सबै कुरा राख्नु भएको छ सरकारका समिक्षाका बिषय । सरकारका बिगतमा छुटेका बिषय र हामीले आगामी दिनमा कसरि जाने भन्ने कुराहरु राख्नु भएको छ । यलाइ सरकारले कार्यान्वयन गरेर अगाडि बढ्ने छ तर केहि समस्याहरु छन । हाम्रो ब्यवस्थापन नयाँ हो यद्यपि हामी नयाँ कतिसम्म भन्ने कुरा एउटा बिषय हो र संसारको इतिहास हेर्ने हो भने केहि समय लागेका छन । हाम्रो त्यो नजिकै राष्ट्रला हेर्न सक्छौ ईतिहास पढ्न सक्छौ । अरु संघियता भएको राष्ट्रलाइ हेर्न सक्छौ तर यसको दाजोमा नेपालमा हामीले जति तिब्र गतिमा यसलाइ कार्यान्वयन गरि राखेका छौ यो आफैमा धेरै त होइन । आम जनताले जो ईच्छा आकांक्षा राखेको छ जो हामीले जनतालाइ आकांक्षा जगाइदियका छौ । हामीले माननीय सभामुख महोदय हामीले चुनावमा जाँदाखेरि हामीले कुरा उठाउदाखेरि, हामीले मञ्चमा बोल्दाखेरि जे ति सपनाहरु हामीले जनतालाइ देखाउछौ त्यो कार्यन्वयनमा जाँदाखेरि समस्या हुदोरहेछ भन्ने कुरा हामिले हेक्का राख्नै पर्छ । मलाइ लाग्छ यो कुरामा हाम्रो प्रतिपक्षका साथिहरुलाइ धेरै थाहा होला किनभने उहाहरुले धेरै लामो समय सम्म सरकार चलाउनु भएको छ हामीले ईतिहासलाइ फर्काएर हेर्ने हो भने माननीय सांसदहरुले यहा कुरा उठाउनुभयो ०७४ मा पनि त्यहि छ ०७५|०७६ मा पनि त्यहि छ , ०७६|०७७ मा पनि त्यहि छ । आ.व.२०७७|०७८ मा पनि त्यहि छ । ईतिहासलाइ कोटयाउदै जाने हो भने हामीले बिगतमा के

भन्यौ हामीले के कार्यान्वयन गर्यौं  के जनतालाइ दियौ यो कुरा हामी सबैका सामुमा छर्लङ्ग नै छ त्यसकारणले मैले भन्न खोजेको के हो भने सभामुख महोदय अहिलेको जो व्यवस्था छ यो व्यवस्था प्रतिको आम जनताको जुन आशा छ त्यो अनुसार हामीले काम गर्न नसकेका हुन सक्छौं तर यसको  अर्थ यो होन कि केहि पनि गर्न सकेको छैन भन्ने होइन । केहि पनि गर्ने सकेको छैन अब यो ब्यवस्था नै ठिक छैन यो व्यवस्था प्रति अब छलफल गर्नु पर्छ भन्ने कुरा नै गलत यो । यो कुरा उठाउनु भनेको के हो भने नेपाललाइ एउटा प्रगतिको बाटोमा अगाडि जाने जुन व्यवस्थालाइ रोजेर हामीले यो ल्यायो त्यसको व्यवस्था गर्नु भन्दा पनि यो प्रति आम जनतालाइ निराशा ग्रनु बाहेक अरु केहि पनी हुन सक्दैन । त्यसकारणले सभामुख महोदय मार्फत म आग्रह गर्न चाहान्छु कि हामी यो व्यवस्थामा जुन जटिलता छन त्यलाइ हामीले पहिल्याउदै अगाडि बड्ने कुरा हो हामीलाइ संबिधानले अधिकार दियको छ हाम्रो देशका ३ वटा सरकारलाइ आफ्ना अधिकार छन कसैले कसैलाइ हस्तक्षेत गर्ने कुरा, कसैले कसैलाइ रोक्ने कुरा छैन तर संबिधानले एउटा कुरा के भनेको छ भने समन्वय गर सहअस्तित्व सहित गर भनेको छ र यो भित्र रहेर हामीले काम गर्नु पर्ने हुन्छ त्यस भएको कारणले यसको कार्यान्वयनको लागि संघिय सदनले जुन बनाउने पर्ने थियो नभएको कारणले केहि समस्याहरु देखियका छन । केहि जटिलताहरु देखियका छन हामीले के गर्ने कस्ता प्रकारका योजनाहरु छनोट गर्ने , कस्ता प्रकारका योजनाहरुलाइ अगाडि बढाउने , कु योजना स्थानीय तहले गर्ने कुन योजना प्रदेश सरकारले गर्ने , कुन योजना संघिय सरकारले गर्ने भन्ने कुरामा केहि समस्या छन यो सँगसँगै हाम्रो देशको अहिले सम्म गर्दै आयको कामका कारबाहि हरु कस्ता छन कति जटिल छन कति लेजि छन भन्ने कुरा कतै बाट लुकेको छैन । सभामुख महोदय हाम्रो देशको सिस्टम कसरि सिर्जना भएको थियो यतातिर को ईतिहासलाइ हेर्ने हो भने जुन कर्मचारी सिस्टम छ जो कार्यान्वयनको सिस्टम कस्तो छ र अहिले त्यो बाट मुक्त भएको छ कि छैन भन्ने हामीले समिक्षा गर्न जरुरि छ मन्त्रीभएका हरलाइ आलोचना गर्ने कुरा । सरकार चलाउनेलाइ आलोचना गर्ने कुरा सत्ता भन्दा बाहिर हुदा खेरि स्वाभाविक कुरा हो तर सिस्टम कस्तो बनायौ अहिले पनि मान्यता दिईराखेका छौ नेपालमा लामो राजनीतिक संघर्ष भएको छ तर यसको बाबजुत पनि यहाको सिस्टमलाइ हामिले परिवर्तन गर्न सकेका छैनौ एकदमै सत्य कुरा हो यलाइ हामीले स्विकार्नै पर्छ आज धेरै समस्या सिस्टमको कारणले बढेको छ हाम्रो सिस्टम परिणाम मुखि छैन राजनीतिक दलहरु राजनीतिक दलका चुनावि घोषणमा हामीले परिणाम दिन्छौ भनेर हामिले जनातालाइ आफ्ना कुरा राखेका हुन्छौ जब हामी त्यो परिणाम दिनका लागि पदमा जान्छौ तब त्यहाको सिस्टमले परिणाम भन्दा पनि बोधि प्रक्रिया यो टेबल यता र उता बाहेक केहि पनि गर्न नसक्ने स्थिति भयो भने राजनीतिक परिवर्तन माथि एउटा प्रश्न चिन्ह उठ्ने गर्छ काम गर्ने सत्ता चलाउने पार्टि माथि प्रश्न उठ्ने गर्छ अज यो प्रश्नलाइ हामीले समिक्षाको रुपबाट लिन जरुरि छ सिस्टमलाइ परिबर्तन गर्नाको लागि सबै ठाउबाट सहयोग र त्यो प्रकारको एउटा ईच्छा शक्ति हुन जरुरि छ । सभामुख महोदय यो कुरा म सबैलाइ आग्रह गर्न चाहान्छु त्यसकारणले पनि केहि जटिलताहरु बनेका छन मुख्यमन्त्रीकार्यलयको सचिव कोले पठाउछ हामी सबैलाइ थाहा छ ।

हाम्रा कार्यालयको सचिव कोले पठाउछ हामी सबैलाइ थाहा छ । हामिले चाहेर पनि केहि भन्न नसक्ने परिस्थिति हुन सक्छ कहिलेकाहि यद्यपि त्यो हुनुपर्ने होइन यो खालको परिस्थितिले गर्दा पनि सभामुख महोदय मार्फत म सम्मानीत सदनलाइ जानकारि गराउन चाहान्छु २३०० दरबन्धि भएको सुदुरपश्चिम प्रदेशमा हामी सँग आधा जनशक्ति पनि छैन । हामिले त्यो जनशक्तिअनुसार काम गर्नु परेको छ कुरा उठ्न सक्छ लोकसेवा विधेएक पारित भएको छ लोकसेवा किन बन्न सकेको छैन भनेर अहिले पनि सभामुख महोदय मार्फत म जानकारि दिन चाहान्छु जब सम्म निजामती कर्मचारिको ऐन संघिय सरकारले ल्याउन सक्दैन तब सम्म हामीले लोकसेवा बनायर पनि हामी काम गर्न सक्ने परिस्थितमा छैनौ यो कुरा संवैधानिक कुरा हो । यलाइ नाघेर , यलाइ वेवास्ता गरेर हामी जान सक्ने परिस्थितिमा छैनौ त्यसकारणले पनि केहि समस्याहरु जन्मेका छन । यो कुरा मैले कार्यान्यवनको हकमा सम्मानित सदनमा जुन कुरा उठेको छ त्यसमा राख्न चाहान्छु । हो हामीले केहि कुरा बढि गर्न सक्नु पर्ने हो , हुसक्तथ्यो हामीले मान्छे राखेर पनि गर्न पर्ने हुन सक्छ त्यसमा हामीले कुनै पनि अन्याथा सोच्नुपर्ने अवस्था नै छैन । गत बर्षको खर्च सुदुरपश्चिमले राम्रै गरेको हो यलाइ राम्रै नै मान्नुपर्छ र त्यो राम्रो नै हो । मलाइ लाग्छ यो बर्ष जो खर्च भएको छ आज सम्मको हिसाब हेर्ने हो भने हामीले ३०% खर्च गरेका छौ र जहासम्म सभामुख महोदय असारे बजेटको कुरा छ यो मैले अगि पनि भने हाम्रो सिस्टमले गर्दा खेरि घुमाइफेराई त्यहि ल्याउने जुन प्रकारको प्रबृति छ त्यो प्रबृतिलाइ अन्त्य नगरिकन हामीले त्यो रोक्न सकिराखेका छैनौ प्रदेश सरकार त्यो प्रबृतिलाइ रोक्न को लगि प्रयासरत छ हामी लागिराखेका छौ । हामीले पटक पटक यो बिषयमा बिज्ञ हरुसँग प्रशासकसँग हामीले हाम्रा आफ्ना ठाउमा संघिय सरकारका प्रतिनिधि सँग कुरा राखेका छौ हामीले कसरि रोक्न सकिन्छ कसरि यलाइ अलि चलायमान बनाउन सकिन्छ भन्ने कुरा प्रदेश सरकार लागि राखेको छ तर परिणाम नआउदा सम्म प्रदेश सरकार आलोचना हुन स्वाभाविक हो यो आलोचनालाइ हामीले अन्यथा लियका छैनौ प्रदेश सरकारले लियको छैन । सभामुख महोदय तर यलाइ परिवर्तन गर्नाको लागि अज एउटा धक्काको आवश्यकता छ त्यो धक्का भनेको के हो भने हामी सबैले यो प्रतिको समिक्षा र यलाइ कार्यान्वयनमा र यलाइ चलायमान बनाउनका लागि दृढ ईच्छाशक्ति ले अगाडि बढ्ने पर्ने आवश्यक छ र प्रदेश सरकार तयार छ । हामी लागिराखेका छौ र गरेर नै छाड्छौ यो कुरा पनि म सभामुख महोदय मार्फत जानकारि दिन चाहान्छु । यो सँगसँगै कैयौ चिजहरु यस्ता छन जो हाम्रा नीतिगत रुपबाट छिटो हुनुपर्ने कुराहरु नभएको कारणले पनि छिटो हुन सकेको छैन । म एउटा कुरा सभामुख महोदय मार्फत जानकारि गराउन चाहान्छु राजधानीको नामाकरण सबभन्दा अगाडि गर्यौ हामीले बधाइ पनि पायौ सबैठाउबाट तर अहिले सम्म कार्यान्वयन हुन सकेन । त्यसको पछाडिकोकारण भनेको हामी प्रदेश सरकारको दुइतिहाइ बहुमत जनप्रतिनिधिले पास गरेको कुरालाइ पनि हामीले कार्यान्वयन गर्न सकेनौ । जग्गा प्राप्ति हुन सकेन बिभिन्न कुरा हरु भए तर आज मैले सभामुख महोदय मार्फत धन्यवाद दिनै पर्छ अब त्यो अहिलेको बजेटमा समावेश भएको छ अब त्यो कानुनी बाध्यताबाट हामी मुक्त पनि भएका छौ त्यसको लागि धेरै दौडधुत पनि गर्न पर्ने भयो । सभामुख

महोदय त्यसकारणले पनि यो प्रकारको समस्याहरु नीतिगत कुराहरु। कानुनी कुराहरु उठ्न सक्छ । बन त प्रदेश सरकार सँग छ संबिधानमा त तर किन बन लिन नसकेको त भुमि हामी मार्फत छैन त्यसकारणले भुमि हामीले लिन नसक्ने भएको कारणले पनि यो समस्या भएको छ र यलाइ ठिक गरेर हामी अगाडि जान पर्छ र हामी जान पनि तयार नै छौ । यो सँगसँगै स्वास्थ्यका कुराहरु पनि उठेका छन नीति तथा कार्यक्रम बनाउदै जाने क्रममा मैले यो तयार गर्दै जाने क्रममा कोरोनाको संक्रमण बढ्दै गयको छ एकचोटि मैले लेखे शुरुवात तयार गर्दा खेरि हाम्रो प्रदेश कोरोना मुक्त प्रदेश थियो लेख्दै जाने क्रममा केहि संक्रमीत थपियो, लैख्दै जाने क्रममा बढ्दै गयो , त्यसपछि त मृत्यु नै भयो । हाम्रो पहिलो प्राथमिकता भनेको स्वास्थ्य नै हो किनभने आज बिश्वका ठुला हतियार बनाउने राष्ट्र पनि यसको अगाडि घुडा टेकेका छन । त्यसकारणले पनि सभामुख महोदय हाम्रो प्रदेशले स्वास्त्यलाइ ध्यान दियको छ र यसलाइ प्राथमिकतामा राखेको छ माननिय ज्युहरुका पनि धेरै सुझाव आयका छन सबै जिल्लाहरुमा अत्याधुनिक सम्पन्न ल्याव स्थापना गर्ने कुरा, अस्पतालको क्षमता बृदि गर्ने कुरा, जनसक्ति तयार गर्ने कुरा , जनशक्ति दिने कुरा ठिक छ र यो एकदम सरारहनीय छ । नीति तथा कार्यक्रममा पनि हामिले यो कुरा राखेका छौ र यो कार्यान्वयनमा जान्छौ । यतिमात्रै होइन संघिय सरकारले पनि घोषणा गरेको छ हाम्रो प्रदेश मा एउटा संक्रामक रोग अस्पताल बनाउने भनेर हामीले पनि त्यो भनेका छौ र हामीले त्यो सम्पन्न गर्छौं । ड्रमा सेन्टरको कुरागत बर्षमा पनि आयको थियो र अहिले हामी कार्यान्वयन गर्ने छौ । क्यान्सर रोगको कैयौ जिल्ला हस्पिटलहरु र अछामको बयलफाटा हस्पिटलको कुरा जो उठेको छ यो भन्दा पहिले संस्थाले सञ्चालन गरेको र अहिले अब प्रदेश सरकारको जिम्मा रहन्छ अब यसमा कुनै दुई मतछैन त्यसकारणले म सभामुख महोदय मार्फत सदनलाइ प्रतिबद्धता के राख्न चाहान्छु भने हामी यो बर्ष पहिलो प्रायोरटि स्वास्थ्यलाइ नै राख्छौ । र अर्को कुरा यो रोजगारिको छ आज मलाइ धेरै माननीय ज्युहरुले प्रश्न गर्नु भयो मलाइ बाहिर पनि यो कुरा उट्ने गर्छ । म मिडियामा जाँदा पनि पहिले यहि किरा उठ्छ किनभने म मजदुर बाट आयको हो म चौकिदार बा ट आयको हो फेरि म यो बारेमा गर्ब गर्छु कसैले यो शब्दको खिल्लि पनि उठाउछन तर मलाइ गर्ब छ किनभने जुन बर्गबाट यहा पुगेको छु त्यसको लागि मैले गर्नुपर्छ भन्ने छ । तर बर्षौ देखि हुन नसकेका कामहरु २२|२५ महिनामै कति सम्भव हुन्छ । सभामुख महोदय कति माननीय ज्युहरुले प्रश्न सोध्नुभएको छ फलफुल कति रोप्नु भयो भनेर गत बर्षको यस्तै जवाफ दिने क्रममा पनि मैले भनेको थिय । एउटा फलको बिरुवा फल दिन सम्म केहि समय लाग्छ । कुनै चिजको सिर्जना गर्नको लागि केहि समय लाग्न सक्छ। छु मन्त्र जसरि यकैचोटि हुन सक्दैन त्यसलै रोजगारिको कुरा छ अहिले त्यो बाताबरण आयको छ नेपालमा । हजारौ , हजार नेपाली युवाहरु नेपालमा आयका छन आज साच्चै अन्तिममा हाम्रो आफ्नो देश, आफ्नो गाउ आफ्नो ठाउ नै कम लाग्दो रहेछ भन्ने कुरा आज प्रत्येक नेपालीको मस्तिष्कमा त्यो कुरा आयको छ भावनामा त्यो कुरा आयको छ अब यलाइ प्रदेश सरकारले त्यो भावनालाइ कदर गरेर अगाडि बढ्न चुनौति पनि छ हाम्रा अगाडि यो चुनौतिलाइ सामना गरेर प्रदेश सरकार तयार छ संघिय सरकार, स्थानीय तहको

समन्वयनमा हामी आयका युवा बेरोजगारलाइ स्थायी रोजगारि दिन नसकेतापनि सिजेनरि रोजगारि दिनका लागि हामी प्रदेश सरकार तयार छ । र जो कुरा माननीय ज्युहरुले उठाउनु भएको छ, म सभामुख महोदय मार्फत यो रोजगारि सिर्जना गर्ने कुरा र हाम्रो बिकासलाइ रोजगारि सँग जोड्ने कुरा एउटा गाउमा यदि एउटा बाटो बन्छ भने त्यो गाउका सवै युवाहरुले त्यो बाटोमा काम गरेर त्यहा जाने रकम कमसेकम आफ्नो परिवार सञ्चालन गर्नका लागि प्राप्त गर्न सक्ने यो कुरा म सभामुख महोदय मार्फत सदनलाइ जानकारी गराउन चाहान्छु । र यो सँगसँगै कृषिका कुराहरु हामीले उठायका छौ । कृषिलाइ किन प्रायोरटि दियौ सभामुख महोदय हामी सबैलाइ थाहा छ हाम्रो प्रदेश साच्चै एउटा सुन्दर प्रदेश छ तराइ, पहाड, हिमाल ले बनेको एउटा भुगोल जहा हामी सबै प्रकारका खेति गर्न सक्छौ सबै प्रकारका कामहरु गर्न सक्छौ सबै सिजनमा हामीले उत्पादन बढाउन सक्छौ । यसको बैज्ञानीककरण गर्ने कुरा भुमीलाइ व्यवस्थित गरेर भुमिलाइ खेती योग्य भुमिलाइ पर्योग गर्ने कुरा र किसानलाइ सहयोग गरेर अगाडि बढ्ने कुरा मुख्य कुरा हो र त्यो हामीले नीति तथा कार्यक्रम राखेका छौ । बोहोरिएका छन जब सम्म त्यो अन्तिम चरणमा, अन्तिम बिन्दुमा पुग्दैन तब सम्म त्यो कुरालाई निरन्तरता दिन आवशएक छ। त्यसकारणले हामीले कृषिलाइ प्रायोरटि दियका छौ । कृषिलाइ कसरि व्यवस्थित गर्न सकिन्छ । आज किसानलाइ कसरि सम्मान गर्न सकिन्छ त्यो कुरा समाजमा आज शोच छ चिन्तन छ माटोमा काम गर्ने ब्यक्तिलाइ त्यति राम्रो गरेर हेरिदैन । तर सरकारले माटोमा काम गर्ने ब्यक्तिलाइ सहयोग गर्यो, खेतिमा प्रेरित गर्यो भने । हामीले भनेका छौ कृषि सम्बन्धि पढ्ने बिद्यार्थिलाइ जोड्ने गर्यो भने त्यो एउटा सम्मान हुन सक्छ र कार्यान्वयनमा आउन सक्छ । कृसिलाइ अझ सामुहिक रुपबाट खेति गर्ने कुरा । नीजि लगानीलाइ त्यहा लगाउने कुरा सहकारीको लगानीलाइ त्यहा लगाउने कुरा, सरकारको लगानीलाइ त्यहा लगायर अगाडि बढ्ने कुरा मुख्य कुरा हो र त्यसमा प्रदेश सरकार तयार छ र हामी त्यलाइ अगाडि बढायर जान पनि तयार छौ र हामीले त्यलाई राखेका छौ । तिने प्रकारका भुगोल लाइ परिचालन गर्ने कुरा नै त्यो खेति योग्य जमिन लियर अगाडि बढ्ने कुरा नै मुख्य कुरा हो । आज भुगोल खण्डिकृत भएको छ सार्बजनीक भुगोललाइ कब्जा गरेर ब्यक्तिगत रुपमा पनि प्रोयग भएका छन त्यलाइ हामीले संघिय सरकारको भुमि सम्बन्धि कानुन सँग तालमेल गर्ने गरि प्रदेश सरकारले काम गर्ने छ । एकिकृत बस्ति बिकासको कुरा छ यो कुरा हामिले त्यसै ल्यायको होइन । हाम्रा पहाडका बस्तिहरु यति बिकट छन एउटा ठाउबाट अर्को ठाउमा जानको लागि हामीले करोडौ लगानी गरेर पनि सक्ने वाला छैनौ नेपालको आर्थीक हिसाबबाट हेर्ने हो भने । प्रदेश सरकारले गत बर्ष २८ अर्बको बजेट ल्यायो यस बर्ष त्यसको आसपासको १|२ अर्बको तलमाथी बजेट ल्याउन तयारीमा छौ हामी । तर त्यतिले मात्र हामी समग्रमा बिकास गर्न सक्दैनौ हामी । त्यस्ता बस्तिको बिकासको लगि ल्यायर बिसाल्नेर कुरा यो चुनौतिपुर्ण कुरा छ । सभामुख महोदय ति बस्तिहरुलाइ यकिकृत रुपबाट ल्यायर बसाल्ने कुरा । र त्यो भुगोल टाढा छ त्यो भुगोललाइ जडिबुटिको प्रयोग हुनसक्छ कि, फलफुलमा प्रयोग हुन्छ कि या अरु कुनै तरिकाले गर्न सकिन्छ । सामुहिक रुपबाट जनतालाई लियरप्रयोग गर्ने कुरा मुख्य

कुरा हो त्यसकारणले हामीले यकिकृत बस्तिको कल्पना गरेका छौ । यो पनि अगाडि बढाउने कुरामा प्रदेश सरकार तयार छ र हामी यो अनुसार अगाडि बढाउने छौ । यहा केहि माननीय हरुले महत्वपुर्ण सुझाव दिनुभएको छ । आज हाम्रो प्रदेशको भुभाग दार्चुला, लिपुलेक, लगायत ब्यास गाउपालिकाकाको १ न. वडामा यो यकिकृत बस्ति त्यहाबाट शुरु गर्नु पर्छ भन्ने सुझाब दिनुभएको छ । त्यो सराहनिय छ हामीलाइ गर्भ लाग्छ । आज हाम्रो देश संघिय सरकारले जो नक्सा जारी गरेको छ यले आम नेपालीलाइ एउटा नेपालीको छाति फुलेको छ हामीले पटक पटक सरकारको तर्फबाट कुरा राख्यौ हाम्रो भुमिलाइ मिच्ने कुरा मिचियको भुगोललाइ फिर्ता ल्याउने कुरा एउटा कुटनीतिक पहल बाट हुनुपर्छ यसको लागी संघिय सरकारले पहल गरिराखेको छ । नीति तथा कार्यक्रममा हामीले संघिय सरकारलाइ धन्यवाद पनि दिईसकेका छौ । त्यो लाई मध्यनजर राखेर हामीले कार्यक्रम पनि ल्यायका छौ । अन्तराष्ट्रिय सिमानामा बस्ने हाम्रा नेपाली जनताहरु जसरि आफनो भुमिका लागि आफै लड्नुपर्ने स्थिति छ त्यलाइ अन्त्य गर्नाका लागि संघिय सरकारले त्यहा सुरक्षा निकायको उपस्थिति गर्नु पर्छ भनि हामीले भनेर र सभामुख महोदय मार्फत म यो कुरा फेरि पनि भन्न चाहन्छु । यो सँगै दार्चुलाको ब्यास गाउपालिकाको १ न. वडाको कुरा जो यहा उठेको छ लगायत कैलाली, कञ्चनपुर, डोटि, बझाङको चिनसँग सिमाना जोडियको छ त्यसता अन्तराष्ट्रिय सिमाना सँग जुधेका जनताको समग्र बिकासको लागि प्रदेश सरकार अगाडि बढ्ने प्रतिबद्धता पनि जाहेर गरेको छ र हामी त्यो प्रकारको एउटा प्याकेज ल्याएर सिमानाको सुरक्षाको लागि , सिमाना बस्ने व्यक्तिको आर्थिक प्रगतिको लागि र सुरक्षा कर्मिहरुहलाइ त्यहा राख्ने सहित सबै कुरालाइ अगाडि बढाउने प्रदेश सरकारको नीति रहेको छ । त्यो अनुसार हामी अगाडि पनि बढ्ने छौ त्यसको लागि मलाइ लाग्छ सभामुख महोदय सांसदहरुले यहा राख्नु भएको छ गोबिन्द पन्त राष्ट्रियताको लागि सहिद हुनुभएको उहाको नाम सँग जोडेर केहि कार्यक्रम ल्याउनुर्छ भनेर सबै माननीय हरुले राख्नु भएको छ। तपाइहरको सुझावमा प्रदेश सरकार सहमत छ त्यो अनुसार बजेट जोडेर अगाडि बढ्ने पनि छ । सभामुख महोदय यो सँगै बिगतका निरन्तरका कार्यक्रम छुटेका छन भनेर पनि म सभामुख महोदय सदनलाइ के जानकारि गराउन चाहान्छु भने निरन्तर चलेको कार्यक्रम छुट्दैन नीति तथा कार्यक्रममा जति उल्लेखित भए त्यो एउटा कुरा हो तर गत बर्षको बजेटमा नै सामेल भै सकेका कुराहरु यो बर्षको बजेटमा सामेल गरेर अगाडि बढिन्छ , त्यो द्धारिका देबिको नाउमा चलेको कार्यक्रम होस , त्यो दशरथ सहिदको नाममा चलेको होस, त्यो भिमदत्तको नाउमा चलेको होस , अन्य नाउमा चलेका कार्यक्रमलाइ प्रदेश सरकारले आफनो निरन्तरता दिने छ यो कुरा पनि म सभामुख महोदय मार्फत प्रदेश सरकारलाइ जानकारी गराउन चाहान्छु । कुनै पनि छुट्दैन छोड्ने कुरा हुदैन यहा धेरै कुरा ऊठिसकेका छन हामीले त्यो अनुसार पनि अगाडि बढ्ने छौ । यो सँगसँगै प्रदेश सभाको कुराहरु उठेको छ । प्रदेश सभालाइ कसरि सम्मान गर्ने सभामुख महोदय प्रदेश सभा र प्रदेश सभाका सदष्यहरु हामी पनि अहिले मन्त्रीभए पनि प्रदेश सभाकै सदस्य हौ र यसको सम्मान गर्ने क्रममा प्रदेश सरकारले बिगतमा पनि कमी गरेको छैन अब पनि त्यो कमि गर्ने कुरा हुदैन त्यो हुनै सक्दैन सभामुख

महोदय मार्फत म माननीय सदस्यहरुलाइ आग्रह गर्न चाहान्छु । यो कुरा तपाइ हामीहरुले अभिब्यक्त गर्न जरुरि छैन केहि काममा समन्वय नभएको हुन सक्छ तर यसको अर्थ यो होइन माननीय ज्युहरुलाइ नै अपमानीत गर्ने भन्ने कुरा हुदैन । त्यसकारणले प्रदेश सेवा सचिवालय र अन्य सचिवालयका कामहरु र प्रदेश सभाका सांसदहरुलाइ जोडेर जानका लागि के कार्यक्रम राम्रो हुन्छ जे सुझाब माननीय सांसदहरुले राख्नु भएको छ त्यो अनुसार छलफल गरेर प्रदेश सरकार अगाडि बढ्न तयार च यो कुरा पनि म सभामुख महोदय मार्फत जानकारि गराउन चाहन्छु । यो सँगसँगै कैयौ सुझाबहरु राख्नु भएको छ । कृषि अनुसन्धान केन्द्र स्थापना गर्ने कुरा त्यसको लागि पनि हामीले नसोचेको होइन एउटा अध्ययन गरेर अगाडि बढ्नु पर्छ भन्ने कुरामा हामीलागि राखेका छौ र त्यो अगाडि बढ्छ । यो सँगै एउटा महत्वपुर्ण कुरा पनि हामी सँग भएको प्राकृतिक स्रोतलाइ परिचालन गर्ने कुरामा हामीले अहिले सम्म गर्न सकेका छैनौ । जल स्रोतको कुरा होस, चाहे खानीको कुरा होस, चाहे हाम्रो पहाडमा रहेका शिलाको कुरा होस । जोलाइ हामीले घरमा लगाउछौ त्योलाइ मार्बलमा परिणत गर्ने कुरा हुन त्यो रोकिएका छन । ति भएका छैनन् अहिले सम्म तर प्रदेश सरकारले अहिले त्यलाइ अगाडि बढादनका लागि संघिय सरकारको समन्वयमा हामी अगाडि बढाउनका लागि कार्यक्रम सारेका छौ र हामी अगाडि पनि जानै छौ र यलाइ अलिकति ब्यवस्थित रुपबाट लियर जाने क्रममा प्रदेश सरकार अध्ययन गरेर अगाडि बढ्ने छ । यो सँगै ऊर्जाका कुरा पनि यहा आयको छ सभामुख महोदय हाम्रो प्रदेश सबै भन्दा धेरै जलस्रोत भएको प्रदेश हो । सबै भन्दा धेरै ऊर्जा पनि उत्पादन गर्न सक्ने प्रदेश हो कैयौ योजनाहरु जो बर्षौ देखि हाम्रो बिपक्षको माननीय ज्युले भन्नु भयो कि बर्षौ देखि भन्दा भन्दा हाम्रा कपाल पनि फुलिसके भनेर हुन पनु हो यो सेतिका कुरा भयो बर्षौ देखि सुनेका छौ । तर यो अहिले सम्म हुन सकेको छैन सभामुख महोदय मार्फत सम्मानीय सदनलाइ म जानकारि गराउन चाहान्छु । र संघिय सरकारलाइ आग्रह पनि गर्न चाहान्छु कि अब पश्चिम सेतिको कुरा बजेटमा ल्याउने मात्र होइन यलाइ सञ्चालन गर्नु पर्छ र त्यसमा प्रदेश र स्थानिय तह जनतलाइ जोडेर आफ्नै रकमबाट संघिय सरकारले सञ्चालन गरोस र त्यसका लागि प्रदेश सरकार पहल गर्ने छ यो कुरा पनि म यहा राख्न चाहान्छु । र यो सँगै हामीले हाम्रो प्रदेश अधिकारका कुरा हरु छन २० मेगावाट सम्म गर्ने अधिकार छ हामीलाइ गत बर्ष पनि हामीले राख्यौ अध्ययन पनि शुरु भएको छ डिटेल अध्ययनको लागि प्रकृया अगाडि बढेको छ र हामीले नीति कार्यक्रममा राखेका छौ सम्भव भयो भने यहि आ.ब भित्र ०७७|०७८ मा नै हामीले सञ्चालन गर्नु पर्छ । त्यसको मोडेल तयार गर्नु पर्छ त्यो प्रदेश सरकार, स्थानीय तह, सहकारि, नीजि र जनतालाइ सहित जोडेर अगाडि बढाउनुपर्छ भन्ने मा प्रदेश सरकार प्रतिबिद्ध छ र हामी त्यलाइ अगाडि पनि बढाउछौ । र तयो बाट सुदुरपश्चिमको समग्र बिकास जोडेको छ भन्ने कुरामा प्रदेश सरकार चिन्तित छ र हामी त्यो अनुसार अगाडि बढ्न पनि तयार छौ । सभामुख महोदय मार्फत म यो सदनलाइ जानकारि गराउन चाहान्छु । हाम्रा प्रतिपक्षका सांसदहरुले केहि कुरा राख्नु भएको छ यो प्रतिपक्षलाइ दुश्मन ठान्नु भएन म सभामुख महोदय मार्फत म केहि जानकरि गराउन चाहान्छु भने प्रदेश सरकारले कहिल्यै पनि प्रतिपक्षलाइ

त्यस्तो ठानेको छैन । त्यो कुरा कसैले बुज्न जरुरि छैन हामीले सल्लाह सुझाव लियर नै अधिकतम कामहरु अगाडि बढाईरहेका छौ केहिकुरामा हाम्रो असमति हुन सक्छ राजनीतिक हिसाबबाट हाम्रो असमति हुन सक्छ प्रशासन शासन चलाउने कुरामा तलमाथि हुन सक्छ तर मुल स्पिडमा सुदुरपश्चिमको बिकासको समग्रमा प्रदेश सरकारले सबै पक्षलाइ मिलायर जाने बिगतमा पनि गरेको हो र अझ पनि गर्ने नै छ । केहि कुरा उठेका छन गत बर्षको बजेट केहि असन्तुलन भयो भनेर पनि कुरा उठे सभामुख महोदय त्यसमा सत्ता पक्ष प्रतिपक्ष सबैको आवाज थियो । हामीले त्यो कुरा गरेका हौ राखेका हौ तर तयो कुरालाइ सन्तुलन गर्दै जाने क्रममा । मैले अगि पनि भने हाम्रो सिस्टम हाम्रो कार्यशैलिले केहिकाम कार्यो र त्यसपछि हामी कोरोनाबाट संक्रमित भएर त्यो काम हुन सकेन । यो डल्लो भने जुन कुरा छ यो कुरा यो बर्षको बजेटमा हामी त्यो राख्ने वाला छैनौ सभामुख महोदय मार्फत म सबै सम्मानित सदनलाइ यो कुरा आग्रह गर्न चाहान्छु कि यो डल्लो बजेट भन्दा पनि जति काम हुन्छन, जति योजना हुन्छन त्यो अनुसार नै बजेट हुनुपर्छ सरकारका बिशिष्ट कार्यक्रम र केहि सरकारका आफ्ना योजनाहरु बाहेक अरु काममा योजना तोकेर जानुपर्छ भन्ने मा प्रदेश सरकार तयार छ र त्यो अनुसार हामी जाने पनि सदनलाइ म जानकारि गराउन चाहान्छु । र यसमा सबैका योजनालाइ सम्बोधन गर्ने तिर यहा सत्ता पक्ष प्रतिपक्ष भन्दा पनि सबै माननीयहरु जनताका प्रतिनीधि हुन त्यो अनुसारले हामीले व्यवहार गर्ने कुरामा प्रदेश सरकार पछि हट्दैन यो कुरा राख्न चाहान्छु । र लामो समयसम्म सत्ता चलायको हाम्रो प्रतिपक्षलाइ यो कुरा राम्रै सँग थाहा छ कि सत्ता चलाउदा खेरि सरकार चलाउदा खेरि कार्यक्रम बनाउदा खेरि कसरि बन्छन, कसरि जानुपर्छ र कसरि हामी बिगतमा गयका हौ भन्ने कुरा पनि सबैलाइ थाहा छ त्यसकारणले म सबैलाइ आग्रह गर्न चाहान्छु प्रदेश सरकार सभामुख महोदय कसैलाइ पनि काखा र पाखा गरेर जानै छैन यो कुरा म जानकारि गराउन चाहान्छु । यो सँगै बिगतमा हाम्रो केहि योजनाहरु कार्यान्वयन हुन सकेन राम्रा राम्रा योजना पनि यहा प्रश्न उठेको छ राम्रा योजना पनि हामिले संबोधन गर्दा गर्दै पनि कार्यान्वयन नभएकाले केहि प्रदेश सरकार माथि केहि प्रश्न चिन्ह उठेको छ यसको बारेमा म मात्र के भन्न चाहान्छू भने बिगतका राम्रा कार्यक्रमलाइ निरन्तरता दिने कुरा त्यलाइ अगाडि बढाउने कुरा यलाइ हामीले व्यवस्थित रुपबाट अब कार्यान्वयनमा जाने कुरामा अब प्रदेश सरकार प्रतिबद्ध छ यति कुरा मात्रै म भन्न चाहान्छु । त्यो सुपथ मुल्य पसलको कुरा होस , बसको कुरा होस अन्य कुरा होस  यस्ता राम्रा कार्यक्रमहरु हामीले जडिबुटि प्रशोधनको कुरा होस हामीले अगाडि बढाउने नै छौ । सभामुख महोदय संघिय सरकारको जडिबुटि कम्पनि सँग प्रारम्भिक सम्झौता पनि हामी गर्न सफल भएका छौ । अब हाम्रो प्रदेशमा जडिबुटि प्रशोधन कम्पनि खोल्ने कुरा र हाम्रो प्रदेशमा भएका जडिबुटि प्रशोधन गरेर रोजगारि दिने कुरा यसको ब्यवस्थापन गर्ने मा प्रदेश सरकार कटिबद्ध छ र यो अनुसार प्रदेश सरकार अगाडि बढ्ने छ । साना उद्योहगहरुलाइ, लघुउद्योगहरुलाइ अहिले को आवश्यकता भनेको हाम्रा गाउमा के कुरा छन त्यलाइ उद्योगमा प्रयोग गरेर हामी बजारमा कसरि ल्याउन सक्छौ । बजारमा उत्पादन भएको कुरालाइ गाउमा कसरि लान सक्छौ र गाउमा उत्पादन भएको

कुरा कसरि बजारमा लान सक्छौ भन्ने कुरा चुनौतिको बिषय छ र यलाइ मध्यनजर गरेर हामी अगाडि बढ्ने प्रयास गरिराखेको छौ र् हामी अगाडि पनि बड्छौ । स्वरोजगार कोषको पनि कुरा उठेको छ स्वरोजगार कोष पनि हामीले स्थापना गर्यौ बिधि प्रकृयाहरु पुरा पनि भएका छन तर त्यालाइ कार्यान्वयनमा ल्याउन पनि ढिला भयो तर अहिले त्यसमा आवश्यकता अझ धेरै भएको छ त्यसको महत्व अजै बढेको छ । त्यसकारणले स्वरोजगार कोषलाइ अझै भारत लगायत अरु देशमा काम गरेर आउनु भएका हाम्रा दाजुभाइ हरु जोले केहि सिकेर आउनु भएको छ केहि गर्ने ईच्छा छ तर आर्थिक छैन त्यसतोलाइ हामिले त्यो स्वरोजगार कोष मार्फत बिना धितो ऋण दिने कुरा मूख्य कुरा हो र त्यो अनुसार प्रदेश सरकार अगाडि बढ्ने छ हामीले भनेका छौ अब श्रम गर्नेहरु श्रमको एउटा कुरा र स्वरोजगार आफु पनि स्वरोजगार हुने र अरुलाइ पनि रोजगारि सिर्जना गर्ने दोस्रो पाटो र यो सँगै लगानी भित्र्याउने कुरा र हामी ठुलो लगानी ल्याउनका लागी संघिय सरकार मार्फत ठुलो लगानी ल्याउने कुरामा पनि प्रदेश सरकार कटिबद्ध छ र नीति कार्यक्रम र बजेट त्यो अनुसार हामीले पार्ने पनि छौ र यो कुरा पनि म सभामुख महोदय मार्फत म सम्मानित सदनलाइ जानकारि गराउन चाहान्छु । हामीले केहि शुरुवात गर्न खोजेका छौ बालबालिका खासगरि बालिका हरु हाम्रो चेलिहरु जन्मे बितिकै महिलाहरुमा जन्मने बितिकै समस्या देखिने गरेको छ । सभामुख महोदय हाम्रो समबिधानले हाम्रो कानुन ले अधिकार दिय पनि समाजमा त्यो अधिकार प्राप्त भएको छैन चिन्तनमा समस्या छ सोचमा समस्या छ समाजमा । त्यसकारणले प्रदेश सरकारले चेलिहरहलाइ जन्मने बितिकै बिमा गर्ने कुरा र त्यति मात्र नभएर एउटा अभियानको रुपमा महिला माथि हुने हिंशा छ चाहे तयो सामाजिक रुपबाट होस, त्यो लैंगिक रुपबाट होस , त्यो घरेलु रुपवाट होस , त्यो अन्य कुनै रुपबाट होस त्योलाइ रोक्नाको लागि एउटा अभियान गर्नु पर्छ भनेरहामीले भनेका छौ र त्यो अनुसार हामी तिवटै सरकार मिलेर अगाडि बड्नेमा प्रदेश सरकार तयार छ । सभामुख महोदय यो सँगै छुवाछुतको कुरा उठेको छ हाम्रो दलित समुदाय अहिले संबिधानले अधिकार दिय पनि कानुनले अधिकार दिय पनि छुवाछुत गर्न हुन्न भने पनि त्यो प्रकारको अबस्था अहिले पनि छ । यलाइ अन्त्य गर्नाकालगि पनि एउटा सामाजिक अभियान नगरि यो हुदैन भन्ने बुजियको छ किनभने कानुन मात्रै भएर लेखेर मात्रै त्यालाइ कार्यान्वयन गर्ने हाम्रो सोच भएन भने नहुदो रहेछ त्यसकारणले यसको लागि पनि प्रदेश सरकार एउटा छुवाछुत रहित प्रदेश बनाउनका निम्ति पनि एउटा सामाजिक अभियान सञ्चालन गर्नु पर्छ भनेर प्रदेश सरकारले सोचिराखेको छ र यो पनि म सभामुख महोदय मार्फत जानकारि दिन चाहान्छु । यो सँगै छुटेका सभामुख महोदय माननीय ज्युहरुले उठाउनु भएका हलिया, मुक्त कमैया, बादि लगायत त्यस्ता जो छुटेका छन तिनिहरुलाइ पुनः एकचोटि नामकरन गर्नु पर्छ भन्ने पनि हामीले राखेका छौ । त्यो प्रदेश सरकारले अगाडि बढाउछ । खास गरेर दलित समुदायको जग्गा छ उपयोग छ तर लालपुर्जा छैन यसको लागि पनि के गर्ने भन्ने कुरा प्रदेश सरकारले कसरि कार्यक्रम ल्याउने भन्ने कुरा सोचिराखेको छ र यहा माननीय ज्युहरुका सुझाब पनि सराहनीय छन र हामीले अगाडि बढाउने छौ । सभामुख महोदय यो सँगै स्वरोजगारका कुराहरु, कृषिका कुराहरु,

पर्यटनका कुराहरु यद्यपि अहिले पछिल्लो समयमा कोरोना को कारणले पर्यटन व्यवसाय सबभन्दा डुबेको छ अब यसलाइ आन्तरिक पर्यटन हरु कसरि बढाउन सकिन्छ हाम्रो सुदुरपश्चिम मा रहेक पर्यटकिय स्थललाइ कसरि भन्ने बिषयमा गत बर्ष नै हामीले पर्यटकिय करिडोरको हिसाबबाट गर्ने भनेका थियौ तर त्यो काम त्यति व्यवस्थित हुन सकेन अब यस बर्ष हामीले शुरुवात गर्ने अब शुरु मात्रै होइन निर्माण कार्य अगाडि बढायर हाम्रा गन्तव्य हरु अगाडि बढाउने भनेर प्रदेश सरकारले आफ्नो कार्यक्रममा ल्याउछ र सबैका सुझाव हरु पनि आयका छन सभामुख महोदय मार्फत म यो सदनलाइ जानकारि पनि गराउन चाहान्छु हाम्रो क्षेत्रमा रहेका पर्यटन । धार्मिक हुन, प्राकृतिक हुन, ऐतिहासिक पर्यटन स्थललाइ पहिचान गरेर बिकास गर्ने कुरामा हामी प्रदेश सरकारर तयार छौ र यतो सँगै र यहा सभामुख महोदय यो स्वयम सेवक को सन्दर्भमा धेरै कुरा उठे मला लाग्छ स्वयम सेवक कार्यकर्ता भर्ना गर्नको लागि ल्याको होइन । त्यो स्वास्थ्यको लागि होस , त्यो काममा होस । त्यो अन्य कुनै क्षेत्रमा होस कृषि लगायत त्यसकारणले त्यसतोमा परिचालन गर्नाको लागि हामीले स्वयमसेवक एउटा प्रतिस्पर्धामा स्वयम सेवक भर्ना गर्ने कुरा गरेका छौ र अज पनि ग्रने छौ । यति मात्र होइन अहिले रोजगारि सिर्जना गर्नको लागि त्यो आवश्यक हुनाले त्यसमा कुनै पनि संका नगर्न म सभामुख महोदय मार्फत आग्रह गर्दै यो कुरालाइ पनि हामी व्यवस्थित तरिकाले अगाडि बढाउने नै छौ । रयो सँगै हामीले कैयौ कामहरु गर्नु पर्ने छ मैले अगि पनि भने रोजगारि सिर्जना यउटै सेक्टरमा मात्रै होइन कृषिमा, स्वास्थ्यमा, पर्यटनमा सबै क्षेत्रमा रोजगारि सिर्जना गर्ने यकिकृत योजना ल्याउने प्रदेश सरकारको मुख्य योजना रहेको छ र त्यो अनुसार हामी अगाडि पनि बढिराखेका छौ र सभामुख महोदय हाम्रो सुदुरपश्चिममा कैयौ गौरवका योजनाहरु छन जो संघिय सरकारबाट सञ्चालित छन ति योजनाहरु लाइ छिटो भन्दा छिटो सम्पन्न गर्नेमा सभामुख महोदय मार्फत म संघिय सरकारलाइ आग्रह गर्न चाहान्छु । त्यो रानिबनको कुरा होस , हुलाकि सडकको कुराहोस, महाकालि लोकमार्ग, सेति लोकमार्ग खुटिया लोकमार्ग लगायतका लोकमार्ग जो सञ्चालित छन त्यलाइ छिटो छरितो र प्रायोरटिमा राखेर सञ्चालन गर्नु पर्छ र त्यो कुरा म सभामुख महोदय मार्फत संघिय सरकारलाइ पनि आग्रह गर्न चाहान्छु । हाम्रा कञ्चनपुर लगायत पहाडि जिल्लामा बिमानस्थन बन्द छन सञ्चालनमा आयका छैनन् । टिकापुर बिमानस्थलको पनि कुरा उठेको छ पहाडि जिल्लामा त धेरै जिल्लामा पिच भैसकेका छन बिमानस्थलहरु, अछाममा, डोटिमा, बैतडिमा तर पिच मात्र भएर केहि नहुदो रहेछ यो फेरि संघिय सरकार मार्फत भएको कारणले हामीले यसको लागि तिनलाइ सञ्चालनको लागि र स्तरउन्नति नभएको जिल्लाहरुमा स्तरउन्नतिको लागि संघिय सरकारलाइ आग्रह पनि म गर्न चाहान्छु । सभामुख महोदय यसमा लक्षित बर्गलाइ पनि कार्यक्रम राखियको छ त्यो कार्यक्रमलाइ हामीले बिस्तृत रुपबाट लागु गर्ने कुरा चाहे त्यो जनआन्दोलनका बेला घाईते हुन , सहिद परिवार हुन , जनयुद्दका बेला घाइते सहिद परिवार हुन सबैलाइ राहत दिने कुरा महिला, दलित, जनजाति यहाँ सभामुख महोदयसबै बाट कुरा उठेको छ यकिकृत रुपबाट किनराखियो त्योलाइ भिन्न गर्नुपर्छ म सभामुख महोदय मार्फत के जानकारि सदनलाइ गराउन चाहान्छु भने बजेट निर्माण गर्दा हामिले यलाइ भिन्न भिन्न रुपबाट अगाडि साछौं

किनभने नीति बनाउदा खेरि यकिकृत रुपबाट ल्याउने कुरा । नीति भनेको एउटा सिद्धान्त र सिद्धान्तलाइ ब्यवहारमा उतार्दाखेरि बिकेन्द्रिकृत रुपबाट ल्याउने भएको कारणले हामीले त्यो अनुसार ल्याउने छौ त्यो सामाजिक कुरा होस , त्यो महिलाको कुरा होस , त्यो दलितको बिषय होस, घाइते अपाङ्गको कुरा होस, लोपोन्मुख जातीकोकुरा होस , अन्य बिषयको कुरा होस यलाइ हामीले भिन्न भिन्न रुपबाट बिगतमा पनि सञ्चालित छन र यलाइ हामी सञ्चालन गर्नाकोलागि अगाडि बढ्ने छौ । सभामुख महोदय यहा धेरै कुरा उठेको छ भ्रष्टाचार न्युनिकरणको कुराहरु भ्रष्टाचारलाइ रोक्ने कुराहरु र शुशानलाइ ल्याउने कुराहरु । सभामुख महोदय मार्फत म सदनलाइ जानकारी गराउन चाहन्छु । भ्रष्टाचारलाइ सहन सकिदैन भ्रष्टाचारलाइ रोक्नुपर्छ र भ्रष्टाचारलाइ रोक्नाका लागि हामी सबै एक ठाउमा हुन जरुरि छ बिगत देखि नै यो एउटा अर्को संक्रामक रोग जस्तो यो भ्रष्टाचारि नेपली समाजमा भएको दैखिन्छ तर यलाइ रोक्नाको लागि हामी जनप्रतिनिधिले मात्रै नपुग्दो रहेछ । सभामुख महोदय सिस्टमलाइ रोक्ने कुरा र आम रुपबाट भ्रष्टाचार भएको हुन्छ त्यलाइ सबैले रोक्ने कुरा नै मुख्य कुरा यसमा पहल कदमी दिने कुरा सरकारको हो मुख्य दायीत्व सरकारको हो । सभामुख महोदय हाम्रै सुदुरपश्चिममा कतिपय मान्छेहरु रेड ह्यान्ड समातियका छन यो रोकथामकै चरण हो । बाहिर कुरा उठेको हुन्छ भ्रष्टाचार बढेको छ भ्रष्चार रिक्नाका लागि मान्छेलाइ भ्रष्टाचार त्यो घुस लिदा खेरि समात्ने कुरा मुद्दा लाग्ने कुरा कारबाहि हुने कुरा त भ्रष्टाचार रोक्ने प्रयाशकोशुरुवात हो भनेर बुज्न पर्ने हुन्छ सभामुख महोदय म यो सदनलाइ जानकारि गराउन चाहान्छु । र प्रदेश सरकारले कुनै पनि सेक्टरमा हुने भ्रष्टाचारलाइ सहन सक्दैन कारबाहि हुनपर्छ यदि कुनैको बिषयमा पनि तथ्य सहिद कुरा उठ्छ भने त्यसलाइ कारबाही गरनमा प्रदेश सरकार पछि पर्दैन । सभामुख महोदय मार्फत सम्मानीत सदनलाइ म यो जानकारि गराउन चाहान्छु । यो सँगै कार्यालय स्थापनका कुराहरु पनि उठेका छन सभामुख महोदय यो महत्वपुर्ण कुरा हो हामिले यसको लागि शुरुवात पनि गरेका छौ यहा हामीले सामाजिक बिकास मन्त्रालय अन्तर्गत भनेका छौ सबभन्दा ठुलो संटक यहा आयको छ । किनभने सामाजिक बिकास मन्त्रालय अन्तर्गतका कुनै कार्यालय तल छैनन् र यलाइ स्थापना गर्ने कुरा, कृषि कार्यालय स्थापना गर्ने कुरा लगायत एउटा जिल्लमा एकिकृत हिसाबबाट काम गर्ने एउटा प्रदेश कार्यालय भनेर बिकास गर्नपर्छ भनेर पनि प्रदेश सरकारले सोचिराखेको छ र यलाइ पनि हामी आगामि बर्षमा लागु गर्ने छौ किनभने अहिले म एउटा कुरा सभामुख महोदय मार्फत सम्मानीत सदनलाइ म यो जानकारि गराउन चाहान्छु अहिले जुन प्रकारको कुरा हाम्रा प्रदेशका कार्यलयहरुको कुरा न समिक्षा हुन्छ न बैटक हुन्छ , यिनिहरुको मासिक बैठक कले गर्ने भनेर समस्या रहेका छन र यलाइ पनि सेटेलाइज गरेर समस्याहरु त्यलाइ व्यवस्थित गर्ने कुरा त्यो भित्र रहेको भ्रष्टाचार गलत कामहरु छन शुशान दियको छैन त्यसको अनुगमनको लागि पनि प्रदेश बिकासको कार्यालयबाट प्रत्येक जिल्लामा एउटा कार्यालय स्थापना गर्नु पर्छ भन्ने एउटासोच छ र त्यो अनुसार आगामि बर्षमा जाने पनि छौ । सभामुख महोदय मार्फत सम्मानीत सदनलाइ म यो जानकारि गराउन चाहान्छु यो सँगै काम ढिलो हुने कुरा यलाइ अलिकति तिब्र गतिमा अगाडि बढाउने कुरा शुशान भित्र यि सबै कुराहरु पर्ने नै

हुन्छन र त्यलाइ प्रदेश सरकारले ध्यान दिने छ । सभामुख महोदय धेरै कुराहरु उठेका छन , धेरै कुरारहरु प्रदेश सरकारले ग्रहण गर्ने नै छ मैले शुरुमै एउटा शब्द भनेको थिय सभाले आफै सुझाव पनि दियको छ समस्या पनि दर्साएको छ र त्यलाइ कसरि कार्यान्वयन गर्ने भन्ने कुरा पनि भाबाटै आयको हुनाले सभामुख महोदय प्रदेश सरकारले त्यलाइ ग्रहण गर्ने छ सबैलाइ सम्मान हुने गरि प्रदेश सरकार अगाडि बढ्ने छ सबैलाइ सम्मान हुने गरि माननीय सांसदहरुलाइ बिकास सँग कसरि जोड्ने जनतासँग कसरि जोड्ने जनता र जनप्रतिनिधिहरुलाइ कसरि जोड्ने भन्ने कुरा चुनौतिपुर्ण रहेको छ आज बाहिर कुरा उठिराखेको हुन्छ । सभामुख महोदय आज समाजमा जनप्रतिनीधिलाइ बदनाम गर्नाको लागि अहिले यो कुरा ब्यापक रुपमा उठिराखेको छ सामाजिक सञ्जालमा हामीले पाइराखेको छौ यो कुरालाइ हामीले रोक्न जरुरि छ यो व्यवस्थालाइ हामीले सफल पार्न सकेनौ भने यो दायित्व फेरि प्रदेशको सबैभन्दा धेरै हुन आउछ । किनभने प्रदेश यस्तो ठाउमा उभियको छ जहा संघिय सरकार छ जो हिजो देखि सञ्चालित छ उसको आफ्नो सिस्टम छ बिधि छ तरिका छ स्थानिय तह अहिले भएता पनि हिजो देखि काम गर्दै आयका हुन एउटा सिस्टममा भएको । तर केहि पनि नभएको खालि एउटा भुमिमा गयर सबै चिज तयार गरेर काम गर्न खोजेको भनेको प्रदेश हो त्यसकारणले स्वाभिबिक रुपबाट प्रदेश सरकारले छिटो भन्दा छिटो काम गर्न चाहादा चाहादै पनि केहि कुराहरु कम हुने कुरा ढिलो हुने कुरा छ यो कुरालाइ प्रदेश सरकारले ग्रहण गर्दै अबका दिनमा दगर्ने गरेर हामी प्रदेश सरकार काम गर्ने छ । सभामुख महोदय मार्फत सम्मानीत सदनलाइ म यो जानकारि गराउन चाहान्छु र यो सँगै प्रदेश सरकारले गर्नुपर्ने कामहरु प्रदेश सरकारले गर्न नसकेका कामहरु साझेदारिमा गर्न पर्ने कामहरु पनि त्यहि अनुसार हामी अगाडि बढाउने छौ र हामी अगाडि बढ्ने छौ र अहिले यहा एउटा कुरा प्रदेश सरकारले गरेको काम पनि प्रचार हुन सकेन । त्यसमा के भयो त किन सकेन त भन्ने कुराहरु पनि चन त्यसको लागि कसरि व्यवस्था गर्ने एउटा कुरा त प्रदेशले गरेका कामहरुलाइ प्रचार नै नहोस भन्ने पनि प्रबृति छ र यो सँगै एउटा केहि हाम्रो पनि केहि प्रदेश सरकारले अगडि बढाउन नसकेको हुनसक्छ । र अर्को कुरा संघियता भनेको नै प्रदेश सरकार हो संघियताको मुल मर्म भनेको नै प्रदेश हो प्रदेश सफल भयो भने संघियता पनि सफल हुन्छ । हुनसक्छ कुनै एउटामन्त्री असफल होला एउटा कुनै पार्टिले सञ्चालन गरेको सरकार असफल होला तर व्यवस्था सिस्टम र हामी आम नेपाली जनताले लामो समयको संघर्ष बाट ल्याको यो व्यवस्थालाइ असफल गर्ने काम कहिबाट हुन हुदैन र यसमा म सभामुख महोदु मार्फत म सबैलाइ अनुरोध गर्न चाहान्छु । र आम नागरिकहरुलाइ आग्रह गर्न चाहान्छु । सञ्चार क्षेत्रलाइ आग्रह गर्न चाहान्छु, बिद्धिक बर्गलाइ आग्रह गर्न चाहान्छुर आम नागरिकलाइ आग्रह गर्न चाहान्छु कि यो व्यवस्थालाइ सफल पार्ने हाम्रो दायीत्व हो हाम्रो भुमिका हो हाम्रो कर्तब्य हो । त्यो बाट प्रदेश सरकार पछाडि हट्दैन तर त्यलाइ रचनात्मक सहयोग को आवश्यकहुन्छ । सवैको सहयोगको आवश्यकता हुन्छ त्यो पाउनमा पनि प्रदेश सरकार आशा बादि छ यो कुरा पनि म सभामुख महोदय मार्फत सम्मानीत सदनलाइ म यो जानकारि गराउन चाहान्छु । र अन्त्यमा यहा उठेका महत्वपुर्ण कुराहरु चाहे त्यो सत्ता पक्षका

माननीयहरुले उठाउनुभएको होस , प्रतिपक्षका माननीय ज्युहरुले उठाउनु भएको होस यि कुराहरुलाइ ग्रहण गरेर यलाइ एउटा गाइड लाइन मानेर यलाइ एउटा मुल उद्देश्य मानेर प्रदेश सरकार अगाडि बढ्ने छ र सभामुख महोदय मार्फत यसमा सबैले सहयोग गर्न पनि म आग्रह गर्न चाहन्छु । यहा भावनात्मक कुराहरु उठे, यहा आक्रोशमा पनि कुरा उठे, यहा सुझावमा पनि कुरा उठे जे भए पनि सबैको ध्येय , सबैको उद्देश्य सबैको यउटै धारणा के हो भने सुदुरपश्चिम प्रदेश सफल हुनुपर्छ , सुदुरपश्चिम प्रदेशको सरकार सफल हुनुपर्छ, सुदुरपश्चिम का जनताहरु सफल हुनुपर्छ । सुदुरपश्चिम हिजो जसरि सुदुरपश्चिम भयो यकाग्र राज्य व्यवस्थामा अहिले त्यो हुन हुदैन भन्ने कुरामा सबैको एक मत छ यो कुरा नै सबैभन्दा ठुलो कुरा हो त्यसकारणले यो कुरालाइ म सभामुख महोदय मार्फत धन्यवाद दिनचाहान्छु र म यो कुरा मा सहयोग होस भन्नमा म आग्रह गर्न चाहान्छु । सँगै हामीले नीतित तथा कार्यक्रम बनाउदा हामीले अहिलेसम्म कोरोना संक्रमणको रोकथामको लागि गरेको काम को होस वा अन्य काममा होस जसरि सबै बाट सहयोग भएको छ जसरि सबैले सहयोग गर्नु भएको छ म फेरि धन्यवाद पनि दिन चाहान्छु र प्रदेश प्रमुखलाइ पनि प्रदेश सरकारको तर्फबाट पनि बिशेस धन्यवाद दिन चाहन्छु कि उहाले प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेशममा प्रस्तुत गर्नु भयो र उहालाइ बिशेस धन्यवाद दिन चाहान्छु । सवै माननीय सांसद ज्युहरुलाइ धन्यवाद दिन चाहान्छु । र आम सुदुरपश्चिम बासिहरुलाइ बिशेस धन्यवाद दिन चाहान्छु र मुल बिषयमा हामी सहमत छौ र कसैका केहि भनेका कुराहरु नआयका हुन सक्छन । सभामुख महोदय मार्फत सबै माननीय ज्यहरुलाइ आग्रह गर्न चाहान्छु मैले भनिहाले स्पिडमा हामी सहमत छौ , प्रदेशको बिकास गर्नेमा हमी सहमत छौ , प्रदेश बनाउनेमा सहमत छौ बिगतमा रोकियका कामहरुलाइ अगाडि बढाउनेमा सहमत छे अहिलेको नीति तथा कार्यक्रम सबैले स्वागत गर्नु भएको छ र यलाइ कार्यान्यिवन गर्ने कुरामा हामी सहमत छौ र यसमा तपाइहरुको साथ रहने छ भन्ने बिश्वास छ यति कुरा राख्दै सवैलाइ सभामुख महोदय मार्फत धन्यवाद दिदै म आफ्ना कुरा यहि अन्त्य गर्नछु ह्रस्त धन्यवाद ।

**५.माननीय सदस्यहरु,**

अब म प्रदेश सरकारको आर्थिक बर्ष २०७७०७८ को बार्षिक नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३८ को उपनियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आर्थिक बर्ष २०७७०७८ को बार्षिक नीति तथा कार्यक्रम सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**६.माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १५० को उपनियम (१) बमोजिम माननीय प्रकाश बहादुर रावललाई विधायन तथा प्रदेश मामिला समितिको सदस्यमा मनोनित गरेको जानकारी गराउदछु ।

**७.माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल जेष्ठ २५ गते आईतबारबार बिहान८.०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।